# प्रदेश नं २ को
# जनसाङ्ख्यिक स्थिति



प्रदेश सरकार
**प्रदेश नीति तथा योजना आयोग**
प्रदेश नं. २
जनकपुरधाम, नेपाल

मंसिर, २०७६

# प्राक्कथन

सङ्घीय लोकतान्त्रिक गणतान्त्रिक नेपालको सातवटा प्रदेशहरु मध्ये प्रदेश नं. २ सामाजिक, सांस्कृतिक, भौगोलिक, आर्थिक, जनसाङ्ख्यिक लगायतका दृष्टिकोणले विशिष्ट विशेषतायुक्त रहेको छ। यही वैशिष्ट्यतालाई प्रदेशको नीति तथा योजना आयोगले समग्र रुपान्तरणको मार्ग चित्र कोर्न नवीनतम् कार्यहरुको सुरुआत गरेको छ। आर्थिक समृद्धि हासिल गर्दै यहाँका जनताको समग्र जीवनस्तरमा कायापलट ल्याउने मार्गमा अग्रसरता प्रारम्भ गरेको छ । हरेक क्षेत्रका विकासका नयाँ नयाँ आधार सिर्जना गर्ने कार्य अगाडि वढिरहेको छ । यसैको एक पाइला प्रदेश नं. २ को जनसाङ्ख्यिक स्थितिको प्रकाशन हो ।

विकासका सम्पूर्ण क्रियाकलापको केन्द्रीयतामा जनसङ्ख्या नै रहेको हुन्छ। विकासका नीति योजना तयार गर्दा प्रदेशको जनसाङ्ख्यिक स्थिति, जनसङ्ख्या परिवर्तनका तत्व, जनसङ्ख्यासँग सम्वद्ध शिक्षा, स्वास्थ्य लगायत विविध सामाजिक पक्षहरु अति आवश्यक हुन्छन् । साथै प्रदेशको आर्थिक क्रियाकलापमा जनसङ्ख्याको सहभागिता तथा युवा जनसङ्ख्याको स्थिति लगायतका पक्षहरुले पनि त्यतिकै महत्व राख्छन् । यी महत्वपूर्ण तथ्य सहितको यथार्थ चित्रले मात्र प्रदेश तहमा योजना निर्माण तथा कार्यान्वयनमा सहजता प्रदान गर्छ। यी उद्देश्य राखि पहिलो पटक प्रदेश नं. २ को जनसाङ्ख्यिक स्थिति तयार पारिएको हो ।

प्रतिवेदनमा प्रक्षेपित जनसङ्ख्या, महिला घरमूली हुने परिवारको स्थिति, प्रजनन तथा प्रजनन स्वास्थ्य, वैवाहिक स्थिति, प्रजनन दरहरु, गर्भ निरोधका साधनहरुको प्रयोगको स्थिति, मातृ स्वास्थ्य सेवा प्रयोगको स्थितिलाई उल्लेख गरिएको छ । प्रतिवेदनमा स्वास्थ्य संस्थामा सुत्केरी नगराउनुको कारण, शिशु मृत्युदर, वाल मृत्युदर, मातृ मृत्युदर, बसाईं सराईको स्थिति, जनसङ्ख्याका सामाजिक पक्षहरु, घरायसी सुविधाको स्थिति, जनसङ्ख्याका सामाजिक पक्षहरु, शैक्षिक स्थिति, प्रमुख जातजातिहरु, प्रदेश नं. २ मा बोलिने प्रमुख भाषाहरु, धर्मको आधारमा जनसङ्ख्या वितरण, गरीवीको स्थिति, महिला विरुद्ध हिंसा, अपाङ्गता भएका जनसङ्ख्याको अवस्था, श्रमशक्ति तथा रोजगारीको स्थिति, आर्थिक रुपमा सक्रिय र निष्क्रिय जनसङ्ख्या, वैदेशिक रोजगारीमा जाने हरुको स्थिति, युवा जनसङ्ख्याको अवस्था, पोषण तथा रोगहरुको अवस्था लगायतका सूचनाहरु समावेश गरिएको छ ।

प्रतिवेदन तयार गर्न विभिन्न स्रोतहरुबाट उपलब्ध प्रदेश तथा यस अन्तर्गतका जिल्ला तथा स्थानीय तहहरुको जनसङ्ख्यासँग सम्बद्ध तथ्याङ्कहरु सङ्कलन तथा विश्लेषण गरिएको छ । एकीकृत रुपमा प्रस्तुत गरिएको जनसाङ्ख्यिक प्रतिवेदनले प्रदेशको

भविष्य निर्माण तथा प्रगतिमा सहयोग पुऱ्याउन मद्दत गर्ने विश्वास लिएको छु ।

प्रतिवेदनमा विभिन्न सरकारी कार्यालय तथा अन्य विश्वसनीय स्रोतहरुबाट प्रकाशित भएका तथ्याङ्कहरुलाई प्रयोग गरिएको छ । प्रयोग गरिएका तथ्याङ्कका मुख्य स्रोतहरूमा राष्ट्रिय जनगणना २०११, नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०१६, नेपाल श्रम शक्ति सर्वेक्षण २०१७, नेपाल मानव विकास प्रतिवेदन २०१४, नेपाल सरकार अन्तर्गतका विभिन्न मन्त्रालय तथा विभागहरुबाट प्रकाशित वार्षिक प्रतिवेदन तथा अन्य प्रकाशनहरु रहेका छन् ।

यो जनसाङ्ख्यिक स्थिति तयार पर्नको लागि सहयोग गरेकोमा यूएनएफपीए नेपाल अफिस (UNFPA Nepal) प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु। यूएनएफपीएको सहयोगमा यो प्रतिवेदन तयार गर्नुहुने डा. रमेशबाबु काफ्ले र डा. कोमलप्रसाद दुलाल प्रति विशेष धन्यवाद व्यक्त गर्दछु । त्यसैगरी यूएनएफपीएका नेपाल प्रतिनिधि श्री लुब्ना वाकि, सहायक प्रतिनिधि विजय थापा, जनसङ्ख्या र विकास कार्यक्रम अधिकृत श्री तीर्थमान तामाङ र अनुगमन तथा मुल्याङ्कन अधिकृत श्री नेपाली साहको विशेष सहयोगको लागी आभार व्यक्त गर्दछु । प्रदेश नं. २ का यूएनएफपीएका प्रादेशिक प्रतिनिधि श्री नरेन्द्र मिश्र ज्युको समन्वय, सहयोग, सहकार्य र प्राविधिक सहयोगको लागि हृदयदेखि प्रशंसा गर्दै आभार  व्यक्त गर्दछु। साथै  अगामी दिनमा समेत यथावत् सहयोग र सहकार्यको अपेक्षा राखेको छु ।

प्रतिवेदन तयार पार्ने क्रममा प्रदेश नीति तथा योजना आयोग प्रदेश नं. २ का तात्कालिन उपाध्यक्ष माननीय प्राडा हरिबंश झा, माननीय सदस्य ज्यूहरु मोहनलाल चौधरी, डा. सुरेन्द्रकुमार झा, राजकुमार लेखी र डा. वैधनाथ महतोको समय समयमा प्राप्त राय, सल्लाह, सुझाव तथा समन्वयको लागि आभार व्यक्त गर्दछु ।

अन्त्यमा, छोटो अवधिमा तयार पारिएको प्रतिवेदनमा देखिएका कमीकमजोरीहरु औंल्याई सहयोग गरिदिनु हुन आग्रह गर्दछु। प्रतिवेदन तयार गर्ने कार्यमा संलग्न एवम् सहयोग गर्नु हुने सम्पूर्ण विज्ञ, सरोकारवालाहरु तथा सम्बन्धित सबै कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु ।

धन्यवाद ।



डा. भोगेन्द्र झा

उपाध्यक्ष, प्रदेश नीति तथा योजना आयोग

प्रदेश नं. २, जनकपुरधाम, धनुषा

# कार्यकारी सारांश

सङ्घीय संरचना अनुसार प्रदेश नं. २ का आठ जिल्लाहरु (सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, बारा र पर्सा) मा ७७ नगरपालिका र ५९ गाउँपालिका गरी कूल १३६ स्थानीय तह रहेका छन् । सङ्घीय संरचनाको मर्म एवम् भावना अनुसार प्रदेश तथा स्थानीयतहबाट हुने विकासका आम गतिविधि र क्रियाकलाप अघि बढाउन जनसाङ्ख्यिक वस्तुस्थितिको तथ्याङ्क अति आवश्यक पर्दछ । यही आवश्यकतालाई पुरा गर्ने ध्येयले प्रदेश नं. २ को जनसाङ्ख्यिक स्थितिको प्रतिवेदन तयार पारिएको हो । यो प्रतिवेदन प्रदेशको जनसाङ्ख्यिक, सामाजिक-आर्थिक लगायतका विविध विषयवस्तुहरुको द्वितीय स्रोतहरुबाट प्रकाशित तथ्याङ्कहरु सङ्कलन तथा विश्लेषण गरी एकीकृत वस्तुस्थिति विवरण तयार पार्ने मुख्य उद्देश्य राखी तयार गरिएको छ । यसका साथै प्रदेशको आधाभूत सूचनाहरुको एकीकृत वस्तुस्थिति विवरण तयार पार्न, राष्ट्रिय स्तरका विभिन्न सूचकहरुको स्थितिमा प्रदेशको स्थितिको तुलनात्मक अवस्थालाई प्रस्तुत गर्न, प्रदेश तथा स्थानीय तहका योजना, नीति निर्माण तथा कार्यक्रम तर्जमा गर्न आवश्यक आधारभूत सूचनाहरु उपलब्ध गराउनु समेत यस कार्यको ध्येय रहेको छ ।

# जनसङ्ख्याको गतिशीलता

१. प्रदेश नं. २ मा सन् १९९१-२००१ को अवधिमा जनसङ्ख्या वृद्धिदर २.४५ प्रतिशत रहेको छ । यसैगरी, सन् २००१-२०११ मा १.६ प्रतिशतमा रहेको छ । यो राष्ट्रिय जनसङ्ख्या वृद्धिदर १.३५ प्रतिशत भन्दा केही बढी हो । यस प्रदेश अन्तर्गतका आठ जिल्ला मध्ये रौतहट जिल्लामा सबै भन्दा बढी जनसङ्ख्या वृद्धिदर अर्थात् २.३१ प्रतिशत रहेको छ ।

२. सन् २०१९ को प्रक्षेपित जनसङ्ख्या अनुसार प्रदेश नं. २ को कूल जनसङ्ख्या ६१ लाख ५८ हजार ६४९ जना रहने अनुमान गरिएको छ । यसमा लैङ्गिक अनुपात १०१.३ रहने अनुमान गरिएको छ ।

३. सन् २०११ मा सम्पन्न राष्ट्रिय जनगणनाको तथ्याङ्क अनुसार राष्ट्रिय औसतमा परिवारको औसत आकार ४.९ जना प्रति परिवार रहेको छ । तर प्रदेश नं. २ मा यो अनुपात अलि वढी रहेको छ । अर्थात् यस प्रदेशमा ५.८ जना प्रति परिवार

रहेको छ । जिल्लागत तहमा रौतहट सवैभन्दा ठूलो ६.४ जना प्रति परिवार र सप्तरी सबै भन्दा सानो ५.३ जना प्रति परिवार रहेका छन् ।

४. सोही जनगणना अनुसार ०-४ उमेर समूहमा प्रदेश नं. २ को लैङ्गिक अनुपात १०३ रहेको छ । सो अनुपात ६५-७४ उमेर समूहमा १११.५ र ७५ वर्ष भन्दा माथिको उमेर समूहमा १०६.७ रहेको छ । त्यसैगरी एक वर्ष मुनिको जनसङ्ख्याको लैङ्गिक अनुपात १०५.२ रहेको छ । यो राष्ट्रिय औसत भन्दा केही कम हो ।

५. सन् २०११ को जनगणना अनुसार प्रदेश नं. २ को जनसङ्ख्याको उमेर-लिङ्ग संरचनामा युवाहरुको हिस्सा ठूलो रहेको छ । १५-२४ उमेर समूहमा १७.३ प्रतिशत रहेको छ । यसले युवा समूहलाई दक्ष जनशक्तिमा रुपान्तरण गर्ने र आर्थिक-सामाजिक विकासमा लगाउन सकिने प्रशस्त अवसर भएको कुरा सङ्केत गर्दछ । युवा वर्ग विकासका संवाहक शक्ति हुन् ।

६. यस प्रदेशका ७२ प्रतिशत मानिसहरु नगरपालिका क्षेत्रभित्र वसोबास गर्दछन् । प्रदेश अन्तर्गत पर्सा जिल्लामा सबै भन्दा कम ५९ प्रतिशत र रौतहट जिल्लामा सबै भन्दा बढी ९३ प्रतिशत जनसङ्ख्या नगरपालिका क्षेत्रमा वसोबास गर्दछन् ।

७. नेपालमा महिला घरमूलीको सङ्ख्या २६ प्रतिशत रहेको छ । तर यस प्रदेशमा राष्ट्रिय औसत भन्दा आधा कम १४ प्रतिशत मात्र महिला घरमूली रहेका छन् । जिल्लागत स्थितिमा सबै भन्दा बढी सिराहा जिल्लामा २१ प्रतिशत र सबैभन्दा कम रौतहट जिल्लामा ९.५ प्रतिशत महिला घरमूली रहेका छन् । यसैगरी, यस प्रदेशमा २०-२९ उमेर समूहका घरमूली मध्ये महिला घरमूली हुनेको प्रतिशत सबैजसो जिल्लाहरुमा सबै भन्दा बढी रहेको छ । प्रजनन उमेर समूहका महिला घरमूली हुनुले दोहोरो जिम्मेवारीलाई वहन गर्नुपरेको स्पष्ट हुन्छ ।

८. जिल्लागत तहको प्रक्षेपण अनुसार १५-६४ उमेर समूहको जनसङ्ख्याको आकार बढ्दै जाने अवस्था रहेको छ । यसैगरी, ६५ वर्ष माथिको बुढ्यौली जनसङ्ख्या क्रमशः बढ्दै जाने नै देखिन्छ । सन् २०११ को जनगणनामा क्रियाशील जनसङ्ख्या (१५-६४ वर्ष) ५७ प्रतिशत रहेको थियो । यो प्रतिशत सन् २०३१ सम्ममा वृद्धि भई ६५.५ प्रतिशत पुग्ने अनुमान गरिएको छ ।

९. सन् २०११ को जनगणनामा यस प्रदेशको ६५-७४ उमेर समूहको जनसङ्ख्या १ लाख ८९ हजार ४३७ जना रहेका छन् । सन् २०१९ मा जनसङ्ख्या वृद्धि भई २ लाख ४१ हजार ३६५ जना पुगेको प्रक्षेपण गरिएको छ । यसैगरी, सन् २०११ मा ७५ वर्ष माथिको उमेर समूहको जनसङ्ख्या ६१ हजार ७७७ रहेकोमा सन् २०१९ मा सो समूहको जनसङ्ख्या वृद्धि भई १ लाख १७ हजार ४६९ जना पुगेको प्रक्षेपण गरिएको छ । त्यस्तै, सामाजिक सुरक्षा भत्ता पाउने ७०ं वर्ष माथि उमेर समूहको जनसङ्ख्या सन् २०११ मा १ लाख ३८ हजार ७५४ जना गणना गरिएको छ । यो जनसङ्ख्या सन् २०१९ मा २ लाख २१ हजार ९२२ जना पुगेको प्रक्षेपण गरिएको छ ।

१०. प्रदेश नं. २ का जिल्लाका ५ वटा स्थानीय तहको जनसङ्ख्या १ लाख भन्दा माथि रहेको छ । यसैगरी, २९ वटा स्थानीय तहको जनसङ्ख्या ५० हजारदेखि १ लाख सम्म रहेको छ । यसैगरी १७ वटा नगरपालिका तथा १३ वटा गाउँपालिकाको उच्च जनघनत्व (प्रति ब.कि.मि. १००० भन्दा बढी) रहेका छन् ।

## प्रजनन तथा प्रजनन स्वास्थ्य

१. सन् २०११ को जनगणनाका अनुसार प्रदेश नं. २ मा १० वर्ष माथिका करिब १३ लाख अविवाहित र २६ लाख विवाहित जनसङ्ख्या रहेका छन् । अविवाहितमध्ये पुरुषको सङ्ख्या निकै बढी (७.५ लाख पुरुष र बाँकी महिला) रहेका छन् । विवाहित मध्ये महिलाको सङ्ख्या पुरुषको भन्दा केही बढी (१३.८ लाख महिला र बाँकी पुरुष) रहेका छन् । त्यसैगरी, यस प्रदेशमा औसतमा महिलाहरु १८ वर्ष र पुरुषहरु २२.५ वर्ष अविवाहित रहन्छन् । यो महिला पुरुष अविवाहित रहने र ाष्ट्रिय औसतको उमेर भन्दा कम उमेर हो ।

२. यस प्रदेशमा करिव ९० प्रतिशत महिला २० वर्ष उमेर पुग्दा विवाहित भैसके का हुन्छन् । यसरी बहुसङ्ख्यक महिलाको विवाह कानुनले निर्धारण गरेको उमेर भन्दा न्युनतम उमेर मै विवाह हुने गरेको अवस्था छ । कानुनमा विवाहको उमेर २० वर्ष तोकिएको छ ।

३. नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण सन् २०१६ का अनुसार प्रदेश नं. २ मा प्रति १० जना प्रजनन उमेरका महिलाहरुमा ३० बच्चा रहेका छन् । यो राष्ट्रिय औसत भन्दा उच्च हो । राष्ट्रिय औसतमा १० जना प्रजनन उमेरका

महिलामा २३ बच्चा रहेका छन् । अर्कोतर्फ, यस प्रदेशमा २० वर्ष पुग्दा ६२ प्रतिशत महिलाले पहिलो सन्तान जन्माइसकेको अवस्था रहेको छ। किशोरावस्था (१५-१९ उमेर समूह) का महिलाहरुमध्ये प्रति १००० महिलामा १४६ जना बच्चा रहेका छन् । यो राष्ट्रिय औसत (८८ प्रति हजार) भन्दा निकै धेरै हो । यसले प्रजनन सम्बन्धी नीति बनाउँदा १५-१९ उमेर समूहका महिलाहरुलाई विशेष ध्यान दिनुपर्ने अवस्थाको सङ्केत गर्दछ ।

४. यस प्रदेशमा प्रजनन उमेर समूहका विवाहित महिला मध्ये ४८ प्रतिशत महिलाले कुनै न कुनै प्रकारको गर्भ निरोधका साधन प्रयोग गर्दछन् । यी मध्ये आधुनिक विधिहरुको प्रयोग गर्ने ४२ प्रतिशत तथा परम्परागत तरिका प्रयोग गर्ने ६ प्रतिशत रहेका छन् । प्रदेश नं. २ मा महिला बन्ध्याकरण गर्ने ३२ प्रतिशत र सङ्गिनी सुई प्रयोग गर्ने ५ प्रतिशत मात्र रहेका छन् । यहाँ राष्ट्रिय औसतको तुलनामा कम उमेरमा गर्भ निरोधका साधन प्रयोगकर्ताहरुको दर कम छ। साथै, जीवित सन्तान नहुने तथा १ मात्र जीवित सन्तान हुनेहरुमध्ये गर्भ निरोधका साधनको प्रयोग गर्नेको हिस्सा ज्यादै कम रहेको छ । राष्ट्रिय स्तरमा सोही हिस्सा उल्लेख्य रुपमा बढी छ ।

५. गर्भ निरोधका साधनहरुको माग प्रदेश न २ मा ६८ प्रतिशत रहेको छ। यो माग राष्ट्रिय स्तरमा ७६ प्रतिशत रहेको छ। आधुनिक प्रकारका साधनहरुको प्रयोगबाट राष्ट्रिय स्तरमा ५६ प्रतिशत माग पूर्ति भएकोमा यस प्रदेशमा बढी अर्थात् ६२ प्रतिशत माग पूर्ति भएको छ । त्यस्तै, पूरा नभएको माग राष्ट्रिय स्तरमा २४ प्रतिशत रहेकोमा यस प्रदेशमा केही कम अर्थात् २१ प्रतिशत मात्र रहेको छ ।

६. नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०१६ का अनुसार यस प्रदेशमा लगभग ६ प्रतिशतले गर्भवती जाँच बिल्कुलै गराउँदैनन् । यो प्रतिशत राष्ट्रिय स्तरमा पनि उस्तै रहेको छ । त्यस्तै, राष्ट्रिय स्तरमा तोकिएका महिनाहरुमा ४ पटक गर्भवती जाँच गराउने ५९ प्रतिशत रहेकोमा छ । तर यस प्रदेशमा ३६ प्रतिशतले मात्र तोकिएको महिनाहरुमा गर्भजाँच गराउने गर्दछन् । प्रदेश नं. २ मा ४५ प्रतिशत महिलाले आफ्नो सन्तान स्वास्थ्य संस्थामा जन्माएको पाइएको छ । समग्र राष्ट्रिय स्तरमा ५७ प्रतिशत महिलाले उक्त सेवा उपयोग गरेको पाइएको छ । त्यसैगरी, सुत्केरी भएको दुई दिनभित्र स्वास्थ्य परीक्षण गराउने महिला यस प्रदेशमा ४५ प्रतिशत तथा राष्ट्रिय स्तरमा ५७ प्रतिशत रहेका छन् । यस

प्रदेशमा स्वास्थ्य संस्थामा गई सुत्केरी नगराउनुको प्रमुख कारण 'आवश्यक नपरेकोले' (८०.३ प्रतिशत ) भन्ने रहेको छ ।

७. प्रदेश नं. २ मा १० प्रतिशत तथा राष्ट्रिय स्तरमा १२ प्रतिशत बच्चाहरु योजना विना नै जन्मेका देखिन्छन् । त्यस्तै, यस प्रदेशका आधा भन्दा बढी महिलाले सन्तानको आदर्श सङ्ख्या २ वटा सन्तानलाई भनेका छन् । राष्ट्रियस्तरका करिब दुई तिहाई महिलाले यो उत्तर दिएका छन् । राष्ट्रिय स्तरमा भन्दा प्रदेश नं. २ मा ३ सन्तान आदर्श सङ्ख्या हो भन्नेहरुको हिस्सा बढी छ ।

## मरणशीलता

१. प्रदेश नं. २ मा शिशु मृत्युदर (Infant Mortality) ४३ जना (प्रति हजार) रहेको छ । यो राष्ट्रियस्तरको भन्दा वढी हो । राष्ट्रियस्तरमा ३२ जना (प्रति हजार) रहेको छ । त्यसैगरी, यस प्रदेशमा अपेक्षित औसत आयु महिलाको ६७ वर्ष तथा पुरुषको ६६.६ वर्ष अनुमान गरिएको छ ।

२. केन्द्रीय तथ्याङ्क विभागले सन् २०१४ मा प्रकाशित गरेको प्रतिवेदन अनुसार औसत आयु सबै भन्दा बढी पर्सा जिल्लामा ६७.३ वर्ष र रौतहट जिल्लामा सबै भन्दा कम ५९.६ वर्ष रहेको छ ।

## बसाई सराई

१. नेपालका प्रत्येक चार घरपरिवार मध्ये एक घरपरिवारमा अनुपस्थित जनसङ्ख्या रहेको छ । तर यस प्रदेशमा प्रत्येक पाँच घरपरिवार मध्ये एक घरपरिवारमा अनुपस्थित जनसङ्ख्या रहेको छ । जिल्लामा रहेको कूल घरपरिवारहरु मध्ये अनुपस्थित जनसङ्ख्या हुने घरपरिवार धनुषा जिल्लामा सबैभन्दा बढी (२७ प्रतिशत) र पर्सा जिल्लामा सबैभन्दा कम (३.५ प्रतिशत) रहेका छन् ।

२. यस प्रदेशमा करिब ५ प्रतिशत जनसङ्ख्या हाल वसोबास गरेको भन्दा फरक जिल्लामा जन्मेका हुन् । यसैगरी यहाँ करिब ३ प्रतिशत जनसङ्ख्या विदेशमा जन्मेका छन् । बारा जिल्लामा सबैभन्दा बढी (८ प्रतिशत) जनसङ्ख्या अन्य जिल्लामा जन्मिई वसोबास गरिरहेका छन् ।

३. जन्मस्थानको आधारमा जिल्ला तहको जनसङ्ख्यामा जिल्लाबाट बसाई सरी जाने दर (out-migration rate) सबै जिल्लाहरुमा ६ प्रतिशत वा सो भन्दा केही बढी

रहेको छ। बारा जिल्ला बाहेक प्रदेशका अन्य सबै जिल्लामा खूद बसाईं सराई दर (Net migration rate) ऋणात्मक रहेको छ। जन्मको आधारमा सबै भन्दा बढी खूद बसाईं सराई दर सप्तरी जिल्लामा ५ प्रतिशत रहेको छ। तात्कालिन बसाईं सराई (Current migration) हेर्दा, सबै जिल्लाहरुमा खूद बसाई सराई दर ऋणात्मक रहेको अवस्था छ।

## सामाजिक पक्षहरू

१. सन् २०११ को राष्ट्रिय जनगणना अनुसार प्रदेश नं. २ मा आफ्नै स्वामित्वको घर रहेको परिवार करिब ९६ प्रतिशत रहेको छ। यो राष्ट्रिय स्तरको भन्दा करिब ११ प्रतिशत बिन्दुले बढी हुन आउछ। राष्ट्रिय तहमा भाडाको घरमा वसोबास गर्नेहरु करिब १३ प्रतिशत रहेकोमा यस प्रदेशमा करिब ३ प्रतिशत घरपरिवार मात्र भाडाको घरमा वसोबास गर्दछन्। यस प्रदेशका अधिकांश (८२ प्रतिशत) मानिसहरु ट्युबवेलको प्रयोग गर्ने गर्दछन्। धारा मार्फत् वितरण गरिएको पानीमा करिब ११ प्रतिशत घरपरिवारको मात्र पहुँच छ।

२. सोही जनगणनमा यस प्रदेशमा ७३ प्रतिशत घरपरिवारमा शौचालय नरहेको अवस्था रहेको थियो। अहिले यो स्थितिमा सुधार आई हाल ७२ प्रतिशत रहेको देखिएको छ। सोही जनगणनाका तथ्याङ्क अनुसार यस प्रदेशमा ९० प्रतिशत भन्दा बढीले दाउरा, मट्टीतेल तथा अन्य स्रोतको इन्धन प्रयोग गरी खाना पकाउँछन्। हरेक पाँच घरमध्ये तीन घरमा उज्यालोको लागि बिजुलीको उपलब्धता रहेको छ।

३. सन् २०११ को जनगणनामा प्रदेश नं. २ को साक्षरतादर करिब ५० प्रतिशत रहेको छ। ती मध्ये पुरुष ६० प्रतिशत र महिला ३९ प्रतिशत साक्षर रहेका छन्। पर्सा जिल्लामा सबैभन्दा बढी साक्षरता दर (५६ प्रतिशत) तथा रौतहट जिल्लामा सबै भन्दा कम (४२ प्रतिशत) साक्षरतादर रहेको छ। विभिन्न शैक्षिक तहहरुको भर्ना दरहरूमा यस प्रदेश र राष्ट्रिय औसतमा केही फरक रहेको छ। राष्ट्रिय तुलनामा यस प्रदेशमा लैङ्गिक फरक समेत बढी रहेको अवस्था छ।

४. प्रदेश नं. २ मा विभिन्न ११९ जातजाति वसोबास गर्दछन्। ती मध्ये यादव (१५ प्रतिशत), मुसलमान (११.६ प्रतिशत), थारु (५.३ प्रतिशत), तेली (५.१ प्रतिशत) र कोइरी/कुशवाहा (४.६ प्रतिशत) प्रमुख जातजाति रहेका छन्। यस प्रदेशमा

बोलिने भाषाहरुमा मैथिली (४५.३ प्रतिशत), भोजपुरी (१८.६ प्रतिशत), बज्जिका (१४.६ प्रतिशत), नेपाली (६.७ प्रतिशत) र उर्दू (५.९ प्रतिशत) प्रमुख रहेका छन् । हिन्दू धर्म करिब ८५ प्रतिशतले मान्दछन् । प्रदेशका सबै जिल्लाहरुमा इस्लाम धर्म मान्नेहरुको सङ्ख्या दोस्रो स्थानमा रहेको छ ।

५. राष्ट्रिय औसत (२९ प्रतिशत) को तुलनामा प्रदेश २ मा बहुआयामिक गरीबी बढी (४८ प्रतिशत) रहेको अवस्था छ । प्रदेश नं. २ को गरीबीको सघनता भने राष्ट्रिय औसतसँग लगभग समान छ ।

६. शारीरिक हिंसा भोग्ने महिला प्रदेश नं. २ मा करिब एकतिहाई रहेका छन् । यो राष्ट्रिय स्तरको समग्र अवस्था भन्दा धेरै हो । त्यसैगरी, गर्भवतीको अवस्थामा समेत हिंसा भोग्ने महिला करिब १० प्रतिशत रहेका छन् ।

७. कुनै न कुनै प्रकारको अपाङ्गता भएका जनसङ्ख्या प्रदेश नं. २ मा १.३ प्रतिशत रहेका छ । सबै जिल्लामा महिला तथा पुरुष दुबैमा सबैभन्दा बढी शारीरिक अपाङ्गता भएका तथा त्यसपछि दृष्टि सम्बन्धी अपाङ्गता भएका मानिसहरु छन् ।

## श्रमशक्ति तथा रोजगारी

१. प्रदेश नं. २ मा दश वर्ष र सो भन्दा माथिको जनसङ्ख्यामा करिब ४५ प्रतिशत मानिसहरु आर्थिक रूपले सक्रिय रहेका छन् । यो राष्ट्रिय औसतले भन्दा १० प्रतिशत विन्दुले कम रहेको छ । सक्रिय जनसङ्ख्या मध्ये करिब ५४ प्रतिशत कृषि, वन तथा माछापालन सम्बन्धी दक्ष तथा अर्ध-दक्ष कामदारको रुपमा कार्यरत रहेका छन् । ती कार्यरत मध्ये पुरुष ५० प्रतिशत तथा महिला ६३ प्रतिशत रहेका छन् ।

२. सन् २०१६/०१७ मा वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिने नेपालीहरु मध्ये करिब २९ प्रतिशत प्रदेश नं. २ का रहेका छन् ।

## युवा जनसङ्ख्या

१. सन् २०११ को राष्ट्रिय जनगणनाको तथ्याङ्कको आधारमा गरिएको प्रक्षेपण अनुसार १५-२४ उमेर समूहका युवाहरुको जनसङ्ख्या आगामी दिनहरुमा क्रमश: घट्दै जाने देखिन्छ । त्यसैगरी यस प्रदेशका युवा पुरुषहरु मध्ये माध्यमिक भन्दा कम पढ्नेको अंश सबैभन्दा बढी (३१ प्रतिशत) र महिलाहरुमध्ये कहिल्यै

विद्यालय नगएकाको अंश सबैभन्दा बढी (३० प्रतिशत) पाइएको छ । युवाहरु मध्ये दुई तिहाई महिलाहरु तथा लगभग एक चौथाई पुरुषहरु हाल विवाहित रहेका छन् । यस्तै, यस प्रदेशका ३१ प्रतिशत युवाहरु श्रम शक्तिमा रहेका छन् । ती पुरुषहरुमध्ये ४७ प्रतिशत र महिलाहरुमध्ये १९ प्रतिशत श्रम शक्तिमा रहेका छन् ।

## पोषण तथा रोगहरू

१. नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण सन् २०१६ का अनुसार यस प्रदेशका १५-४९ उमेर समुहका ३८ प्रतिशत पुरुष तथा ४० प्रतिशत महिलाहरुको BMI सामान्य विस्तार (range) भन्दा बाहिर छ। त्यस्तै ५८ प्रतिशत महिला तथा ५९ प्रतिशत बालबालिकाहरुमा कुनै न कुनै प्रकारको रक्त-अल्पता छ। उचाई अनुसार तौल कम भएका बालबालिका (Wasted) र उमेर अनुसार तौल कम भएका बालबालिका (Under-weight) को अवस्थामा यस प्रदेश समग्र राष्ट्रिय स्रतमा भन्दा कमजोर अवस्थामा रहेको छ। प्रदेश नं. २ का महिला तथा पुरुषहरुमा उच्च रक्तचाप हुनेहरुको हिस्सा राष्ट्रिय स्तरको भन्दा केही कम रहेको अवस्था छ ।

यस प्रतिवेदनले प्रदेश नं. २ को समग्रमा जनसाङख्यिक, सामाजिक, आर्थिक, स्वास्थ्य स्थिति, महिला हिंसा, पोषण लगायतका विषयवस्तुलाई नौ विभिन्न एकाइमा प्रस्तुत गरिएको छ । माथि उल्लेखित मुख्य मुख्य बुँदाका सारांश तथा समग्रमा प्रतिवेदनमा समेटिएका विषयवस्तुहरुले प्रदेश सरकार तथा नीति आयोगलाई प्रादेशिक तहमा नीति निर्माण गर्न वस्तुगत आधार प्रदान गर्दछ । यी तथ्याङ्कहरुलाई मध्यनजर गरी नीति निर्माण तयार गरी तथा कार्यान्वयनमा आएको खण्डमा यस प्रदेशले विकासमा उल्लेख्य फड्को मार्ने देखिन्छ । साथै आर्थिक, सामाजिक क्षेत्रमा रुपान्तरण गर्न टेवा मिल्नेछ ।

# विषय सूची


**एकाइ १ परिचय ........................ १-८**

१.१ पृष्ठभूमि तथा प्रदेशको परिचय ........ १

१.२ औचित्य ........ २

१.३ उद्देश्य ........ ३

१.४ तथ्याङ्कका स्रोत तथा विश्लेषण विधि ........ ३

१.५ पारिभाषिक शब्दावलीहरू ........ ४

१.६ अध्ययनका सीमा ........ ७

**एकाइ २ जनसङ्ख्याको गतिशीलता ........ ९-२४**

२.१ जनसङ्ख्याको आकार, वृद्धिदर तथा जनघनत्व ........ ९

२.२ जनसङ्ख्याको बनावट ........ १३

२.३ ग्रामीण शहरी जनसङ्ख्या वितरण ........ १६

२.४ महिला घरमूली हुने परिवारको स्थिति ........ १७

२.५ प्रक्षेपित जनसङ्ख्या ........ १८

२.६ बुढ्यौली जनसङ्ख्या (७०+) को विवरण ........ २२

२.७ स्थानीय तहहरुको जनसङ्ख्या तथा जनघनत्व ........ २३

**एकाइ ३ प्रजनन स्वास्थ्य ........ २५-४२**

३.१ वैवाहिक स्थिति ........ २५

३.२ प्रजनन दरहरु ........ २९

३.३ गर्भ निरोधक साधनहरुको प्रयोगको स्थिति ........ ३२

३.४ मातृ स्वास्थ्य सेवा प्रयोगको स्थिति ........ ३६

३.५ सन्तानको चाहना तथा आदर्श परिवार सङ्ख्या सम्बन्धी धारणा ........ ३९

**एकाइ ४ मरणशीलता (Mortality) ........ ४३-४४**

४.१ मृत्युदरहरु ........ ४३

४.२ जीवन तालिका तथा अपेक्षित आयु ........ ४४

**एकाइ ५ बसाईं सराईको स्थिति ........ ४७-५३**

५.१ अनुपस्थित जनसङ्ख्या (जिल्लातहमा) ........ ४७

५.२ जन्मस्थानको आधारमा जनसङ्ख्या वितरण ........ ४८

५.३ अन्य जिल्लामा जन्मेका जनसङ्ख्या ........ ५०

५.४ बसाईं सरी आउनेको जनसङ्ख्या ........ ५२

**एकाइ ६ जनसङ्ख्याका सामाजिक पक्षहरु . . . . . . . . . . . . . . . . . . . ५४-८१**
६.१ घरायसी सुबिधाको स्थिति . . . . . . . . . . . . . . . . . . . . . ५४
६.२ शैक्षिक स्थिति . . . . . . . . . . . . . . . . . . . . . . . . . . ६४
६.३ प्रमुख जातजातिहरु . . . . . . . . . . . . . . . . . . . . . . . . ७२
६.४ प्रदेश नं. २ मा बोलिने प्रमुख भाषाहरु . . . . . . . . . . . . . . . . ७४
६.५ धर्मको आधारमा जनसङ्ख्या वितरण . . . . . . . . . . . . . . . . . ७५
६.६ प्रदेश नं. २ मा गरीवीको स्थिति . . . . . . . . . . . . . . . . . . . ७६
६.७ महिला विरुद्धका हिंसाको अवस्था (Violence against women) . . ७८
६.८ अपाङ्गता भएका जनसङ्ख्याको अवस्था . . . . . . . . . . . . . . . ७९

**एकाइ ७ श्रम शक्ति तथा रोजगारीको स्थिति . . . . . . . . . . . . . . . ८२-८८**
७.१ आर्थिक रुपमा सक्रिय र निष्क्रिय जनसङ्ख्या . . . . . . . . . . . . . ८२
७.२ सक्रिय जनसङ्ख्याको कार्यक्षेत्र (पेशा) . . . . . . . . . . . . . . . . ८४
७.३ निष्क्रिय रहनुका कारणहरु . . . . . . . . . . . . . . . . . . . . . ८५
७.४ वैदेशिक रोजगारीमा जानेहरुको स्थिति . . . . . . . . . . . . . . . . ८७

**एकाइ ८ युवा जनसङ्ख्याको अवस्था . . . . . . . . . . . . . . . . . . . ८९-९२**
८.१ युवा जनसङ्ख्याको हिस्सा तथा वृद्धिदर . . . . . . . . . . . . . . . . ८९
८.२ युवाको शैक्षिक स्थिति . . . . . . . . . . . . . . . . . . . . . . . ९०
८.३ युवाको वैवाहिक स्थिति . . . . . . . . . . . . . . . . . . . . . . . ९१
८.४ युवाको रोजगारीको स्थिति . . . . . . . . . . . . . . . . . . . . . ९२

**एकाइ ९ अन्य महत्वपूर्ण प्रादेशिक सूचकहरू . . . . . . . . . . . . . . . ९३-९७**
९.१ पोषण तथा रोगहरुको अवस्था . . . . . . . . . . . . . . . . . . . . ९३
९.२ प्रदेश २ मा दिगोविकास लक्ष्यका सूचकहरु . . . . . . . . . . . . . . ९७

**एकाइ १० मुख्य नतिजा तथा निष्कर्ष . . . . . . . . . . . . . . . . . . . ९८-१०१**

**सन्दर्भसूची . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . १०२-१०३**

# तालिकाहरुको सूची


तालिका १.१प्रदेश नं. २ मा भएका स्थानीय तहको विवरण . . . . . . . . . . . . २
तालिका २.१ प्रदेश नं. २ को जनसङ्ख्याको आकार, वृद्धिदर तथा जनघनत्व . १०
तालिका २.२ प्रदेश नं. २ मा सन् २०१९को लागि प्रक्षेपित जनसङ्ख्या . . . . .११
तालिका २.३ प्रदेश नं. २ उमेर संरचना अनुसार सन् २०१९ को प्रक्षेपित जनसङ्ख्या . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .११
तालिका २.४प्रदेश नं. २ मा घर (परिवार सङ्ख्या, परिवारको औसत आकार र जम्मा जनसङ्ख्याको लैङ्गिक अनुपात, २०११. . . . . .१३
तालिका २.५ प्रदेश नं. २ मा उमेर अनुसारको वितरण तथा लैंङ्गिक अनुपात २०११. . . . . . . . . . . . . . . . . . . . . . . १४
तालिका २.६प्रदेश नं. २ मा एक वर्षमुनिको जनसङ्ख्याको लैंङ्गिक अनुपात २०११. . . . . . . . . . . . . . . . . . . . . . . १५
तालिका २.७ प्रदेश नं. २ मा गाउँपालिका तथा नगरपालिकामा बस्ने जनसङ्ख्या सन् २०११ (संस्थागत जनसङ्ख्या बाहेक). . . . . . . १७
तालिका २.८ प्रदेश नं. २ मा महिला घरमूली हुने परिवारको प्रतिशत, सन्२०११ . १८
तालिका २.९ मध्यम स्तरका आधारहरु प्रयोग गरी प्रक्षेपण गरिएको प्रदेश नं. २ को जनसङ्ख्या (आधार वर्ष २०११) . . . . . . . . . . १९
तालिका २.१०प्रदेश नं. २ को जनसङ्ख्या प्रक्षेपणबाट प्राप्त सारांश सूचकहरू (आधार वर्ष २०११) . . . . . . . . . . . . . . . . . . २१
तालिका २.११ प्रदेश नं. २ को ७० वर्ष माथिको जनसङ्ख्या विवरण, २०११ र २०१९. . . . . . . . . . . . . . . . . . . . . . . . . . २३
तालिका ३.१ प्रदेश नं. २ को १० वर्षमाथिको जनसङ्ख्याको वैवाहिक स्थिति अनुसारको विवरण, २०११ . . . . . . . . . . . . . . . . . २५
तालिका ३.२प्रदेश नं. २ का महिलाहरुको पहिलो विवाह गर्दाको उमेर निश्चित उमेर पुग्दा विवाह गरिसकेकाको प्रतिशत (१५-४९ उमेरका नमुना छनोटमा परेका महिलामध्ये) . . . . . . . . . . . . . . . . . . . . २८
तालिका ३.३प्रदेश नं. २ का महिलाहरुको पहिलो पटक यौन सम्पर्क गर्दाको उमेरः निश्चित उमेर पुग्दा यौन सम्पर्क गरिसकेकाको प्रतिशत (१५-४९ उमेरका नमुना छनोटमा परेका महिलामध्ये) . . . . . . . २९
तालिका ३.४ राष्ट्रियस्तर तथा प्रदेश नं. २ का महिलाहरुको उमेर विशिष्ट प्रजनन दर तथा कूल प्रजनन दर . . . . . . . . . . . . . . . . . ३०

तालिका ३.५ प्रदेश नं. २ का महिलाहरुको पहिलो सन्तान जन्माउदाको उमेर निश्चित उमेर पुग्दा पहिलो सन्तान जन्माई सकेकाको प्रतिशत (१५-४९उमेरका नमुना छनोटमा परेका महिलामध्ये) . . . . . . .३१
तालिका ३.६ राष्ट्रिय स्तर तथा प्रदेश नं. २ मा प्रजनन का केही सूचकहरू. . ३२
तालिका ३.७ १५-४९ उमेर समूहका विवाहित महिलाहरुको गर्भ निरोधका साधनहरुको प्रयोगको स्थिति . . . . . . . . . . . . . . . . . ३२
तालिका ३.८ प्रदेश नं. २ मा १५-४९ उमेरका विवाहित महिलाहरु मध्ये विभिन्न प्रकारका गर्भ निरोधका साधनहरुको प्रयोगको स्थिति. . . . . . .३३
तालिका ३.९ प्रदेश नं. २ तथा राष्ट्रिय स्तरमा महिलाको उमेर तथा जीवित सन्तानको सङ्ख्या अनुसार दम्पतीको गर्भ निरोधका कुनै पनि आधुनिक साधनहरुको प्रयोगको स्थिति . . . . . . . . . . . . ३५
तालिका ३.१० गर्भ निरोधका साधनहरुको माग, आपूर्ति तथा पुरा हुन नसकेको मागको स्थिति. . . . . . . . . . . . . . . . . . . . . . . . .३६
तालिका ३.११ प्रदेश नं. २ तथा राष्ट्रिय स्तरमा मातृ स्वास्थ्य अन्तर्गत गर्भवती जाँचको सेवा प्रयोगको अवस्था . . . . . . . . . . . . . . . ३७
तालिका ३.१२ प्रदेश नं. २ तथा राष्ट्रिय स्तरमा सुत्केरी गराउने स्थान तथा सुत्केरी पश्चात दुईदिन भित्र स्वास्थ्य परीक्षण गराउनेको स्थिति. ३८
तालिका ३.१३ प्रदेश नं. २ तथा राष्ट्रिय स्तरमा महिलाहरुले स्वास्थ्य संस्थामा सुत्केरी नगराउनुको कारणहरु. . . . . . . . . . . . . . . ३९
तालिका ३.१४ प्रदेश नं. २ का १५-४९ उमेरका विवाहित महिलाहरुको थप सन्तानको चाहना सम्बन्धी तथ्याङ्क: जीवित सन्तानको सङ्ख्या अनुसार थप सन्तान चाहनेको प्रतिशत . . . . . . . . . . . ४०
तालिका ३.१५ प्रदेश नं. २ मा बिगत पाँच वर्षमा जन्मेका सन्तान मध्ये पछिल्लो सन्तान इच्छित वा अनिच्छित रहेको प्रतिशत . . . . . . . . . ४१
तालिका ३.१६ प्रदेश नं. २ तथा राष्ट्रिय स्तरमा सन्तानको आदर्श संख्याबारे महिलाहरुको धारणा (सङ्ख्यात्मक उत्तर दिएकाहरुको मात्र) . . . ४२
तालिका ४.१ जन्मेको पाँच वर्षसम्म हुने मृत्यु दरहरु (प्रति १००० जीवित जन्ममा). . . . . . . . . . . . . . . . . . . . . . . . . . ४३
तालिका ४.२ विभिन्न स्रोतहरुबाट प्राप्त प्रदेश नं. २ का मानिसहरुको अपेक्षित आयु (वर्ष) . . . . . . . . . . . . . . . . . . . . . . . . .४४
तालिका ४.३ प्रदेश नं. २ को जीवन तालिकाबाट प्राप्त सारांश . . . . . . . . ४६

तालिका ५.१ प्रदेश नं. २ मा अनुपस्थित सदस्य भएका घरपरिवार तथा अनुपस्थित जनसङ्ख्या, २०११. . . . . . . . . . . . . . . . . ४८
तालिका ५.२ प्रदेश नं. २ को जन्मस्थानको आधारमा बसाईंसराइको अवस्था, सन् २०११ . . . . . . . . . . . . . . . . . . . . . . ४९
तालिका ५.३ आजीवन बसाईं सराईका आधारमा प्रदेश नं. २ को बसाईं सराइका दरहरु: भित्री बसाईं सराई दर, बाहिरी बसाईं सराईदर तथा खूद बसाईं सराई दर, २०११. . . . . . . . . . . . . . ५०
तालिका ५.४ प्रदेश नं. २ का जिल्लाहरुमा तात्कालिक बसाईं सराई (Current migration) का दरहरु: भित्री बसाईं सराई दर, बाहिरी बसाईं सराईदर तथा खूद बसाईं सराई दर, २०११. . . . . . . . ५२
तालिका ५.५ अन्य जिल्लामा जन्म भई हाल प्रदेश नं २ का सम्बन्धित जिल्लामा वसोबास गरिरहेका मानिसहरुको सम्बन्धित जिल्लामा बसेको अवधिको आधारमा आन्तरिक बसाईंसराईको अवस्था . . . . . . ५३
तालिका ६.१ प्रदेश नं. २ मा घरको स्वामित्वको प्रकार, २०११ . . . . . . . . . ५५
तालिका ६.२ प्रदेश नं. २ मा खानेपानीको श्रोतको अवस्था, २०११ . . . . . . ५७
तालिका ६.३ प्रदेश नं. २ मा शौचालयको अवस्था, २०११ . . . . . . . . . . . ५९
तालिका ६.४ प्रदेश नं. २ मा इन्धनको मुख्य श्रोत: खाना पकाउन तथा बाल्नका लागि विभिन्न श्रोतको इन्धन प्रयोग गर्ने घरपरिवारको प्रतिशत . .६१
तालिका ६.५ प्रदेश नं. २ मा उल्लेखित मध्ये कुनै पनि सरसामान नभएको, कम्तिमा एक सामान भएको तथा उल्लेखित सामानहरुको उपलब्धता भएका घरपरिवारहरुको प्रतिशत . . . . . . . . . . .६३
तालिका ६.६ प्रदेश नं. २ को पाँचवर्ष र सो भन्दामाथिको जनसङ्ख्यामा साक्षरता दर. . . . . . . . . . . . . . . . . . . . . . . ६५
तालिका ६.७ प्रदेश नं. २ मा रहेका विद्यालय, विद्यार्थी तथा शिक्षक र शिक्षिकाको सङ्ख्या . . . . . . . . . . . . . . . . . . . . ७१
तालिका ६.८ प्रदेश नं. २ मा रहेको बालबिकास कक्षामा अध्ययनरत विद्यार्थी, लैङ्गिक अनुपात तथा विद्यालयको अवस्था . . . . . . . . . . ७१
तालिका ६.९ प्रदेश नं. २ मा वसोबास गर्ने प्रमुख १० जातजातिहरु तथा तिनको जनसङ्ख्या . . . . . . . . . . . . . . . . . . . . ७३
तालिका ६.१० प्रदेश नं. २ मा बोलिने मुख्य मातृभाषाहरु . . . . . . . . . ७४
तालिका ६.११ प्रदेश नं. २ धर्मको आधारमा जनसङ्ख्या वितरण . . . . . . . ७५

तालिका ६.१२ प्रदेश नं. २ तथा नेपालमा बहुआयामिक गरीबीको स्थिति . . . . ७६
तालिका ६.१३ प्रदेश नं. २ का जिल्लाहरुको मानवविकास सूचकाङ्क तथा मानव गरीबीको सूचकाङ्क, २०११ . . . . . . . . . . . . . . ७७
तालिका ६.१४ प्रदेश नं. २ मा अपाङ्गता भएका जनसङ्ख्याको स्थिति, २०११ . . ८०
तालिका ७.१ प्रदेश नं. २ मा दशवर्ष र सो भन्दामाथिको मध्ये आर्थिक रूपले सक्रिय तथा निस्क्रिय जनसङ्ख्या, २०११ . . . . . . . . . . . ८३
तालिका ७.२ प्रदेश नं. २ को अक्सर सक्रिय जनसङ्ख्या को कार्यक्षेत्र (पेशा), २०११ . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . ८५
तालिका ७.३ प्रदेश नं. २ मा आर्थिक रुपले निस्क्रिय तथा अक्सर सक्रिय नरहने १० वर्ष वा सो भन्दा माथिको जनसङ्ख्या मध्ये आर्थिक रुपले सक्रिय नरहनुको कारण, २०११ . . . . . . . . . . . . ८६
तालिका ७.४ प्रदेश नं. २ अन्तर्गतका जिल्ला तहमा आर्थिक रुपले निस्क्रिय तथा अक्सर सक्रिय नरहने १० वर्ष वा सो भन्दामाथिको जनसङ्ख्यामा आर्थिक रुपले सक्रिय नरहनुको कारण, २०११ . . ८७
तालिका ७.५ प्रदेश नं. २ का जिल्लाहरुबाट २०१६ र १७ मा श्रम स्वीकृति लिनेको विवरण . . . . . . . . . . . . . . . . . . . . . . . . ८८
तालिका ८.१ प्रदेश नं. २ मा युवा जनसङ्ख्याको वृद्धिदर (प्रतिशत प्रतिवर्ष) . . ८९
तालिका ८.२ प्रदेश नं. २ मा युवा जनसङ्ख्याको हिस्सा (जम्मा जनसङ्ख्याको प्रतिशत) . . . . . . . . . . . . . . ९०
तालिका ८.३ प्रदेश नं. २ का युवा जनसङ्ख्याको शैक्षिक स्थिति . . . . . . . ९१
तालिका ८.४ प्रदेश नं. २ का युवाहरुको वैवाहिक स्थिति . . . . . . . . . . . ९२
तालिका ८.५ प्रदेश नं. २ मा युवा जनसङ्ख्याको श्रमशक्तिको स्थिति . . . . . ९२
तालिका ९.१ प्रदेश नं. २ का केही महत्वपूर्ण स्वास्थ्य तथा पोषणका सूचकहरू ९४
तालिका ९.२ प्रदेश नं. २ मा आ. व. २०७४-२०७५ मा पहिचान भएका विभिन्न रोगहरु लागेका मानिसहरुको सङ्ख्या . . . . . . . . . ९६

# परिशिष्ट तालिकाहरू

परिशिष्ट तालिका १ प्रदेश नं. २ का जिल्लाहरुको सन् २०१९ को लागि उमेर संरचना अनुसार प्रक्षेपित विवरण . . . . . . . . . . . . . . . . . . . . . १०४

परिशिष्ट तालिका २ स्थानीय तहको सन् २०११ को जनसङ्ख्या, जनघनत्व (जनसङ्ख्या प्रति व.कि. मी.) तथा मध्यमस्तरको अनुमान अनुसारको प्रक्षेपित जनसङ्ख्या को विवरण. . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .११०

परिशिष्ट तालिका ३ प्रदेश नं. २ का महिलाको जीवन तालिका . . . . . . . . .११७

परिशिष्ट तालिका ४ प्रदेश नं. २ का पुरुषको जीवन तालिका . . . . . . . . . .११८

परिशिष्ट तालिका ५ उल्लेखित मध्ये कुनै पनि सरसामान नभएको, कम्तिमा एक सामान भएको तथा उल्लेखित सामानहरुको उपलब्धता भएका घरपरिवारहरुको प्रतिशत . . . . . . . . . . . . . . . . . . . . . . . . .११९

परिशिष्ट तालिका ६ प्रदेश नं. २ अन्तर्गतका जिल्लामा वसोबास गर्ने प्रमुख दश जातजातिहरु तथा तिनको जनसङ्ख्या विवरण . . . . . . . . . . . .१२०

परिशिष्ट तालिका ७ प्रदेश नं. २ तथा अन्तर्गतका जिल्लाहरुमा अपाङ्गताको स्थिति . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .१२४

परिशिष्ट तालिका ८ प्रदेश नं. २ का लागि दिगो विकास लक्ष्य सम्बन्धी सूचकहरू . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .१२६

# चित्रहरूको सूची

चित्र २.१: प्रदेश नं. २ को जनसङ्ख्या को उमेर- लैङ्गिक संरचना (Age-sex structure) देखाउने जनसाङ्ख्यिक पिरामिड, २०११ . . . . . . . . . . .१६
चित्र ३.१: प्रदेश नं. २ मा महिला तथा पुरुषहरुको अविवाहित रहिरहने औसत उमेर (Singulate Mean Age at Marriage) . . . . . . . . . . . . . . २७
चित्र ३.२: प्रदेश नं. २ तथा नेपाल बीच प्रजनन दरको उमेर संरचनाको फरक ३०
चित्र ३.३: प्रदेश नं. २ तथा राष्ट्रिय स्तरमा प्रयोग भएका विभिन्न प्रकारका गर्भ निरोधकका साधनहरुको हिस्सा. . . . . . . . . . . . . . . . . ३४
चित्र ६.१: प्रदेश नं. २ तथा यस अन्तर्गतका जिल्लाहरुमा शौचालय हुने घरपरिवारको प्रतिशत . . . . . . . . . . . . . . . . . . . . . . . . . . ६०
चित्र ६.२: प्रदेश नं. २ का आधारभूत तह (१-८) मा कूल एवं खूद विद्यालय भर्नादर, २०७४. . . . . . . . . . . . . . . . . . . . . . . . . . ६७
चित्र ६.३: प्रदेश नं. २ का माध्यमिक तह (९-१२) मा कूल एवं खूद विद्यालय भर्नादर, २०७४. . . . . . . . . . . . . . . . . . . . . . . . . . ६७
चित्र ६.४: प्रदेश नं. २ का आधारभूत तह (१-५) मा कूल एवं खूद विद्यालय भर्नादर, २०७४. . . . . . . . . . . . . . . . . . . . . . . . . . ६८
चित्र ६.५: प्रदेश नं. २ का आधारभूत तह (६-८) मा कूल एवं खूद विद्यालय भर्नादर, २०७४. . . . . . . . . . . . . . . . . . . . . . . . . . ६९
चित्र ६.६: प्रदेश नं. २ का आधारभूत तह (९-१०) मा कूल एवं खूद विद्यालयभर्नादर, २०७४ . . . . . . . . . . . . . . . . . . . . . . . . . . ६९
चित्र ६.७: प्रदेश नं. २ का आधारभूत तह (११-१२) मा कूल एवं खूद विद्यालय भर्नादर, २०७४. . . . . . . . . . . . . . . . . . . . . . . . . . ७०
चित्र ६.८: प्रदेश नं. २ मा महिला विरुद्ध भएका हिंसाको स्थिति . . . . . . . . ७९
चित्र ६.९: प्रदेश नं. २ मा विवाह भैसकेका १५-४९ उमेर समूहका महिला माथि कुनै न कुनै समयमा श्रीमानबाट भएको हिंसा व्यहोर्ने महिलाको प्रतिशत ७९
चित्र ६.१०: प्रदेश नं. २ मा अपाङ्गता भएका मध्ये अपाङ्गताको प्रकार अनुसारको विवरण . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . ८१
चित्र ९.१: प्रदेश नं. २ का विभिन्न जिल्लाहरुमा रहेका अस्पतालहरुमा एन्टी-रेट्रोभाइरलथेरापी (ART) प्रयोग गर्नेहरुको अंश (%). . . . . . . . . . . ९७

# एकाइ १: परिचय

## १.१ पृष्ठभूमि तथा प्रदेशको परिचय

सङ्घीय लोकतान्त्रिक गणतान्त्रिक नेपालको संविधान जारी भएसँगै देश सङ्घीय संरचनाको नयाँ युगमा प्रवेश गरेको छ। संविधानको प्रावधान अनुसार तीन तहका सरकार (स्थानीय, प्रदेश र सङ्घीय) व्यवस्था पहिलो पटक कार्यान्वयनमा आएको छ। संविधानको अनुसूची ४ मा व्यवस्था भए बमोजिम नेपालको मध्य-पूर्वी तराई /मधेसका सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा गरी ८ वटा जिल्लाहरु समेटेर प्रदेश नं. २ बनेको छ। यस प्रदेशको अस्थाई राजधानी जनकपुरधाम तोकिएको छ। प्रदेश नं. २ को पूर्व तथा उत्तर-पूर्वमा मा प्रदेश १, उत्तर तथा उत्तर-पश्चिममा प्रदेश ३ र दक्षिण तथा दक्षिण-पश्चिममा भारतको विहार राज्य पर्दछ। यस प्रदेशले नेपालको कूल भूभागको ७ प्रतिशत क्षेत्रफल ओगटेको छ।

यस प्रदेशमा भौगोलिक दृष्टिकोणले धेरै विविधता रहेको छैन। नेपालको समथर भूभाग भएको तराई तथा स-साना होचा पहाड भएको चुरे क्षेत्र मात्र अवस्थित रहेका छन्। प्रदेशको दक्षिणी भूभाग समथर तथा उत्तरी भूभागमा चुरे क्षेत्र पर्दछ। यस प्रदेशको पूर्वी सीमामा प्रसिद्ध सप्तकोशी नदी रहेको छ। अन्य नदीहरुमा उच्च पहाडबाट आउने बागमती तथा महाभारत लेकबाट आउने कमला नदी रहेका छन्। अन्य धेरै खहरे खोलाहरु रहेका छन्। यहाँ उष्ण प्रदेशीय हावापानी पाइन्छ जहाँ गर्मी धेरै हुन्छ र आर्द्रता पनि धेरै हुन्छ।

आठवटा जिल्लालाई प्रदेशले समेटेको छ। देशका कूल ७५३ स्थानीय तहहरुमध्ये १३६ स्थानीय तहहरु यस प्रदेश अन्तर्गत रहेका छन्। (हेर्नुहोस; तालिका १.१) यी मध्ये नगरपालिकाहरुको सङ्ख्या ७७ (१ महानगरपालिका, ३ उप-महानगरपालिका र ७३ नगरपालिका) तथा गाउँपालिकाको सङ्ख्या ५९ रहेको छ। देशका स्थानीय तहहरुमध्ये प्रदेश नं. २ मा १८ प्रतिशत रहेका छन्। त्यस्तै, प्रदेश नं. २ मा देशका १३ प्रतिशत गाउँपालिकाहरु, २६ प्रतिशत नगरपालिकाहरू, २७ प्रतिशत उप-महानगरपालिकाहरु र १६ प्रतिशत महानगरपालिका रहेका छन्। सरकारको सबैभन्दा सानो एकाइको रुपमा रहेको वडाको हकमा, देशका सम्पूर्ण ६,७४३ वडा हरुमध्ये १,२७१ (१९ प्रतिशत) वडाहरु यस प्रदेशमा रहेका छन्।

### तालिका १.१: प्रदेश नं. २ मा भएका स्थानीय तहको विवरण

| जिल्ला | स्थानीय तहको संख्या | | | | जम्मा स्थानीय तहको संख्या | जम्मा वडाको संख्या |
|---|---|---|---|---|---|---|
| | गा.पा. | न.पा. | उ.प.न.पा. | म.न.पा. | | |
| सप्तरी | ९ | ९ | ० | ० | १८ | १६४ |
| सिराहा | ९ | ८ | ० | ० | १७ | १६४ |
| धनुषा | ६ | ११ | १ | ० | १८ | १६९ |
| महोत्तरी | ५ | १० | ० | ० | १५ | १३८ |
| सर्लाही | ९ | ११ | ० | ० | २० | २०० |
| रौतहट | २ | १६ | ० | ० | १८ | १५७ |
| बारा | ९ | ५ | २ | ० | १६ | १६७ |
| पर्सा | १० | ३ | ० | १ | १४ | ११२ |
| **प्रदेश नं. २** | **५९** | **७३** | **३** | **१** | **१३६** | **१,२७१** |
| **नेपाल** | **४६०** | **२७६** | **११** | **६** | **७५३** | **६,७४३** |
| **प्रदेश नं. २ का अंश (%)** | **१२.८** | **२६.४** | **२७.३** | **१६.७** | **१८.१** | **१८.८** |

**स्रोत:** गाउँपालिका तथा नगरपालिकाको सङ्क्षिप्त परिचय पुस्तिका २०७४; सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

सङ्घीय संसद अन्तर्गत प्रतिनिधि सभामा प्रतिनिधित्व गर्न यस प्रदेशका प्रत्येक जिल्लालाई ४-४ वटा निर्वाचन क्षेत्रमा विभाजन गरिएको छ। यसरी यस प्रदेशबाट प्रतिनिधि सभामा ३२ जना सांसद प्रत्यक्ष निर्वाचित हुन्छन्। प्रदेश सभामा प्रत्यक्षतर्फ हरेक जिल्लाबाट ८/८ जनाको दरले प्रतिनिधि छनोट हुने प्रावधान रहेको छ।

## १.२ औचित्य

सबै विकास कार्यक्रम जनता केन्द्रित गरी बनाइएको हुन्छ। जनताको समग्र जीवनस्तर माथि उकास्ने ध्येय विकासका कार्यक्रमले बोकेका हुन्छन्। त्यसको प्रतिफल उपभोग गर्ने पनि जनता नै हुन्छन्। त्यसैले सम्पूर्ण विकास क्रियाकलापको केन्द्रमा जनसङ्ख्या नै रहेको हुन्छ । प्रदेशको जनसाङ्ख्यिक स्थिति, जनसङ्ख्या परिवर्तनका तत्वहरु, जनसङ्ख्यासँग सम्बद्ध शिक्षा, स्वास्थ्य लगायत विविध सामाजिक पक्षहरुका आधारलाई विश्लेषण गरी तयार गरिएका नीति तथा योजनाले दिगो विकास सम्भव रहन्छ । प्रदेशको आर्थिक क्रियाकलापमा जनसङ्ख्याको सहभागिता तथा युवा जनसङ्ख्याको स्थिति आदि पक्षहरुबारे तथ्य सहितको यथार्थ चित्र भएको खण्डमा प्रादेशिक तहमा

लागु गरिने विकास निर्माणको योजना निर्माण तथा कार्यान्वयनमा सहजता आउने कुरामा दुईमत हुन सक्दैन। यसै सन्दर्भलाई आत्मसात् गरी प्रदेश नं. २ को जनसाङ्ख्यिक स्थिति तयार पारिएको छ।

## १.३ उद्देश्य

विभिन्न द्वितीय स्रोतबाट उपलब्ध प्रदेश, जिल्ला तथा स्थानीय तहहरुको जनसङ्ख्यासँग सम्बद्ध तथ्याङ्कहरु सङ्कलन तथा विश्लेषण गरी एकीकृत रुपमा प्रस्तुत गरी अगामी दिनमा प्रदेशको योजना निर्माण तथा कार्यान्वयनमा सहयोग पुऱ्याउनु प्रतिवेदनको मुख्य उद्देश्य रहेको छ।

## १.४ तथ्याङ्कका स्रोत तथा विश्लेषण विधि

यस प्रतिवेदन तयार पार्न विभिन्न सरकारी कार्यालय तथा अन्य विश्वसनीय स्रोतहरुबाट प्रकाशित भएका तथ्याङ्कहरुलाई द्वितीय तथ्याङ्कको रुपमा प्रयोग गरिएको छ। प्राप्त तथ्याङ्कहरुलाई सम्भव  भएसम्म योग गर्ने, प्रतिशतमा लैजाने, अनुपात निकाल्ने तथा अन्य गणितीय विधी अपनाउने, विस्तारित तथा चुस्त तालिकिकरण गरिएको छ। साथै, विभिन्न प्रकारका चित्रको रुपमा प्रस्तुत गर्ने गरिएको छ। तथ्याङ्क विश्लेषण गर्ने क्रममा केही जनसाङ्ख्यिक विश्लेषण पद्धतिहरु पनि अवलम्बन गरिएको छ। यस अन्तर्गत प्रत्यक्ष तथा अप्रत्यक्ष विधिहरु अपनाइएको छ। यसका साथै राष्ट्रिय स्तरका सर्वेक्षणका कच्चा तथ्याङ्क (raw data) लाई आवश्यकता अनुसार विश्लेषण समेत प्रतिवेदनभित्र गरिएको छ।

प्रतिवेदनमा प्रयोग भएका तथ्याङ्कका मुख्य स्रोतहरूमा राष्ट्रिय जनगणना २०११, नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०१६, नेपाल श्रम शक्ति सर्वेक्षण २०१७, नेपाल मानव विकास प्रतिवेदन २०१४, विभिन्न मन्त्रालय तथा विभागहरुबाट प्रकाशित वार्षिक प्रतिवेदन तथा अन्य प्रकाशनहरु रहेका छन्। नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०१६ को कच्चा तथ्याङ्क (raw data) को विश्लेषण समेत यहाँ गरिएको छ।

जनसाङ्ख्यिक तथ्याङ्कलाई तालिकिकरण गर्दा सम्भव भएसम्म जिल्ला तहमा तथ्याङ्क प्रस्तुत गरिएको छ। यसमा उपलब्ध भएसम्म अन्य सामाजिक चरित्र समेत

छुट्टिने गरी प्रस्तुत गर्ने प्रयास गरिएको छ । साथै केही तथ्याङ्कहरु स्थानीय तहमा पनि प्रस्तुत गरिएको छ ।

## १.५ केही पारिभाषिक शब्दावलीहरू

यस प्रतिवेदनमा जनसङ्ख्या क्षेत्रसँग सम्बन्धित केही प्राविधिक शब्दावलीहरू प्रयोग भएका छन् । ती मध्ये केही महत्वपूर्ण शब्दावलीहरूको परिभाषा तल उल्लेख गरिएको छ ।

**जनसङ्ख्या वृद्धिदर (Population Growth Rate):** जनसङ्ख्या निरन्तर बढिरहन्छ भन्ने मान्यतामा आधारित घातांकीय वृद्धि (Exponential Growth) लाई प्रयोग गरी निकालिएको एक वर्षमा प्रति १०० जना जनसङ्ख्यामा हुने वृद्धिलाई नै जनसङ्ख्या वृद्धिदर भनिएको छ ।

**जनघनत्व (Population Density):** कुनै निश्चित समयमा प्रत्येक एक बर्ग कि. मी. क्षेत्रफलमा वसोबास गर्ने मानिसहरुको सङ्ख्या नै जनघनत्व हो ।

**लैङ्गिक अनुपात (Sex Ratio):** कुनै जनसङ्ख्यामा प्रति १०० महिलाहरुमध्ये हुन आउने पुरुषहरुको सङ्ख्यालाई लैङ्गिक अनुपात भनिन्छ ।

**आश्रित अनुपात (बाल तथा बृद्ध) (Dependency Ratio):** सामान्यतया ०-१४ उमेर समूहको जनसङ्ख्यालाई बालबालिका, १५-६४ उमेर समूहको जनसङ्ख्यालाई काम गर्ने उमेर समूहको जनसङ्ख्या तथा ६५ उमेर समूहको जनसङ्ख्यालाई बृद्ध जनसङ्ख्या भनेर लिने गरिन्छ । यसका आधारमा प्रत्येक १०० जना काम गर्ने उमेर समूहको जनसङ्ख्याको लागि हुन आउने बालबालिकाहरुको सङ्ख्यालाई बाल आश्रित अनुपात भनिन्छ । त्यस्तै, प्रत्येक १०० जना काम गर्ने उमेर समूहको जनसङ्ख्याको लागि हुन आउने बृद्धहरुको सङ्ख्यालाई बृद्ध आश्रित अनुपात भनिन्छ । यी दुबैको योगफललाई आश्रित अनुपात भनिन्छ ।

**मध्यम उमेर (Median Age):** सबै जनसङ्ख्यालाई उमेर अनुसार बढ्दो र घट्दो क्रममा राख्दा जुन उमेरले जम्मा जनसङ्ख्यालाई दुई बराबर भागमा बाँड्छ, त्यस उमेरलाई नै मध्यम उमेर भनिन्छ ।

**अविवाहित रहिरहने औसत उमेर (Singulate Mean Age at Marriage (SMAM)):** मानिसहरु कुन उमेरसम्म अविवाहित रहिरहने भन्ने तथ्याङ्कबाट गणना गरिएको औसत नै अविवाहित रहिरहने औसत उमेर (SMAM) हो ।

**उमेर विशिष्ट प्रजनन दर (Age Specific Fertility Rate):** कुनै निश्चित प्रजनन उमेर समूहका १००० महिलाहरुले एक वर्षको अवधिमा जन्माएका बच्चाहरुको सङ्ख्या नै उमेर विशिष्ट प्रजनन दर हो । यस प्रतिवेदनमा भने सर्वेक्षण गरेको समयबाट तीन वर्ष सम्मको अवधिमा महिलाहरुले जन्माएका बच्चाहरुको तथ्याङ्कलाई लिइएको छ । महिलाले सन्तान जन्माउँदाको उमेर तथा त्यो तीन वर्षको अवधि मध्ये कति समय कुन उमेर समूहमा परेको हो भन्ने तथ्यलाई समेत गणना गरी उमेर विशिष्ट प्रजनन दर निकालिएको छ ।

**कूल प्रजनन दर (Total Fertility Rate):** दिइएको उमेर विशिष्ट प्रजनन दर अनुसार आफ्नो प्रजनन उमेरभर बाँचेर एक महिलाले औसतमा जन्माउने बच्चाहरुको सङ्ख्या नै कूल प्रजनन दर हो । यसलाई उमेर विशिष्ट प्रजनन दरहरुको योगबाट निकालिन्छ ।

**पहिलो सन्तान जन्माउने मध्यम उमेर (Median Age at First Childbirth):** सन्तान जन्माइसकेका महिलाहरुको पहिलो बच्चा जन्माउदाको उमेरको सूचनाको आधारमा निकालिएको त्यस्तो उमेर हो, जुन उमेर पुग्दा ५० प्रतिशत महिलाहरुले पहिलो सन्तान जन्माईसकेका हुन्छन् ।

**नवजात शिशु मृत्यु दर (Neonatal Mortality Rate):** बच्चा जन्मेको एक महिना भित्र हुने मृत्युलाई नवजात शिशु मृत्यु भनिन्छ । प्रत्येक १००० जीवित जन्ममा हुने नवजात शिशु मृत्युको वार्षिक सङ्ख्यालाई नवजात शिशु मृत्यु दर भनिन्छ । नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०१६ मा ५ वर्षको अवधिलाई सन्दर्भ अवधि मानेर यो मृत्यु दर निकालिएको छ ।

**उप्रान्त नवशिशु मृत्यु दर (Post Neonatal Mortality Rate):** जन्मेको एक महिना देखि एक वर्ष उमेर नपुगेसम्म हुने मृत्युलाई Post Neonatal Mortality भनिन्छ । प्रति १००० जीवित जन्ममा हुने यस्तो मृत्युको वार्षिक सङ्ख्यालाई उप्रान्त नवशिशु मृत्यु दर (Post Neonatal Mortality Rate) भनिन्छ । नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षणमा ५ वर्षको अवधिलाई सन्दर्भ अवधि मानेर यो मृत्यु दर निकालिएको छ ।

**शिशु मृत्यु दर (Infant Mortality Rate):** शिशु जन्मेदेखि एक वर्ष उमेर नपुगेसम्म हुने मृत्युलाई शिशु मृत्यु भनिन्छ। प्रति १००० जीवित जन्ममा हुने यस्तो मृत्युको वार्षिक सङ्ख्यालाई शिशु मृत्यु दर भनिन्छ । नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०१६ मा ५ वर्षको अवधिलाई सन्दर्भ अवधि मानेर यो मृत्यु दर निकालिएको छ ।

**बाल मृत्यु दर (Child Mortality Rate):** पहिलो जन्म दिवसदेखि पाँचौं जन्म दिवससम्मको अवधिमा हुने बच्चाको मृत्युलाई बालमृत्यु भनिन्छ। प्रति १००० एक वर्ष पुगेका बच्चाहरुमध्ये पाँच वर्ष नपुगुन्जेलसम्म हुने यस्तो मृत्युको वार्षिक सङ्ख्यालाई बाल मृत्यु दर भनिन्छ । नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०१६ मा ५ वर्षको अवधिलाई सन्दर्भ अवधि मानेर यो मृत्यु दर निकालिएको छ ।

**पाँच वर्ष मुनिको मृत्यु दर (Under Five Mortality Rate):** बच्चा जन्मेदेखि पाँच वर्ष नपुगेसम्म हुने मृत्युलाई पाँच वर्ष मुनिको मृत्यु भनिन्छ। प्रति १००० जीवित जन्ममा हुने यस्तो मृत्युको वार्षिक सङ्ख्यालाई पाँच वर्ष मुनिको मृत्यु दर भनिन्छ । नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षणमा ५ वर्षको अवधिलाई सन्दर्भ अवधि मानेर यो मृत्यु दर निकालिएको छ ।

**जन्मदाको अपेक्षित आयु (Life Expectancy at Birth):** वर्तमानमा विद्यमान उमेर विशिष्ट मृत्यु दरहरु कायम रहेको खण्डमा अहिले जन्मेको बच्चा कति बाँच्न सक्ला भनी गणितीय विधिबाट निकालिएको औसत उमेरलाई जन्मदाको अपेक्षित आयु भनिन्छ ।

**आजीवन बसाईं सराई (Life Time Migration):** कुनै व्यक्तिको जन्मेको स्थान र हाल गणना भएको स्थान फरक रहेछ भने त्यस्तो अवस्थालाई आजीवन बसाईं सराई भनिन्छ । त्यस्तो व्यक्तिलाई Life Time Migrant भनिन्छ ।

**तात्कालिक बसाईं सराई (Current Migration):** कुनै व्यक्तिले गणना समयको एक वर्ष भित्र आफ्नो वासस्थान परिवर्तन गरेको रहेछ भने त्यस्तो बसाईं सराईलाई तात्कालिक बसाईं सराई भनिन्छ ।

**बसाईं सरी आउने दर (In-Migration Rate):** बसाईं सरी आउने दर भन्नाले कुनै निश्चित समय अवधिमा कुनै निश्चित क्षेत्रको प्रति १००० जनसङ्ख्यामा सो क्षेत्रभित्र अरु क्षेत्रहरुबाट बसाईं सरी आउनेको सङ्ख्यालाई जनाउँछ ।

**बसाईं सरी जाने दर (Out-Migration Rate):** बसाईं सरी जाने दर भन्नाले कुनै निश्चित समय अवधिमा कुनै निश्चित क्षेत्रको प्रति १००० जनसङ्ख्यामा सो क्षेत्रबाट अरु क्षेत्रहरुमा बसाईं सरी जानेको सङ्ख्यालाई जनाउँछ ।

**खूद बसाईं सराइ दर (Net-Migration rate):** कुनै पनि क्षेत्रको बसाईं सरी आउने दर (In-Migration Rate) र बसाईं सरी जाने दर (Out-Migration Rate) को भिन्नतालाई खूद बसाईं सराइ दर (Net-Migration rate) भनिन्छ ।

**कूल भर्ना दर (Gross Enrolment Rate):** कूल भर्ना भन्नाले कुनै निश्चित शैक्षिक तहमा विद्यालयमा भर्ना भएका जुनसुकै उमेरको कूल विद्यार्थी सङ्ख्यालाई जनाउँछ । यस भित्र तोकिएको शैक्षिक तहमा भर्ना भएका तर सो तहमा भर्ना हुन योग्य भन्दा कम तथा बढी उमेरका विद्यार्थीलाई समेत लिइन्छ । कुनै पनि शैक्षिक तहको कूल भर्ना दर भन्नाले सो तहमा भर्ना हुन तोकिएको उमेर समूहका प्रति १०० जना जनसङ्ख्यामा हुन आउने सोही तहको कूल भर्ना सङ्ख्यालाई जनाउँछ । यसको मान १०० प्रतिशत भन्दा बढी समेत हुने गर्दछ ।

**खूद भर्ना दर (Net Enrolment Rate):** खूद भर्ना भन्नाले कुनै निश्चित शैक्षिक तहको लागि तोकिएको उमेर समूहका जम्मा जनसङ्ख्या मध्ये सोही तहमा विद्यालयमा भर्ना भएकाहरुको सङ्ख्यालाई जनाउँछ । यस भित्र तोकिएको शैक्षिक तहमा भर्ना भएका तर सो तहमा भर्ना हुन योग्य भन्दा कम तथा बढी उमेरका विद्यार्थीलाई लिईंदैन । कुनै पनि शैक्षिक तहको खूद भर्ना दर भन्नाले सो तहमा भर्ना हुन भनि तोकिएको उमेर समूहका प्रति १०० जना जनसङ्ख्यामा हुन आउने सोही तहको खूद भर्ना सङ्ख्यालाई जनाउँछ । यसको मान १०० प्रतिशत भन्दा बढी आउन सक्दैन ।

## १.६ अध्ययनका सीमा

यस प्रतिवेदन तयार पार्दा जनसङ्ख्या सम्बन्धी प्रायः जसो सबै तथ्याङ्कहरू नेपालको जनगणना २०११ बाट प्राप्त नतिजालाई आधार लिइएको छ । त्यसैले, जनसङ्ख्याका कतिपय सामाजिक पक्षहरुमा सन् २०११ देखि वर्तमानसम्म भएका परिवर्तनहरुलाई तत्कालिन तथ्याङ्कले सम्पूर्ण रुपमा प्रतिनिधित्व नगर्ने हुन सक्छ । यद्यपि जनगणना नै भरपर्दो र विस्तृत क्षेत्र भएको तथ्याङ्क स्रोत भएकोले यसको प्रयोग व्यापक रुपमा प्रतिवेदनमा गरिएको छ । नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण तथा नेपाल श्रम

शक्ति सर्वेक्षण जस्ता राष्ट्रिय स्तरका सर्वेक्षणको नमुना छनोट गर्दा प्रदेश तहसम्म मात्र प्रतिनिधित्व हुने गरी गरिएकोले त्यस्ता स्रोतबाट जिल्ला तहको प्रतिनिधित्व हुने सूचक निकाल्न असम्भव भएकोले कतिपय अवस्थामा प्रदेश स्तरको मात्र तथ्याङ्क निकालिएको छ । स्थानीय तहको लागि जनसङ्ख्या प्रक्षेपण गर्दा अनुपातिक विधि (Ratio Method) अपनाइएको छ। यसबाट केही उच्च जनसङ्ख्या वृद्धिको सम्भावना भएका शहरी क्षेत्र भएका नगरपालिकाहरूको प्रक्षेपित जनसङ्ख्या वास्तविकताको नजिक नहुन सक्छ ।

# एकाइ २ : जनसङ्ख्याको गतिशीलता

यस एकाइमा प्रदेश तथा यस अन्तर्गतका जिल्लाहरुमा रहेको जनसङ्ख्याको आकार, वृद्धिदर, घनत्वको अवस्थालाई प्रस्तुत गरिएको छ। यसैगरी यहाँ उमेर-लिङ्ग संरचना, प्रक्षेपित जनसङ्ख्या तथा स्थानीय तहको जनसाङ्ख्यिक स्थिति प्रस्तुत गरिएको छ। यसका लागि राष्ट्रिय जनगणना २०११ को तथ्याङ्क तथा सोही तथ्याङ्कलाई आधार मानी तयार पारिएको नेपालको जनसङ्ख्या प्रक्षेपणबाट प्राप्त तथ्याङ्कलाई आधार मानिएको छ।

## २.१ जनसङ्ख्याको आकार, वृद्धिदर तथा जनघनत्व

प्रदेश नं. २ का जिल्लाहरुको जनसङ्ख्याको आकार तथा वृद्धिदरलाई तालिका २.१ मा प्रस्तुत गरिएको छ। जनगणना २०११ को आधारमा प्रदेश नं. २ मा ५४,०४,१४५ जनसङ्ख्या रहेको छ। यो जनसङ्ख्या नेपालको जनसङख्याको २०.५ प्रतिशत हुन आउँछ। जम्मा जनसङ्ख्यामा प्रदेश नं. २ को हिस्सा थोरै मात्रामा बढ्दै गएको देखिन्छ। प्रदेशभित्र विभिन्न जिल्लाहरुको जनसङ्ख्याको हिस्सामा खासै परिवर्तन भएको छैन। समग्र नेपालको तुलनामा यस प्रदेशमा जनसङ्ख्या वृद्धिदर बढी छ। सन् १९९१-२००१ तथा २००१-२०११ दुवै अवधिको वार्षिक जनसङ्ख्या वृद्धिदरको आंकडाले देखाउँछ। पछिल्लो अवधिमा प्रदेश नं. २ को जनसङ्ख्या वृद्धिदर १.६ प्रतिशत प्रतिवर्ष रहेको छ। यो नेपालको जनसङ्ख्या वृद्धिदर १.३५ प्रतिशत प्रतिवर्ष भन्दा १८ प्रतिशतले बढी छ। यस प्रदेशभित्र सबैभन्दा बढी जनसङ्ख्या वृद्धिदर रौतहट जिल्लामा २.३१ प्रतिशत रहेको छ। यसपछि बारा जिल्लामा २.०७ प्रतिशत रहेको छ। सबैभन्दा कम जनसङ्ख्या वृद्धिदर सिराहा जिल्लामा १.०७ प्रतिशत रहेको छ।

नेपालको तुलनामा प्रदेश नं. २ को जनघनत्व तीन गुणा भन्दा बढी रहेको छ। जसमा समग्र नेपालको १८० प्रति वर्ग कि. मि. तथा प्रदेश नं. २ को ५५९ प्रति वर्ग कि. मि, जुन राष्ट्रिय जनघनत्वको तुलनामा ३.१ गुणा बढी छ। सबैभन्दा बढी जनघनत्व भएको जिल्ला धनुषाको ६४० प्रति वर्ग कि. मि हो भने सबैभन्दा कम जनघनत्व भएको जिल्ला पर्साको ४४४ प्रति वर्ग कि. मि रहेको छ। प्रदेशका सबै जिल्लाका स्थानीय तहहरुको जनसङ्ख्याको आकार तथा जनघनत्व परिशिष्ट तालिकामा देखाइएको छ।

## तालिका २.१ः प्रदेश नं. २ को जनसङ्ख्याको आकार, वृद्धिदर तथा जनघनत्व

| जिल्ला | जनगणना १९९१ | | जनगणना २००१ | | जनगणना २०११ | | वार्षीक वृद्धिदर | | जनघनत्व |
|---|---|---|---|---|---|---|---|---|---|
| | जनसङ्ख्या | प्रतिशत | जनसङ्ख्या | प्रतिशत | जनसङ्ख्या | प्रतिशत | १९९१-२००१ | २००१-२०११ | २०११ |
| सप्तरी | ४,६५,६६८ | १२.९ | ५,७०,२८२ | १२.४ | ६,३९,२८४ | ११.८ | २.०३ | १.१४ | ४६९ |
| सिराहा | ४,६०,७४६ | १२.८ | ५,७२,३९९ | १२.४ | ६,३७,३२८ | ११.८ | २.१७ | १.०७ | ५३६ |
| धनुषा | ५,४३,६७२ | १५.१ | ६,७१,३६४ | १४.६ | ७,५४,७७७ | १४.१ | २.११ | १.१७ | ६४० |
| महोत्तरी | ४,४०,१४६ | १२.२ | ५,५३,४८१ | १२.१ | ६,२७,५८० | ११.६ | २.२९ | १.२६ | ६२६ |
| सर्लाही | ४,९२,७९८ | १३.७ | ६,३५,७०१ | १३.८ | ७,६९,७२९ | १४.२ | २.५५ | १.९१ | ६११ |
| रौतहट | ४,१४,००५ | ११.५ | ५,४५,१३२ | ११.८ | ६,८६,७२२ | १२.७ | २.७५ | २.३१ | ६१० |
| बारा | ४,१५,७१८ | ११.५ | ५,५९,१३५ | १२.१ | ६,८७,७०८ | १२.७ | २.९६ | २.०७ | ५७८ |
| पर्सा | ३,७२,५२४ | १०.३ | ४,९७,२१९ | १०.८ | ६,०१,०१७ | ११.१ | २.८९ | १.९ | ४४४ |
| **प्ररदेश नं. २** | **३६,०५,२७७** | **१००** | **४६,०४,७१३** | **१००** | **५४,०४,१४५** | **१००** | **२.४५** | **१.६** | **५५९** |
| **नेपाल** | **१,८४,९१,०९७** | | **२,३१,५१,४२३** | | **२,६४,९४,५०४** | | **२.२५** | **१.३५** | **१८०** |
| **प्ररदेश नं. २ को अंश (%)** | **१९.५** | | **१९.९** | | **२०.४** | | | | |

**स्रोतः** केन्द्रीय तथ्याङ्क विभाग, २०१४, Population Monograph Vol I

* स्थानीय तहको जनघनत्व परिशिष्ट तालिकामा देखाइएको छ ।

सन् २०११ को जनगणनाको तथ्याङ्कलाई आधार मानी नेपालको जनसङ्ख्या प्रक्षेपण गरिएको छ । मध्यमस्तरको अनुमानलाई आधार मानी गरिएको प्रक्षेपणबाट जिल्ला तहमा प्रक्षेपित सन् २०१६ तथा २०२१ को जनसङ्ख्यालाई अनुपातिक हिसाबले गणना गरी सन् २०१९ को जनसङ्ख्या प्रक्षेपित गरिएको छ । यो जनसङ्ख्या जिल्ला तथा स्थानीय तहको लागि निकालिएको हो । जिल्ला तहमा हुन आउने प्रक्षेपित जनसङ्ख्या तथा लैङ्गिक अनुपात तालिका २.२ मा प्रस्तुत् गरिएको छ ।

सन् २०१९ का लागि प्रदेश नं. २ को जनसङ्ख्या ६१,५८,६४९ रहेको प्रक्षेपण गरिएको छ । यो जनसङ्ख्या नेपालको जनसङ्ख्याको २१.४ प्रतिशत हुन आउँछ । प्रक्षेपण अनुसार प्रदेश नं. २ को सर्लाही जिल्लामा सबैभन्दा बढी (८,८१,४१३) तथा सिराहा जिल्लामा सबैभन्दा कम (६,९६,६५७) जनसङ्ख्या छ । यस प्रदेशको लैङ्गिक अनुपात १०१.३ रहेको छ । जुन नेपालको लैङ्गिक अनुपात ९४.६ भन्दा केही बढी हो । प्रदेशकै सबैभन्दा कम लैङ्गिक अनुपात सिराहा जिल्लामा (९०.५) तथा सबैभन्दा बढी पर्सा जिल्लामा (११२.४) रहेको छ ।

### तालिका २.२: सन् २०१९ को लागि प्रदेश नं. २ मा प्रक्षेपित जनसङ्ख्या

| जिल्ला | जम्मा | पुरुष | महिला | लैङ्गिक अनुपात |
|---|---|---|---|---|
| सप्तरी | ७,०३,२१९ | ३,४१,९०८ | ३,६१,३११ | ९४.६ |
| सिराहा | ६,९६,६५७ | ३,३१,०२६ | ३,६५,६३० | ९०.५ |
| धनुषा | ८३,२,७७२ | ४,१४,५७९ | ४,१८,१९४ | ९९.१ |
| महोत्तरी | ७,००,८७१ | ३,४०,९५४ | ३,५९,९१६ | ९४.७ |
| सर्लाही | ८,८१,४१३ | ४,४९,०४७ | ४,३२,३६५ | १०३.९ |
| रौतहट | ८,२६,६३५ | ४,२८,७५३ | ३,९७,८८२ | १०७.८ |
| बारा | ८,१४,०८४ | ४,२१,६१२ | ३,९२,४७३ | १०७.४ |
| पर्सा | ७,०२,९९८ | ३,७२,०४१ | ३,३०,९५७ | ११२.४ |
| **प्रदेश नं. २** | **६१,५८,६४९** | **३०,९९,९२१** | **३०,५८,७२८** | **१०१.३** |
| **नेपाल** | **२,९५,९९,४३१** | **१,४३,५४,१२४** | **१,५२,४५,३०६** | **९४.२** |
| **प्रदेश नं. २ को अंश (%)** | **२१.४** | **२२.३** | **२०.४** | |

**स्रोतः** केन्द्रीय तथ्याङ्क विभाग, २०१४, राष्ट्रिय जनगणना २०११ को प्रतिवेदन (भाग ८), जनसङ्ख्या प्रक्षेपण २०११-२०३१ बाट गणना गरिएको

प्रदेश नं. २ को सन् २०१९ को प्रक्षेपित जनसङ्ख्याको उमेर संरचना तालिका २.३ मा प्रस्तुत गरिएको छ । उमेर समूह अनुसारको लैङ्गिक अनुपात हेर्दा, ०-४ उमेर समूहमा सबैभन्दा बढी (११५.८) रहेको छ । यो उमेर बढ्दै जाँदा घट्दै तथा घटबढ हुँदै गएको छ । प्रदेशका सबै जिल्लाको जनसङ्ख्याको उमेर संरचना परिशिष्ट तालिकाहरुमा प्रस्तुत गरिएको छ ।

### तालिका २.३: उमेर संरचना अनुसार सन् २०१९ को लागि प्रदेश नं. २ को प्रक्षेपित जनसङ्ख्या

| उमेर | जम्मा | पुरुष | महिला | लैङ्गिक अनुपात |
|---|---|---|---|---|
| ०-४ | ६,२५,८३८ | ३,३५,८५९ | २,८९,९७९ | ११५.८ |
| ५-९ | ५,८९,६२९ | ३,१४,५६५ | २,७५,०६४ | ११४.४ |
| १०-१४ | ५,८८,५३८ | ३,११,६९१ | २,७६,८४६ | ११२.६ |
| १५-१९ | ६,५६,७७८ | ३,४५,७४१ | ३,११,०३७ | १११.२ |
| २०-२४ | ६,६०,७९५ | ३,४०,९०१ | ३,१९,८९४ | १०६.६ |

| उमेर | जम्मा | पुरुष | महिला | लैङ्गिक अनुपात |
|---|---|---|---|---|
| २५-२९ | ५,६५,०३४ | २,७५,६८० | २,८९,३५४ | ९५.३ |
| ३०-३४ | ४,५१,२९६ | २,०४,२४९ | २,४७,०४७ | ८२.७ |
| ३५-३९ | ३,८८,०९७ | १,७४,९७४ | २,१३,१२२ | ८२.१ |
| ४०-४४ | ३,३८,४७३ | १,५६,८६५ | १,८१,६०८ | ८६.४ |
| ४५-४९ | २,९५,६०६ | १,४१,१९० | १,५४,४१६ | ९१.४ |
| ५०-५४ | २,५५,४२९ | १,२६,१२६ | १,२९,३०३ | ९७.५ |
| ५५-५९ | २,१२,६२० | १,०७,१९२ | १,०५,४२८ | १०१.७ |
| ६०-६४ | १,७१,५०३ | ८७,५३९ | ८३,९६४ | १०४.३ |
| ६५-६९ | १,३७,०९२ | ६९,०३८ | ६८,०५४ | १०१.४ |
| ७०-७४ | १,०४,२७३ | ५१,२५८ | ५३,०१५ | ९६.७ |
| ७५-७९ | ७१,४४८ | ३४,७५२ | ३६,६९६ | ९४.७ |
| ८०+ | ४६,२०१ | २२,३०१ | २३,९०० | ९३.३ |
| **जम्मा जनसङ्ख्या** | **६१,५८,६४९** | **३०,९९,९२१** | **३०,५८,७२८** | **१०१.३** |

**स्रोत:** केन्द्रीय तथ्याङ्क विभाग, २०१४, राष्ट्रिय जनगणना २०११ को प्रतिवेदन (भाग ८), जनसङ्ख्या प्रक्षेपण सन् २०११-२०३१ बाट गणना गरिएको

तालिका २.४ मा सन् २०११ को जनगणनाको तथ्याङ्कको आधारमा जिल्लाहरुको घर-परिवार सङ्ख्या तथा परिवारको औसत आकार देखाइएको छ। नेपालमा परिवारको औसत आकार ४.९ जना प्रति परिवार रहेकोमा प्रदेश नं. २ मा ५.८ जना प्रति परिवार रहेको छ। यसरी औसतमा  यस प्रदेशमा नेपालको औसत भन्दा प्रति परिवार एक जना बढी सदस्य रहेको देखिन्छ। यस प्रदेश अन्तर्गतका  जिल्लाहरु मध्ये रौतहट जिल्लामा परिवारको औसत आकार सबैभन्दा ठूलो (६.४) तथा सप्तरी जिल्लामा परिवारको औसत आकार सबैभन्दा सानो (५.३) रहेको छ ।  यस प्रदेशका सबै जिल्लामा परिवारको औसत आकार राष्ट्रिय औसत भन्दा बढी नै रहेको छ ।

**तालिका २.४: प्रदेश नं. २ मा घर (परिवार सङ्ख्या, परिवारको औसत आकार र जम्मा जनसङ्ख्याको लैङ्गिक अनुपात - २०११**

| जिल्ला | घर-परिवार सङ्ख्या | परिवारको औसतआकार | जनसङ्ख्याको लैङ्गिक अनुपात |
|---|---|---|---|
| सप्तरी | १,२१,०९८ | ५.३ | ९६.४ |
| सिराहा | १,१७,९६२ | ५.४ | ९४.८ |
| धनुषा | १,३८,२४९ | ५.५ | १००.६ |
| महोत्तरी | १,११,३१६ | ५.६ | ९८.३ |
| सर्लाही | १,३२,८४४ | ५.८ | १०२.६ |
| रौतहट | १,०६,६६८ | ६.४ | १०४.६ |
| बारा | १,०८,६३५ | ६.३ | १०४.४ |
| पर्सा | ९५,५३६ | ६.३ | १०८.२ |
| **प्रदेश नं. २** | **९,३२,३०८** | **५.८** | **१०१.२** |
| **नेपाल** | **५४,२७,३०२** | **४.९** | **९४.२** |
| **प्रदेश नं. २ को अंश (%)** | **१७.२** | **११८.४** | |

**स्रोत:** केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनगणना २०११, को प्रतिवेदन (भाग १) बाट गणना गरिएको

## २.२ जनसङ्ख्याको वनावट

सन् २०११ को जनगणनाको तथ्याङ्कको आधारमा प्रदेश नं. २ मा र राष्ट्रिय औसतको उमेर अनुसारको लैङ्गिक अनुपात तालिका २.५ मा प्रस्तुत गरिएको छ । समग्र लैङ्गिक अनुपात राष्ट्रिय औसतमा भन्दा प्रदेश नं. २ मा बढी छ। त्यस्तै, ०-४ उमेर समूहमा भने प्रदेश नं. २ को लैङ्गिक अनुपात (१०३) राष्ट्रिय औसतको (१०५) भन्दा कम छ। प्रदेश नं. २ मा ६५-७४ उमेर समूहमा प्रति १०० महिलामा ११२ जना पुरुष रहेको तथा ७५ वर्ष माथिको उमेर समूहमा प्रति १०० महिलामा १०७ जना पुरुष रहेको देखिन्छ ।

## तालिका २.५: प्रदेश नं. २ मा उमेर अनुसारको जनसङ्ख्या वितरण तथा लैङ्गिक अनुपात, २०११

| उमेर समूह | जनसङ्ख्या | | | लैङ्गिक अनुपात | |
|---|---|---|---|---|---|
| | जम्मा | महिला | पुरुष | प्रदेश नं. २ | नेपाल |
| ०-४ | ५,९३,५०२ | २,९२,४०७ | ३,०१,०९५ | १०३.० | १०४.९ |
| ५-९ | ७,६२,९८६ | ३,७२,३१५ | ३,९०,६७१ | १०४.९ | १०४.२ |
| १०-१४ | ७,२७,२०७ | ३,५३,६७७ | ३,७३,५३० | १०५.६ | १०३.१ |
| १५-१९ | ५,१४,७९२ | २,४१,०३४ | २,७३,७५८ | ११३.६ | ९६.९ |
| २०-२४ | ४,१९,९८४ | २,२०,८१८ | १,९९,१६६ | ९०.२ | ७९.४ |
| २५-२९ | ४,०७,१९० | २,१६,९४९ | १,९०,२४१ | ८७.७ | ७८.९ |
| ३०-३४ | ३,५९,६१४ | १,९६,६०७ | १,६३,००७ | ८२.९ | ७९.९ |
| ३५-३९ | ३,४०,८१५ | १,७४,६२५ | १,६६,१९० | ९५.२ | ८५.७ |
| ४०-४४ | २,८०,६४८ | १,३९,५७० | १,४१,०७८ | १०१.१ | ९१.० |
| ४५-४९ | २,३६,४९६ | १,१४,४७६ | १,२२,०२० | १०६.६ | ९६.२ |
| ५०-५४ | १,९०,५०६ | ८९,८१९ | १,००,६८७ | ११२.१ | १०१.३ |
| ५५-५९ | १,६४,७४७ | ७९,४३५ | ८५,३१२ | १०७.४ | १०१.९ |
| ६०-६४ | १,५४,४४४ | ७५,०४२ | ७९,४०२ | १०५.८ | ९४.९ |
| ६५-६९ | १,१२,४६० | ५३,८८९ | ५८,५७१ | १०८.७ | १००.४ |
| ७०-७४ | ७६,९७७ | ३५,६५९ | ४१,३१८ | ११५.९ | १०२.१ |
| ७५-७९ | ३४,७०९ | १६,४४२ | १८,२६७ | १११.१ | ९९.६ |
| ८०-८४ | १५,७३९ | ७,५४८ | ८,१९१ | १०८.५ | ९५.१ |
| ८५-८९ | ५,४९१ | २,६६९ | २,८२२ | १०५.७ | ९६.६ |
| ९०-९४ | २,९६९ | १,५६९ | १,४०० | ८९.२ | ७८.५ |
| ९५ वर्ष भन्दा माथि | २,८६९ | १,६५७ | १,२१२ | ७३.१ | ६०.० |
| **जम्मा** | **५४,०४,१४५** | **२६,८६,२०७** | **२७,१७,९३८** | **१०१.२** | **९४.२** |
| **६५-७४** | **१,८९,४३७** | **८९,५४८** | **९९,८८९** | **१११.५** | **१०७.३** |
| **७५ वर्ष भन्दा माथि** | **६१,७७७** | **२९,८८५** | **३१,८९२** | **१०६.७** | **९५.७** |

**स्रोत:** केन्द्रीय तथ्याङ्क विभाग २०१२, राष्ट्रिय जनगणना २०११ को प्रतिवेदन (भाग १) बाट गणना गरिएको

जनसङ्ख्या अध्ययनमा जन्मदाको लैङ्गिक अनुपातको विशेष महत्व हुन्छ। तर त्यस्तो तथ्याङ्कको भरपर्दो स्रोत नभएकोले यहाँ जनगणनाबाट प्राप्त तथ्याङ्कको आधार मा एक वर्ष मुनिको लैङ्गिक अनुपात प्रस्तुत गरिएको छ। सन् २०११ को जनगणना अनुसार प्रदेश नं. २ मा एक वर्ष मुनिको लैङ्गिक अनुपात (१०५.२) राष्ट्रिय औसत (१०६.४) भन्दा केही कम रहेको छ। त्यस्तै, यो अनुपात धनुषा जिल्लामा सबैभन्दा कम (१०१.५) तथा सप्तरी जिल्लामा सबैभन्दा बढी (११०.६) रहेको छ।

### तालिका २.६: प्रदेश नं. २ मा एक वर्ष मुनिको जनसङ्ख्याको लैङ्गिक अनुपात, सन् २०११

| जिल्ला | जम्मा | पुरुष | महिला | लैङ्गिक अनुपात |
|---|---|---|---|---|
| सप्तरी | १०,८५२ | ५,७०० | ५,१५२ | ११०.६ |
| सिराहा | ११,७१९ | ६,०७७ | ५,६४२ | १०७.७ |
| धनुषा | १३,२२२ | ६,६६० | ६,५६२ | १०१.५ |
| महोत्तरी | १२,१५० | ६,१४२ | ६,००८ | १०२.२ |
| सर्लाही | १४,६८७ | ७,६११ | ७,०७६ | १०७.६ |
| रौतहट | १३,२३० | ६,६६३ | ६,५६७ | १०१.५ |
| बारा | ११,६७९ | ६,०४० | ५,६३९ | १०७.१ |
| पर्सा | ९,५८२ | ४,८९१ | ४,६९१ | १०४.३ |
| **प्रदेश नं. २** | **९७,१२१** | **४९,७८४** | **४७,३३७** | **१०५.२** |
| **नेपाल** | **४,६९,९७९** | **२,४२,२२६** | **२,२७,७५३** | **१०६.४** |

**स्रोत:** केन्द्रीय तथ्याङ्क विभाग, २०१४, राष्ट्रिय जनगणना २०११ को प्रतिवेदन (भाग ५) बाट गणना गरिएको

जनसङ्ख्याको उमेर लिङ्ग संरचनालाई थप प्रष्ट पार्न जनसाङ्ख्यिक पिरामिडको सहायता लिइएको छ। सन् २०११ मा भएको प्रदेश नं. २ को जनसाङख्यिक पिरामिड चित्र २.१ मा प्रस्तुत गरिएको छ। पिरामिडको आकार समग्रमा विस्तृत आधार भएको नै छ तर ०-४ उमेर समूहको जनसङ्ख्याको हिस्सा कम हुन थालिसकेकोले यसको भाग केही खुम्चिएको छ । यसले अब जन्मिने समूह सानो हुदै जाने सङ्केत गर्दछ। साथै, यो पिरामिडमा भएको ५-९ र १०-१४ उमेर समूहको सबैभन्दा ठूलो हिस्साको जनसङ्ख्या यो समयमा युवा अवस्थामा पुगिसकेको छ। त्यसैले, प्रदेश नं. २ मा अहिले युवाहरुको हिस्सा उल्लेख्य रुपमा ठूलो छ। यसको अर्थ प्रदेशको ध्यान युवा

समूहलाई दक्ष जनशक्तिमा बदल्ने र प्रदेशको विकासमा लगाउनेमा हुनु जरुरी रहेको देखिन्छ । काम गर्ने उमेर समूहहरुमा महिलाको तुलनामा पुरुषको हिस्सा अलि कम देखिन थालेको छ। काम गर्ने उमेर समूहका धेरै पुरुषहरु वैदेशिक रोजगारीमा जानुले यसो भएको हो ।

**चित्र २.१: प्रदेश नं. २ को जनसङ्ख्याको उमेर-लैङ्गिक संरचना (Age-sex structure) देखाउने जनसाङ्ख्यिक पिरामिड, २०११**




**स्रोत:** केन्द्रीय तथ्याङ्क विभाग, २०१२. राष्ट्रिय जनगणना २०११ को प्रतिवेदन (भाग १) बाट गणना गरिएको

## २.३ ग्रामीण शहरी जनसङ्ख्या वितरण

नगरपालिकामा बस्ने जनसङख्यालाई नै शहरी जनसङ्ख्या भनिन्छ। देशले सङ्घीयतालाई कार्यान्वयन गरेसंगै स्थानीय सरकारको रुपमा विभिन्न तहका नगरपालिका (नगरपालिका, उप-महानगरपालिका र महानगरपालिका) गठन भएका छन् । त्यस्ता नगरपालिका गठन गर्दा अपनाइएको विधि तथा आधारहरु ठोस तथा वस्तुगत भन्दा पनि बढी राजनैतिक हिसाबका छन् । त्यसैले, हामो परिवेशमा नगरपालिका भन्दा खास स्थान विशेषमा अवस्थित सानो नगर क्षेत्र तथा यसको आसपासको निकै ठूलो ग्रामीण क्षेत्र समेटिएको हुन्छ । यस भित्र वसोबास गर्ने जनसङ्ख्याको ठूलो

हिस्साको चरित्र ग्रामीण नै हुन्छ । त्यसैले यहाँ जनसङख्यालाई शहरी ग्रामीण भन्नु भन्दा गाउँपालिका तथा नगरपालिकामा बस्ने जनसङख्या भनी छुट्टयाईएको छ । बस्ने ठाउँको प्रकारको आधारमा प्रदेश नं. २ को जिल्लाहरुको जनसङ्ख्या तथा नगरपालिकामा बस्ने जनसङख्याको हिस्सा प्रस्तुत गरिएको छ ।

प्रदेश नं. २ मा ७२ प्रतिशत मानिसहरु नगरपालिकामा क्षेत्रमा वसोबास गर्दछन् । यो प्रतिशत राष्ट्रिय स्तरको औसत (६३ प्रतिशत) भन्दा बढी छ । प्रदेश नं. २ मा सबैभन्दा कम पर्सा जिल्लामा (५९ प्रतिशत) र सबैभन्दा बढी रौतहट जिल्लामा (९३ प्रतिशत) मानिसहरु नगरपालिकामा बस्छन् ।

**तालिका २.७: प्रदेश नं. २ मा गाउँपालिका तथा नगरपालिकामा बस्ने जनसङ्ख्या सन् २०११ (संस्थागत जनसङ्ख्या बाहेक)**

| जिल्ला | जनसङ्ख्या | | नगरमा बस्नेको प्रतिशत |
|---|---|---|---|
| | गाउँपालिकामा बस्ने | नगरपालिकामा बस्ने | |
| सप्तरी | २,३८,५०९ | ३,९९,३३५ | ६२.६ |
| सिरहा | १,९५,६९३ | ४,३९,९३४ | ६९.२ |
| धनुषा | १,४४,५७४ | ६,०९,१०८ | ८०.८ |
| महोत्तरी | १,६४,८०७ | ४,६०,४०० | ७३.६ |
| सर्लाही | २,४०,६७८ | ५,२८,६५२ | ६८.७ |
| रौतहट | ४६,५८३ | ६,३९,४७६ | ९३.२ |
| बारा | २,३१,२६४ | ४,५४,५६७ | ६६.३ |
| पर्सा | २,४५,६८२ | ३,५२,०८७ | ५८.९ |
| **प्रदेश नं. २** | **१५,०७,७९०** | **३८,८३,५५९** | **७२.०** |
| **नेपाल** | **९६,८७,६६९** | **१,६७,३७,५८९** | **६३.३** |

**स्रोत:** केन्द्रीय तथ्याङ्क विभाग, को वेबसाइट (www.cbs.gov.np) मा उपलब्ध Local Individual Level Excel File को तालिका २.१ बाट गणना गरिएको

## २.४ महिला घरमूली हुने परिवारको स्थिति

तालिका २.८ मा महिला घरमूली हुने परिवारको प्रतिशत र यसको घरमूलीको उमेर समूह अनुसारको विवरण देखाइएको छ । राष्ट्रिय औसत मा २६ प्रतिशत परिवारमा

महिला घरमूली भएकोमा प्रदेश नं. २ मा १४ प्रतिशत घरमा मात्र महिला घरमूली रहेका छन् ।

सबैभन्दा कम महिला घरमूली भएको जिल्लामा रौतहट र पर्सामा (६ प्रतिशत) रहेका छन् । सबैभन्दा बढी सिराहा जिल्लामा (२१ प्रतिशत) महिला घरमूली रहेका छन् । प्रदेश न २ का सबैजसो जिल्लामा घरमूलीको उमेर समूह २०-२९ मा महिला घरमूली हुनेको प्रतिशत सबैभन्दा बढी छ । यस्तै अवस्था राष्ट्रिय स्तरमा पनि रहेको छ ।

### तालिका २.८: प्रदेश नं. २ मा महिला घरमूली हुने परिवारको प्रतिशत, सन् २०११

| जिल्ला | सबै उमेर समूह | घरमूलीको उमेर समूह | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १०-१४ | १५-१९ | २०-२९ | ३०-३९ | ४०-४९ | ५०-५९ | ६०-६९ | ७०+ |
| सप्तरी | १५.३ | १९.२ | २४.० | २७.४ | २१.२ | १२.१ | ८.५ | १२.५ | १३.८ |
| सिराहा | २०.८ | ७.१ | २४.३ | ४०.२ | ३१.२ | १५.७ | १०.४ | १४.७ | १७.० |
| धनुषा | १९.८ | २०.४ | २६.२ | ३७.१ | ३०.२ | १५.८ | ९.७ | १३.६ | १५.५ |
| महोत्तरी | १९.४ | १२.९ | २६.८ | ३८.८ | २८.५ | १५.८ | १०.२ | १४.१ | १६.१ |
| सर्लाही | ११.१ | ११.० | १९.५ | २०.९ | १२.९ | ८.० | ७.४ | ११.० | १२.७ |
| रौतहट | ५.७ | ६.३ | ८.० | ७.५ | ५.५ | ४.४ | ४.६ | ६.८ | ९.५ |
| बारा | ७.६ | १४.७ | १४.२ | १४.० | ८.५ | ५.५ | ५.५ | ७.८ | ८.७ |
| पर्सा | ५.७ | १०.२ | ८.६ | ८.० | ५.५ | ४.६ | ४.३ | ६.८ | ८.६ |
| **प्रदेश नं. २** | **१३.६** | **१३.३** | **१९.९** | **२५.३** | **१८.५** | **१०.५** | **७.८** | **११.२** | **१२.९** |
| **नेपाल** | **२५.७** | **३५.५** | **३९.२** | **४१.१** | **३०.७** | **२०.५** | **१७.०** | **२१.१** | **२२.८** |

**स्रोत:** केन्द्रीय तथ्याङ्क विभाग, २०१२, राष्ट्रिय जनगणना २०११ को प्रतिवेदन (भाग १) बाट गणना गरिएको

## २.५ प्रक्षेपित जनसङ्ख्या

मध्यम स्तरको जनसङ्ख्या प्रक्षेपणलाई आधार मानेर जिल्ला तहमा प्रक्षेपण गरिएको जनसङ्ख्याबाट गणना गरेर प्रदेश नं. २ को प्रक्षेपित जनसङ्ख्या यहाँ प्रस्तुत गरिएको छ । प्रक्षेपित जनसङ्ख्याको सारांश तालिका २.९ मा देखाइएको छ । समग्रमा हेर्दा, बालबालिका (०-१४) को जनसङ्ख्या सन् २०११ बाट केही कम भई सन् २०३१ सम्म करिब करिब स्थिर रहने देखिन्छ । यस भित्र पनि ०-४ उमेर समूहको आकार क्रमश: बढ्ने तथा ५-१४ उमेर समूहको आकार घट्दै जाने देखिन्छ । प्रजनन दर घट्दै गए

पनि प्रजनन उमेर समूहमा प्रवेश गर्नेको सङख्या बढ्नुले यस्तो हुने गर्दछ ।

सामान्यतया: काम गर्ने उमेर समूह १५-६४ को जनसङख्याको आकार पनि बढ्दै जाने देखिन्छ । १५-२४ उमेर समूहको युवा जनसङ्ख्याको आकार बढ्दै गएकोमा अब यो क्रम निरन्तर नरहने देखिएको छ । उमेर समूह ६५ माथिको बुढ्यौली जनसङ्ख्याको आकार पनि क्रमश: बढ्दै जाने देखिन्छ । यस उमेर समूहलाई अझ छुट्याउदा, ६५-७४ तथा ७५ माथि दुवै उमेर समूहको जनसङ्ख्याको आकार बढ्दै जाने देखिन्छ । काम गर्ने उमेर समूहको जनसङ्ख्याको आकार बढ्दै जानु अवसर हो भने बुढ्यौली जनसङ्ख्या बढ्दै जानु चुनौती हो । प्रदेश न २ को जनसङ्ख्याको वृद्धिसंगै अवसर तथा चुनौति दुवै विद्यमान छन् ।

**तालिका २.९: मध्यम स्तरका आधारहरु प्रयोग गरी प्रक्षेपण गरिएको प्रदेश नं. २ को जनसङ्ख्या (आधार वर्ष २०११)**

| उमेर समूह (वर्ष) | लिङ्ग | वर्ष | | | |
|---|---|---|---|---|---|
| | | २०११ | २०१९ | २०२१ | २०३१ |
| ०-१४ | जम्मा | २०,८३,६९५ | १८,०४,००५ | १८,०८,२५७ | १८,१६,०१८ |
| | पुरुष | १०,६५,२९६ | ९,६२,११५ | ९,६६,७३५ | ९,८२,०७८ |
| | महिला | १०,१८,३९९ | ८,४१,८९० | ८,४१,५२२ | ८,३३,९४० |
| ०-४ | जम्मा | ५,९३,५०२ | ६,२५,८३८ | ६,३५,९७० | ६,३५,९७० |
| | पुरुष | ३,०१,०९५ | ३,३५,८५९ | ३,४१,८५१ | ३,४१,८५१ |
| | महिला | २,९२,४०७ | २,८९,९७९ | २,९४,११९ | २,९४,११९ |
| ५-१४ | जम्मा | १४,९०,१९३ | ११,७८,१६७ | ११,७२,२८७ | ११,८०,०४८ |
| | पुरुष | ७,६४,२०१ | ६,२६,२५६ | ६,२४,८८४ | ६,४०,२२७ |
| | महिला | ७,२५,९९२ | ५,५१,९११ | ५,४७,४०३ | ५,३९,८२१ |
| १५-६४ | जम्मा | ३०,६९,२३६ | ३९,९५,६३१ | ४१,६७,६८० | ४८,२८,००३ |
| | पुरुष | १५,२०,८६१ | १९,६०,४५८ | २०,४६,९७९ | २३,९०,२८४ |
| | महिला | १५,४८,३७५ | २०,३५,१७३ | २१,२०,७०१ | २४,३७,७१९ |
| १५-२४ | जम्मा | ९,३४,७७६ | १३,१७,५७३ | १३,२२,४१७ | ११,७३,३०३ |
| | पुरुष | ४,७२,९२४ | ६,८६,६४२ | ६,९३,४५१ | ६,२२,३६५ |
| | महिला | ४,६१,८५२ | ६,३०,९३१ | ६,२८,९६६ | ५,५०,९३८ |

| उमेर समूह (वर्ष) | लिङ्ग | वर्ष | | | |
|---|---|---|---|---|---|
| | | २०११ | २०१९ | २०२१ | २०३१ |
| ६५ | जम्मा | २,५१,२१४ | ३,५९,०१३ | ३,७४,४३४ | ४,८३,०२८ |
| | पुरुष | १,३१,७८१ | १,७७,३४९ | १,८३,९७० | २,२९,०५० |
| | महिला | १,१९,४३३ | १,८१,६६४ | १,९०,४६४ | २,५३,९७८ |
| ६५-७४ | जम्मा | १,८९,४३७ | २,४१,३६५ | २,४९,४०१ | ३,२५,९०२ |
| | पुरुष | ९९,८८९ | १,२०,२९६ | १,२४,१६३ | १,५६,९८७ |
| | महिला | ८९,५४८ | १,२१,०६९ | १,२५,२३८ | १,६८,९१५ |
| ७५+ | जम्मा | ६१,७७७ | १,१७,६४९ | १,२५,०३३ | १,५७,१२६ |
| | पुरुष | ३१,८९२ | ५७,०५३ | ५९,८०७ | ७२,०६३ |
| | महिला | २९,८८५ | ६०,५९६ | ६५,२२६ | ८५,०६३ |
| सबै उमेर समूह | जम्मा | ५४,०४,१४५ | ६१,५८,६४९ | ६३,५०,३७१ | ७१,२७,०४९ |
| | पुरुष | २७,१७,९३८ | ३०,९९,९२१ | ३१,९७,६८४ | ३६,०१,४१२ |
| | महिला | २६,८६,२०७ | ३०,५८,७२८ | ३१,५२,६८७ | ३५,२५,६३७ |

**स्रोतः** केन्द्रीय तथ्याङ्क विभाग, सन् २०१४, राष्ट्रिय जनगणना २०११ को प्रतिवेदन (भाग ८), जनसङ्ख्या प्रक्षेपण २०११-२०३१ बाट गणना गरिएको

प्रक्षेपणबाट प्राप्त नतिजाको आधारमा निकालिएका मुख्य सूचकहरु तालिका २.१० मा प्रस्तुत गरिएको छ । यसले प्रक्षेपित जनसङ्ख्याको संरचनालाई थप प्रष्ट पार्दछन् । सन् २०११-२०३१ को अवधिमा बालबालिका (०-१४) उमेर समूहको जनसङ्ख्याको हिस्सा क्रमशः घट्दै गएको अवस्था (सन् २०११ मा ३९ प्रतिशत, सन् २०३१ मा २९ प्रतिशत) छ । यससँगै बाल आश्रित अनुपात पनि घट्दै गएको (सन् २०११ मा ६८ प्रतिशत, सन् २०३१ मा ४४ प्रतिशत) अवस्था छ । त्यस्तै, क्रियाशील उमेर समूहको अंश बढ्दै गएको अवस्था छ, जहाँ १५-६४ उमेर समूहमा सन् २०११ मा ५७ प्रतिशत जनसङ्ख्या रहेकोमा यो अंश बढेर सन् २०३१ मा ६५.५ प्रतिशत पुग्नेछ । सामान्यतया क्रियाशील जनसङ्ख्याको हिस्सा आधा भन्दा बढी हुने अवस्थालाई जनसाङ्ख्यिक झ्याल (demographic window of opportunity) खुलेको मानिन्छ । यो जनसाङ्ख्यिक लाभको स्थिति हो । यस आधारमा प्रदेश नं. २ को अवस्था विश्लेषण गर्दा, वर्तमानमा तथा आगामी दिनमा पनि प्रदेशमा क्रियाशील उमेर समूहको जनसङ्ख्याको अंश पर्याप्त मात्रामा ठूलो रहने छ ।

जनसङ्ख्या संरचना परिवर्तनको क्रममा इतिहासमै यस्तो जनसाङ्ख्यिक लाभको स्थिति एक पटक मात्र आउने गर्दछ । यो जनसाङख्यिक लाभको स्थितिलाई प्रदेशले उपयुक्त किसिमका रोजगारीका योजना कार्यान्वयन मार्फत् विकासमा फड्को मार्न सक्छ । जनसाङ्ख्यिक संरचना परिवर्तनको क्रममा विस्तारै बुढ्यौली जनसङ्ख्याको हिस्सा पनि बढ्दै गएको देखिन थालेको छ । सन् २०११ मा ६५ वर्ष माथिको जनसङ्ख्याको प्रतिशत ५ प्रतिशत भन्दा कम रहेकोमा सन् २०३१ मा बढेर ६ प्रतिशत पुग्ने देखिएको छ। अझ, ७५ माथिको जनसङ्ख्याको हिस्सा निकै चाँडो बढ्दै गएको देखिन्छ। सन् २०११ मा ७५ माथिको जनसङ्ख्या १ प्रतिशत रहेकोमा सन् २०३१ मा २.५ प्रतिशत पुग्ने देखिन्छ। यससँगै बृद्ध आश्रित अनुपात पनि सन् २०११-२०३१ को अवधिमा ८ प्रतिशतबाट बढेर ९ प्रतिशत पुग्ने देखिन्छ। बुढ्यौली जनसङ्ख्या बढ्दै जाँदा राज्यलाई पर्ने सामाजिक तथा आर्थिक उत्तरदायित्वको भार पनि बढ्दै जाने देखिन्छ। अर्कोतर्फ क्रियाशील जनसङ्ख्यामाथि पर्ने भार पनि बढ्दै जानेछ।

**तालिका २.१०: प्रदेश नं. २ को जनसङ्ख्या प्रक्षेपणबाट प्राप्त सारांश सूचकहरू (आधार वर्ष २०११)**

| जनसङ्ख्या | आधार वर्ष | प्रक्षेपण गरिएको वर्ष | | |
|---|---|---|---|---|
| | २०११ | २०१९ | २०२१ | २०३१ |
| जम्मा | ५४,०४,१४५ | ६१,५८,६४९ | ६३,५०,३७१ | ७१,२७,०४९ |
| महिला | २६,८६,२०७ | ३०,५८,७२८ | ३१,५२,६८७ | ३५,२५,६३७ |
| पुरुष | २७,१७,९३८ | ३०,९९,९२१ | ३१,९७,६८४ | ३६,०१,४१२ |
| **उमेर समूह अनुसारको जनसङ्ख्या (%)** | | | | |
| ०-१४ | ३८.६ | २९.३ | २८.५ | २५.५ |
| ०-४ | ११.० | १०.२ | १०.० | ८.९ |
| ५-१४ | २७.६ | १९.१ | १८.५ | १६.६ |
| १५-६४ | ५६.८ | ६४.९ | ६५.६ | ६७.७ |
| १५-२४ | १७.३ | २१.४ | २०.८ | १६.५ |
| ६५+ | ४.६ | ५.८ | ५.९ | ६.८ |
| ६५-७४ | ३.५ | ३.९ | ३.९ | ४.६ |
| ७५+ | १.१ | १.९ | २.० | २.२ |
| मध्यम उमेर (वर्ष) | २१.२ | २४.७ | २५.४ | २९.६ |

| उमेर समूह अनुसारको जनसङ्ख्या (%) | | | | |
|---|---|---|---|---|
| १५-४९ का महिला (%) | ४८.५ | ५६.१ | ५६.५ | ५५.८ |
| आश्रित अनुपात (%) | ७६.१ | ५४.१ | ५२.४ | ४७.६ |
| वृद्ध आश्रित अनुपात (%) | ८.२ | ९.० | ९.० | १०.० |
| वाल आश्रित अनुपात(%) | ६७.९ | ४५.१ | ४३.४ | ३७.६ |

**स्रोतः** केन्द्रीय तथ्याङ्क विभाग, सन् २०१४ (राष्ट्रिय जनगणना २०११ को प्रतिवेदन (भाग ८) तथा जनसङ्ख्या प्रक्षेपण २०११-२०३१ बाट गणना गरिएको)

सन् २०११-२०३१ को अवधिमा जनसङ्ख्याको मध्यम उमेर पनि बढ्दै गएको देखिएको छ । सन् २०११ मा आधा जनसङ्ख्या २१.२ वर्ष सम्म उमेरका रहेकोमा यो वर्षमा वृद्धिभई सन् २०३१ मा आधा जनसङ्ख्या समेट्ने उमेर २९.६ वर्ष रहने छ ।

## २.६ बुद्यौली जनसङ्ख्या (७० वर्ष उमेर भन्दा माथि) को विवरण

राष्ट्रिय जनगणना २०११ को तथ्याङ्कलाई आधार मानी प्रक्षेपण गरिएको तथ्याङ्कको आधारमा जिल्ला तहमा बुढ्यौली जनसङ्ख्या मध्ये ७० वर्ष माथिको जनसङ्ख्याको आकार तालिका २.११ मा प्रस्तुत गरिएको छ। यो उमेर समूहका  जनसङ्ख्या नेपाल सरकारको वर्तमान प्रावधान अनुरुप सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने समूह पनि हो । यहाँ हरेक जिल्लाको ७० वर्ष माथिको उमेर समूहको जनसङ्ख्या देखाइएको छ । प्रदेश नं. २ को ७० वर्ष माथिको उमेर समूहको जनसङ्ख्या सन् २०११ मा १ लाख ३८ हजार ७५४ जना गणना गरिएको थियो। सन्  २०१९ मा सो जनसङ्ख्या बढेर २ लाख २१ हजार ९२२ जना पुगेको प्रक्षेपण गरिएको छ। यो उमेर समूहको जनसङ्ख्या पुरुष भन्दा महिलाहरुको केही बढी देखिन्छ ।

सन् २०१९ को प्रक्षेपित तथ्याङ्कलाई अध्ययन गर्दा प्रदेश नं. २ का जिल्लाहरुमध्ये सर्लाही जिल्लामा ७० वर्ष माथिको उमेर समूहको जनसङ्ख्याको सबभन्दा धेरै ३१ हजार ७५० जना रहेका  छन् ।  यसैगरी पर्सा जिल्लामा सबैभन्दा कम २५ हजार २९५ जना रहेका छन्। पाँच जिल्ला (सप्तरी, सिराहा, धनुषा, महोत्तरी र सर्लाही) मा यो उमेर समूहमा पुरुष भन्दा महिला अलि बढी सङ्ख्यामा रहेका छन्। तीन जिल्ला (रौतहट, बारा र पर्सा) मा महिलाको भन्दा पुरुषको सङ्ख्या केही बढी रहेको छ ।

### तालिका २.११: प्रदेश नं. २ को ७० वर्ष माथिको जनसङ्ख्या विवरण, २०११ र २०१९

| जिल्ला | २०११ (गणना गरिएको) | | | २०१९ (प्रक्षेपित) | | |
|---|---|---|---|---|---|---|
| | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला |
| सप्तरी | १७,३३९ | ८,९९४ | ८,३४५ | २५,३६२ | ११,९४५ | १३,४१७ |
| सिराहा | १७,०९९ | ८,८४१ | ८,२५८ | २५,१४३ | ११,५६४ | १३,५७८ |
| धनुषा | १८,६२६ | ९,९६४ | ८,६६२ | ३०,०१२ | १४,४८३ | १५,५२९ |
| महोत्तरी | १६,६४६ | ८,७८९ | ७,८५७ | २५,२८० | ११,९१२ | १३,३६८ |
| सर्लाही | २०,६६१ | १०,६२३ | १०,०३८ | ३१,७५० | १५,६९० | १६,०६० |
| रौतहट | १८,५८२ | ९,८०८ | ८,७७४ | २९,७६७ | १४,९८३ | १४,७८४ |
| बारा | १६,५९३ | ८,९१३ | ७,६८० | २९,३१३ | १४,७३२ | १४,५८१ |
| पर्सा | १३,२०८ | ७,२७८ | ५,९३० | २५,२९५ | १३,००१ | १२,२९४ |
| **प्रदेश नं. २** | **१,३८,७५४** | **७३,२१०** | **६५,५४४** | **२,२१,९२२** | **१,०८,३११** | **१,१३,६११** |

**स्रोत:** केन्द्रीय तथ्याङ्क विभाग, २०१४ राष्ट्रिय जनगणना २०११ को प्रतिवेदन (भाग ८) बाट गणना गरिएको

## २.७ स्थानीय तहहरुको जनसङ्ख्या तथा जनघनत्व

प्रदेश नं. २ का जिल्लाहरुका सबै स्थानीय तहहरुको जनसङ्ख्या तथा जनघनत्वको विवरण परिशिष्ट तालिकाहरुमा (तालिका २) प्रस्तुत गरिएको छ । सन् २०११ को जनगणनाको आधारमा जनघनत्व निकालिएको छ। स्थानीय तहको प्रक्षेपित जनसङ्ख्या जिल्लातहको प्रक्षेपित जनसङ्ख्याबाट अनुपातिक वृद्धिको सिद्धान्त (ratio method) अवलम्बन गरी निकालिएको छ ।

स्थानीय तहको आधारमा जनसङ्ख्याका सबै सूचकहरु उपलब्ध नभएकोले हरेक स्थानीय तहको जनसङ्ख्या अलग प्रक्षेपण गर्न सम्भव नभएको हो । त्यसैले यहाँ जिल्ला तहको वृद्धिदर नै हरेक स्थानीय तहमा लागु हुने कुरालाई मानिएको छ। यसो गर्दा पनि केही निश्चित शहरी क्षेत्र छोडेर बाँकी सबैजसो क्षेत्रमा निकालिएको प्रक्षेपित जनसङ्ख्यामा त्यति फरक पर्दैन। यहाँ स्थानीय तहको प्रक्षेपित जनसङ्ख्या सन् २०२१ सम्मको लागि मात्र दिइएको छ । वर्तमानको जनसङ्ख्या अनुमान गर्नको लागि सन् २०१६ र २०२१ को प्रक्षेपित जनसङ्ख्यालाई प्रयोग गरी सरलरेखीय अनुमान विधिबाट सन् २०१९ को जनसङ्ख्या निकालिएको छ । यो विवरण परिशिष्ट तालिका २ मा प्रस्तुत गरिएको छ ।

उक्त विवरण अनुसार प्रदेश नं. २ मा एक लाख भन्दा बढी जनसङ्ख्या भएका शहर /नगरपालिकाहरु यस प्रकारका रहेका छन् । पर्सा जिल्लाको वीरगञ्ज २ लाख ८१ हजार ८०२, धनुषा जिल्लाको जनकपुरधाम १ लाख ७८ हजार ९३०, बारा जिल्लाको कलैया १ लाख ४५ हजार ६३१ र जितपुर सिमरा १ लाख ३८ हजार ६१२ तथा सिराहाको लहान १ लाख ३०८ जनसङ्ख्या रहेका छन् । त्यस्तै, यस प्रदेशमा ५० हजारदेखि १ लाखसम्म जनसङ्ख्या हुने नगरपालिकाहरू २९ वटा रहेका छन् । जसमा सप्तरी जिल्लामा ३, सिराहा जिल्लामा ५, धनुषा जिल्लामा ३, महोत्तरी जिल्लामा ५, सर्लाही जिल्लामा ७, रौतहट जिल्लामा ४ तथा वारा जिल्लामा २ वटा रहेका छन् । सबै गाउँपालिकाहरुको जनसङ्ख्या ५० हजारभन्दा कम रहेको छ ।

प्रदेश नं. २ का धेरै स्थानीय तहहरुमा उच्च जनघनत्व रहेको छ । प्रति बर्ग कि. मी. १००० भन्दा बढी जनघनत्व हुने स्थानीय तह अन्तर्गत नगरपालिहरुमा सप्तरी जिल्लाको राजविराज, धनुषा जिल्लाको जनकपुरधाम, महोत्तरी जिल्लाको मटिहानी र जलेश्वर, सर्लाही जिल्लाको हरिपूर्वा र मलंगवा, रौतहट जिल्लाको राजपुर, राजदेवी, परोहा, गौर, गरुडा र ईशनाथ, बारा जिल्लाको सिम्रौनगढ़ र कलैया तथा पर्साको वीरगञ्ज, पोखरिया र बहुदरमाई रहेका छन् ।

त्यस्तै प्रति बर्ग कि. मी. १००० भन्दा बढी जनघनत्व भएका गाउँपालिका तर्फ महोत्तरी जिल्लाको सम्सी र एकडारा, सर्लाही जिल्लाको रामनगर, चक्रघट्टा र कौडेना, रौतहट जिल्लाको यमुनामाई र दुर्गा भगवती, बारा जिल्लाको विश्रामपुर, फेटा, प्रसौनी, परवानीपुर र आदर्श कोटवाल तथा पर्सा जिल्लाको छिपहरमाई रहेका छन् । विस्तृत विवरणको लागि परिशिष्ट तालिका २ मा स्पष्ट गरिएको छ ।

# एकाइ ३ : प्रजनन तथा प्रजनन स्वास्थ्य

यस एकाइमा प्रदेश नं. २ को जनसङ्ख्याको वैवाहिक स्थिति, प्रजनन दरहरु तथा प्रजनन स्वास्थ्यसँग सम्बन्धित प्रमुख सूचकहरुको अवस्थालाई प्रस्तुत गरिएको छ । यसका लागि सन् २०११ को जनगणना तथा नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०१६ को तथ्याङ्कलाई मुख्य रुपमा प्रयोग गरिएको छ । साथै तिनै तथ्याङ्कलाई मुख्य आधार मानिएको छ ।

## ३.१ वैवाहिक स्थिति

सन् २०११ को जनगणनाबाट प्राप्त १० वर्ष माथिको जनसङ्ख्याको वैवाहिक स्थितिलाई तालिका ३.१ मा प्रस्तुत गरिएको छ । यसले जनसङ्ख्याको वैवाहिक स्थितिलाई स्पष्ट पार्दछ । साथै तथ्याङ्कलाई लैङ्गिक आधारमा खण्डिकृत गरी जिल्ला तहमा प्रस्तुत गरिएको छ । यस प्रदेशमा १० वर्ष माथिका करिब १३ लाख अविवाहित मानिस रहेका छन् । ती मध्ये ७ लाख ५ ० हजार भन्दा बढी पुरुष र करिब ५ लाख ५० हजार महिला रहेका छन् ।

यस प्रदेशमा २६ लाख मानिस विवाहित रहेका छन । जसमा हाल विवाहित, पुनर्विवाह गरेका तथा धेरै पटक विवाह गरेका समेत पर्दछन । यस समूहमा पनि पुरुषको तुलनामा महिलाको सङ्ख्या निकै बढी रहेको छ । तथ्याङ्कका अनुसार पुरुष १२ लाख २० हजार र महिला १३ लाख ८० हजार रहेका छन् । यस प्रदेशमा १ लाख २५ हजार विधवा र विधुर रहेका छन् । ती मध्ये प्रत्येक ७ जनामा २ जना पुरुष तथा ५ जना महिला रहेका छन् । प्रत्येक जिल्लामा विधुर पुरुषको तुलनामा विधवा महिलाको सङ्ख्या उल्लेख्य रुपमा बढी रहेको छ । सम्बन्ध विच्छेद भएका तथा छुट्टिएर बसेकाहरुको सङ्ख्या यस प्रदेशमा न्यून छ ।

### तालिका ३.१: प्रदेश नं. २ को १० वर्ष माथिको जनसङ्ख्याको वैवाहिक स्थिति अनुसारको विवरण, २०११

| जिल्ला | लिङ्ग | अविवाहित | विवाहित | विधवारविधुर | सम्बन्ध विच्छेद भएका | छुट्टिएर बसेका |
|---|---|---|---|---|---|---|
| सप्तरी | जम्मा | १,५७,६०२ | ३,१८,२६४ | १३,३९२ | २३० | ४०६ |
| | पुरुष | ८७,४३५ | १,४६,५०१ | ३,१६६ | ७६ | १११ |
| | महिला | ७०,१६७ | १,७१,७६३ | १०,२२६ | १५४ | २९५ |

| जिल्ला | लिङ्ग | अविवाहित | विवाहित | विधवारविधुर | सम्बन्ध विच्छेद भएका | छुट्टिएर बसेका |
|---|---|---|---|---|---|---|
| सिराहा | जम्मा | १,५६,६५५ | ३,०६,७९२ | १५,८७७ | १५० | ३६९ |
| | पुरुष | ९०,३६० | १,३४,७६८ | ४,३४३ | ५७ | १२३ |
| | महिला | ६६,२९५ | १,७२,०२४ | ११,५३४ | ९३ | २४६ |
| धनुषा | जम्मा | १,९४,९१० | ३,६८,८७४ | १५,५८६ | २०३ | ४२५ |
| | पुरुष | १,१७,५२३ | १,६७,१३४ | ४,०७९ | १०८ | २०२ |
| | महिला | ७७,३८७ | २,०१,७४० | ११,५०७ | ९५ | २२३ |
| महोत्तरी | जम्मा | १,५३,५५६ | २,९४,८९२ | १६,९५४ | २०५ | ४५७ |
| | पुरुष | ९०,४८९ | १,३३,३८६ | ५,००२ | १२२ | १९५ |
| | महिला | ६३,०६७ | १,६१,५०६ | ११,९५२ | ८३ | २६२ |
| सर्लाही | जम्मा | १,९०,७४५ | ३,६२,६५८ | १९,३५५ | २९९ | ६४६ |
| | पुरुष | १,१०,७२१ | १,७२,९१३ | ५,६८३ | १८६ | २७७ |
| | महिला | ८०,०२४ | १,८९,७४५ | १३,६७२ | ११३ | ३६९ |
| रौतहट | जम्मा | १,५५,९५५ | ३,२९,१४० | १५,७८४ | १६९ | ३९७ |
| | पुरुष | ९१,०८५ | १,६१,२७५ | ४,७१७ | ८८ | १७७ |
| | महिला | ६४,९१० | १,६७,८६५ | ११,०६७ | ८१ | २२० |
| बारा | जम्मा | १,६२,८६३ | ३,२८,१०६ | १७,२५६ | २१० | ५०५ |
| | पुरुष | ९४,८२९ | १,५९,४६९ | ५,२८२ | १२० | १७६ |
| | महिला | ६८,०३४ | १,६८,६३७ | ११,९७४ | ९० | ३२९ |
| पर्सा | जम्मा | १,४२,८०१ | २,९२,०३६ | १२,४६९ | १६१ | २६३ |
| | पुरुष | ८६,११२ | १,४३,८८६ | ३,७९९ | ७२ | १२५ |
| | महिला | ५६,६८९ | १,४८,१५० | ८,६७० | ८९ | १३८ |
| **प्रदेश नं. २** | **जम्मा** | **१३,१५,१२७** | **२६,००,७६२** | **१,२६,६७३** | **१,६२७** | **३,४६८** |
| | **पुरुष** | **७६८५५४** | **१२१९३३२** | **३६०७१** | **८२९** | **१,३८६** |
| | **महिला** | **५४६५७३** | **१३८१४३०** | **९०६०२** | **७९८** | **२,०८२** |

**स्रोतः** केन्द्रीय तथ्याङ्क विभाग २०१२, राष्ट्रिय जनगणना सन् २०११ को प्रतिवेदन (भाग १) बाट गणना गरिएको

वैवाहिक स्थितिको प्रजननसँग निकट तथा प्रत्यक्ष सम्बन्ध रहेको हुन्छ । त्यसैले पहिलो विवाह गर्दाको उमेर तथा अविवाहित रहिरहने औसत उमेरको जनसङ्ख्या गतिशीलतामा महत्वपूर्ण भूमिका हुन्छ । प्रदेश नं. २ तथा राष्ट्रिय जनसङ्ख्याको

अविवाहित रहिरहने औसत उमेर (Singulate Mean Age at Marriage) चित्र ३.१ मा प्रस्तुत गरिएको छ।

राष्ट्रिय औसतमा महिलाहरु २० वर्षसम्म अविवाहित रहन्छन् तर प्रदेश नं. २ मा औसतमा महिलाहरु १८ वर्ष सम्म अविवाहित रहन्छन्। त्यस्तै, पुरुषतर्फ पनि नेपालको औसत (२३.६ वर्ष) को तुलनामा प्रदेश नं. २ को औसत अविवाहित रहने उमेर १ वर्ष कम (२२.५ वर्ष) रहेको छ।

**चित्र ३.१:** प्रदेश नं. २ मा महिला तथा पुरुषहरुको अविवाहित रहिरहने औसत उमेर (Singulate Mean Age at Marriage)




**स्रोत:** नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०१६ को तथ्याङ्क विश्लेषण गरिएको

महिलाहरुको प्रजनन क्षमता खास उमेर समूह भित्र (सामान्यतया १५-४९ वर्ष) र हने गर्दछ। प्रजननको दृष्टिले महिलाको विवाह गर्दाको उमेरले खास महत्व राख्दछ। तालिका ३.२ मा प्रदेश नं. २ का महिलाको हालको उमेर अनुसार निश्चित उमेर पुग्दा विवाह भैसकेकाको प्रतिशत देखाइएको छ। प्रदेश नं. २ मा लगभग ७० प्रतिशत महिला १८ वर्ष पुग्दा तथा ९० प्रतिशत महिला बीस वर्ष पुग्दा विवाहित भैसकेका हुन्छन्। २०-४९ उमेर समूहका महिला मध्ये १६.५ वर्ष पुग्दा ५० प्रतिशतको विवाह भैसकेको हुन्छ। समग्रमा, यस प्रदेशमा बहुसङ्ख्यक महिलाको विवाह कानुनले तोकेको न्युनतम उमेर भन्दा कम उमेरमै हुने गरेको अवस्था छ।

**तालिका ३.२: प्रदेश नं. २ का महिलाहरुको पहिलो विवाह गर्दाको उमेर: निश्चित उमेर पुग्दा विवाह गरिसकेकाको प्रतिशत (१५-४९ उमेरका नमुना छनोटमा परेका महिलामध्ये)**

| हालको उमेर | उल्लेखित उमेर लाग्दा विवाह भैसकेकाको प्रतिशत | | | | | मध्यम उमेर | महिलाको सङ्ख्या |
|---|---|---|---|---|---|---|---|
| | १५ | १८ | २० | २२ | २५ | | |
| १५-१९ | ७.२ | | | | | | ५५४ |
| २०-२४ | १२.९ | ६५.४ | ८२.८ | | | १७.१ | ४४२ |
| २५-२९ | १७.५ | ७३.८ | ८७.० | ९४.९ | ९७.७ | १६.६ | ४३७ |
| ३०-३४ | २४.१ | ७९.७ | ९३.० | ९८.० | ९९.६ | १६.३ | ३१५ |
| ३५-३९ | २२.५ | ८२.७ | ९३.५ | ९७.४ | ९९.१ | १६.२ | ३५१ |
| ४०-४४ | १९.५ | ७७.९ | ९२.१ | ९७.५ | ९८.८ | १६.४ | २७९ |
| ४५-४९ | १५.४ | ७८.९ | ९३.२ | ९६.० | ९९.३ | १६.३ | १८६ |
| २०-४९ | १८.५ | ७५.५ | ८९.४ | ९५.२ | ९७.३ | १६.५ | २००९ |

**स्रोत:** नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण सन् २०१६ को तथ्याङ्क विश्लेषण गरिएको

पहिलो विवाहको उमेरका साथै यौन सम्पर्कको शुरुआतको उमेर पनि प्रजनन स्थितिको अध्ययनको अर्को महत्वपूर्ण पक्ष हो। प्रदेश नं. २ का महिलाहरुको यौन सम्पर्क शुरुआत भएको उमेर तालिका ३.३ मा प्रस्तुत गरिएको छ। यस अनुसार, यस प्रदेशमा महिलाको विवाह गर्ने पहिलो उमेर तथा यौन सम्पर्कको शुरुआतको उमेरमा खास अन्तर देखिंदैन। यसको अर्थ, आम रुपमा विवाह पश्चात् यौन सम्पर्क शुरुवात भएको भन्ने हो। प्रदेश नं. २ मा २०-४९ उमेर समूहका महिला मध्ये ७३ प्रतिशतले १८ वर्ष पुग्दा तथा ८९ प्रतिशतले २० बर्ष पुग्दा यौन सम्पर्क गर्न शुरुआत गरिसकेका हुन्छन। त्यस्तै, १६.५ वर्ष पुग्दा ५० प्रतिशत महिलाले यौन सम्पर्क गर्न शुरुआत गरिसकेका हुन्छन्। कम उमेरमै विवाहित भई यौन सम्पर्कको शुरुआत गर्नले कम उमेरमै सन्तान जन्माउनु पर्ने अवस्था हुन सक्छ। यसलाई महिला तथा सन्तान दुबैको स्वास्थ्यको लागि बढी जोखिमपूर्ण मानिन्छ।

### तालिका ३.३ः प्रदेश नं. २ का महिलाहरुको पहिलो पटक यौन सम्पर्क गर्दाको उमेरः निश्चित उमेर पुग्दा यौन सम्पर्क गरिसकेकाको प्रतिशत (१५-४९ उमेरका नमुना छनोटमा परेका महिला मध्ये)

| हालको उमेर | उल्लेखित उमेर पुग्दा यौन सम्पर्क गरिसकेकाको प्रतिशत | | | | | यौन सम्पर्कको मध्यम उमेर | महिलाको सङ्ख्या |
|---|---|---|---|---|---|---|---|
| | १५ | १८ | २० | २२ | २५ | | |
| १५-१९ | ५.४ | | | | | | ५५४ |
| २०-२४ | ११.१ | ६०.९ | ८२.१ | | | १७.२ | ४४२ |
| २५-२९ | १६.७ | ७१.० | ८६.७ | ९४.६ | ९७.७ | १६.७ | ४३७ |
| ३०-३४ | २०.४ | ७७.१ | ९३.१ | ९७.९ | ९९.६ | १६.५ | ३१५ |
| ३५-३९ | १७.० | ८०.९ | ९२.८ | ९७.४ | ९९.४ | १६.३ | ३५१ |
| ४०-४४ | १७.२ | ७५.७ | ९२.५ | ९७.० | ९८.८ | १६.५ | २७९ |
| ४५-४९ | १२.१ | ७६.० | ९१.८ | ९५.२ | ९९.२ | १६.५ | १८६ |
| २०-४९ | १५.८ | ७२.६ | ८९.० | ९५.० | ९७.२ | १६.६ | २,००९ |

**स्रोतः** नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण सन् २०१६ को तथ्याङ्क विश्लेषण गरीएको

## ३.२ प्रजनन दरहरु

यस खण्डमा प्रदेश नं. २ को प्रजनन दरहरुलाई प्रस्तुत गरिएको छ। यसका लागि नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०१६ को तथ्याङ्क विश्लेषण गरिएको छ। तालिका ३.४ मा प्रदेश नं. २ तथा राष्ट्रिय स्तरको उमेर विशिष्ट प्रजननदर तथा कूल प्रजननदर देखाइएको छ। उमेर विशिष्ट प्रजनन दर निकाल्न सर्वेक्षणमा सूचना सङ्कलन गरेको मितिदेखि ३६ महिना पहिले सम्मको जन्मलाई आधार मानिएको छ। महिलाको बच्चा जन्माउँदाको उमेरको आधारमा उनको जन्म जोखिमको अवधि (persons year of exposure) गणना गरी निश्चित उमेर समूहमा समावेश गरिएको छ।

नेपालमा औसतमा प्रति १० जना प्रजनन उमेरका महिलाहरुमा २३ जना बच्चा रहेको छ। तर यस प्रदेशमा त्यति नै महिलाहरुमा ३० जना बच्चा रहेको छ। १५-१९ उमेर समूहमा नै बच्चा जन्माउनुलाई किशोरावस्थाको प्रजनन भनिन्छ। यस्तो अवस्थाको प्रजननको स्थिति प्रदेश २ मा अति उच्च रहेको देखिन्छ। यस प्रदेशमा १५-१९ को उमेर विशिष्ट प्रजनन दर १४६ (प्रति १००० जना १५ -१९ का महिलाहरुसँग १४६ जना बच्चा रहेको) हुनुले सो कुरालाई पुष्टि गर्दछ । यो निकै संवेदनशील अवस्था पनि हो। २०-२४ उमेर समूहमा सबैभन्दा बढी प्रजनन दर रहेको छ। यो नेपालको प्रजनन उमेर संरचनाको पहिले देखिकै गुण हो।

**तालिका ३.४: राष्ट्रियस्तर तथा प्रदेश नं. २ का महिलाहरुको उमेर विशिष्ट प्रजननदर तथा कूल प्रजननदर**

| उमेर समूह | उमेर विशिष्ट प्रजनन दर, २०१६ | |
|---|---|---|
| | प्रदेश नं. २ | नेपाल |
| १५-१९ | १४६ | ८८ |
| २०-२४ | २३२ | १७२ |
| २५-२९ | १४५ | १२४ |
| ३०-३४ | ५४ | ५९ |
| ३५-३९ | २० | १८ |
| ४०-४४ | ४ | ६ |
| ४५-४९ | ४ | २ |
| **कूल प्रजनन दर (प्रति महिला)** | **३.०** | **२.३** |

**स्रोत:** नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण सन् २०१६ को तथ्याङ्क विश्लेषण गरिएको

राष्ट्रिय स्तरमा तथा प्रदेश नं. २ को प्रजननको उमेर संरचनामा हुने फरकलाई चित्र ३.१ मा प्रस्तुत गरिएको छ। राष्ट्रिय स्तरको औसत तुलनामा प्रदेश नं. २ को कूल प्रजननदर बढी हुनुमा पहिलो ३ वटा प्रजनन उमेर समूह (१५-२९ उमेर) को मात्र योगदान छ। त्यसमा पनि अझ १५-१९ र २०-२४ उमेर समूहको योगदान बढी छ। प्रजननदर कम गर्ने नीति बनाउदा १५-१९ उमेर समूहलाई विशेष ध्यान दिनु आवश्यक छ।

**चित्र ३.२: राष्ट्रिय औसत तथा प्रदेश नं. २ वीच प्रजनन दरको उमेर संरचनाको फरक**




**स्रोत:** नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०१६ को तथ्याङ्क विश्लेषण

औसतमा कम उमेरमै विवाह हुनु र किशोरावस्थाको प्रजनन दर उच्च भएको अवस्थामा महिलाको पहिलो सन्तान जन्माउँदाको उमेर कति थियो भन्ने कुरा महत्वपूर्ण हुन्छ । तालिका ३.५ मा हालको उमेरको आधारमा निश्चित उमेर पुग्दा पहिलो सन्तान जन्माईसकेका महिलाको प्रतिशत देखाइएको छ । यसमा २०-४९ उमेर समूहका महिलाहरुमध्ये २९ प्रतिशतले १८ वर्ष पुग्दा पहिलो सन्तान जन्माइसकेको देखिन्छ। करिब १९ वर्ष पुग्दा ५० प्रतिशतले महिलाले पहिलो सन्तान जन्माइसकेका हुन्छन । त्यस्तै, २० वर्ष पुग्दा ६२ प्रतिशतले महिलाले पहिलो सन्तान जन्माइसकेको अवस्था छ । कम उमेरमा हुने प्रजननले महिलाको स्वास्थ्य अवस्था थप जोखिममा रहेको देखिन्छ ।

### तालिका ३.५: प्रदेश नं. २ का महिलाहरुको पहिलो सन्तान जन्माउदाको उमेरः निश्चित उमेर पुग्दा पहिलो सन्तान जन्माईसकेकाको प्रतिशत (१५-४९ उमेरका नमुना छनोटमा परेका महिला मध्ये)

| हालको उमेर | उल्लेखित उमेर पुग्दा पहिलो सन्तान जन्माइ सक्नेको प्रतिशत | | | | | पहिलो सन्तान जन्माउँदाको मध्यम उमेर | महिलाको सङ्ख्या |
|---|---|---|---|---|---|---|---|
| | १५ | १८ | २० | २२ | २५ | | |
| १५-१९ | १.७ | | | | | | ५५४ |
| २०-२४ | १.४ | २८.१ | ५८.६ | | | १९.४ | ४४२ |
| २५-२९ | २.६ | २७.१ | ६२.१ | ८४.० | ९३.१ | १९.३ | ४३७ |
| ३०-३४ | २.९ | ३३.४ | ६६.० | ८४.८ | ९३.० | १८.९ | ३१५ |
| ३५-३९ | ३.० | ३६.३ | ६६.७ | ८५.८ | ९५.४ | १८.९ | ३५१ |
| ४०-४४ | १.४ | २५.३ | ५९.९ | ८१.३ | ९१.८ | १९.५ | २७९ |
| ४५-४९ | ०.७ | २०.५ | ५६.६ | ७८.० | ९०.९ | १९.७ | १८६ |
| २०-४९ | २.१ | २९.१ | ६१.९ | ८०.९ | ८९.७ | १९.३ | २,००९ |

**स्रोतः** नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण सन् २०१६, को तथ्याङ्क विश्लेषण

तालिका ३.६ मा प्रदेश नं. २ तथा राष्ट्रिय स्तरमा प्रजनन सम्बन्धी महत्वपूर्ण थप सूचकहरू उल्लेख गरिएको छ। सबै सूचकले प्रदेश नं. २ मा राष्ट्रिय स्तरको तुलनामा किशोरावस्था (१५-१९ उमेर समूह) मा प्रजनन उच्च रहेको पुष्टि गर्दछन् ।

### तालिका ३.६ : नेपाल तथा प्रदेश नं. २ मा प्रजननका केही सूचकहरू

| सूचकहरु | प्रदेश नं. २ | नेपाल |
|---|---|---|
| १५-१९ उमेरका महिला मध्ये सन्तान जन्माईसकेकाको प्रतिशत | २१. | १२.९ |
| १५-१९ उमेरका महिला मध्ये प्रथम पटक गर्भवती भएकाको प्रतिशत | ६.३ | ३.८ |
| १५-१९ उमेरका महिला मध्ये सन्तान उत्पादन प्रक्रिया शुरु गरिसकेकाको प्रतिशत | २७.३ | १६.७ |
| २५-४९ उमेरका महिला मध्ये पहिलो सन्तान जन्माउदाको मध्यम उमेर (वर्ष) | १९.२ | २०.४ |

**स्रोतः** नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०१६ को प्रतिवेदन

## ३.३ गर्भ निरोधका साधनहरुको प्रयोगको स्थिति

यस खण्डमा प्रदेश नं. २ मा दम्पतीको परिवार योजना र यसका लागि अपनाइने विधिहरुको प्रयोगको अवस्थाको चर्चा गरिएको छ । तालिका ३.७ मा प्रजनन उमेर समूहका विवाहित महिलाहरुको गर्भ निरोधका साधनहरुको प्रयोगको स्थिति चित्रण गरिएको छ । यस प्रदेशमा प्रजनन उमेर समूहका विवाहित महिला मध्ये ४७.७ प्रतिशत महिलाले कुनै न कुनै किसिमको गर्भ निरोधको साधन प्रयोग गर्दछन । साथै गर्भ निरोधका लागि आधुनिक विधिहरुको प्रयोग गर्ने ४२ प्रतिशत तथा परम्परागत तरिका प्रयोग गर्ने ६ प्रतिशत रहेका छन् । आधुनिक साधन प्रयोगको अवस्था प्रदेश नं. २ तथा राष्ट्रिय स्तरमा समान रहेको छ ।

### तालिका ३.७ : १५-४९ उमेर समूहका विवाहित महिलाहरुको गर्भ निरोधका साधनहरुको प्रयोगको स्थिति

| गर्भ निरोधका साधनको प्रयोगको स्थिति | प्रदेश नं. २ | | नेपाल | |
|---|---|---|---|---|
| | प्रगोग गर्नेको प्रतिशत | छनोटमा परेका महिलाको सङ्ख्या | प्रगोग गर्नेको प्रतिशत | छनोटमा परेका महिलाको सङ्ख्या |
| हाल प्रयोग नगर्ने | ५२.३ | १,१३४ | ४७.४ | ४,६७९ |
| आधुनिक साधन प्रयोग गर्ने | ४२.२ | ९१५ | ४२.८ | ४,२२५ |
| परम्पागत तरिका प्रयोग गर्ने | ५.५ | ११९ | ९.८ | ९७० |
| **जम्मा** | **१००.०** | **२,१६८** | **१००.०** | **९,८७५** |

**स्रोतः** नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण सन् २०१६ को तथ्याङ्क विश्लेषण

परिवार नियोजन (व्यवस्थापन) कार्यक्रम मार्फत् गर्भ निरोधका विभिन्न आधुनिक साधनहरुको सेवा दिइएको सन्दर्भमा के कति प्रयोगकर्ताहरुले कुन कुन साधन प्रयोग गर्छन भन्ने कुरा तालिका ३.८ मा देखाइएको छ। प्रदेश नं. २ मा महिला बन्ध्याकरण गर्ने सबैभन्दा बढी ३२ प्रतिशत रहेका छन्। तीन महिने सुई लगाउने ५ प्रतिशत मात्र रहेका छन्। लामो समयको काम गर्ने साधन (long acting reversible contraceptive) प्रयोग गर्ने दम्पतीहरु निकै कम रहेका छन्। प्रदेश नं. २ र राष्ट्रिय स्रतको वीचमा तुलना गर्दा आधुनिक साधनहरुको प्रयोगको स्थिति उस्तै भए पनि संरचनामा उल्लेख्य फरक रहेको छ। यस प्रदेशमा पुरुष बन्ध्याकरण गर्ने ज्यादै न्यून रहेका छन्। राष्ट्रिय स्रतरमा झन्डै ६ प्रतिशतले पुरुष बन्ध्याकरण गरेका छन् । राष्ट्रिय औसतमा पनि सबैभन्दा लोकप्रिय साधन महिला बन्ध्याकरण भए पनि यो प्रयोग गर्नेको हिस्सा १५ प्रतिशत मात्र रहेको छ। तर सोही हिस्सा प्रदेश नं. २ मा ३२ प्रतिशत छ। त्यस्तै तीन महिने सुई प्रयोग गर्ने राष्ट्रिय औषतमा ९ प्रतिशत रहेको छ भने यस प्रदेशमा ५ प्रतिशत मात्र छन्।

**तालिका ३.८ प्रदेश नं. २ मा १५-४९ उमेरका विवाहित महिलाहरुमध्ये विभिन्न प्रकारका गर्भ निरोधका साधनहरुको प्रयोगको स्थिति**

| प्रयोगको स्थिति | प्रगोग गर्नेको प्रतिशत | |
|---|---|---|
| | प्रदेश नं. २ | नेपाल |
| कुनै पनि साधन प्रयोग गर्ने | ४७.७ | ५२.६ |
| कुनै पनि आधुनिक साधन प्रयोग गर्ने | ४२.२ | ४२.८ |
| महिला बन्ध्याकरण गर्ने | ३१.९ | १४.७ |
| पुरुष बन्ध्याकरण गर्ने | ०.५ | ५.५ |
| खाने चक्की प्रयोग गर्ने | २.० | ४.६ |
| पाठेघरमा राख्ने साधन (कपर( टी) प्रयोग गर्ने | ०.६ | १.४ |
| तीन महिने सुई प्रयोग गर्ने | ४.७ | ८.९ |
| पाखुरामा राख्ने साधन (क्ष्उबिलत) प्रयोग गर्ने | १.४ | ३.३ |
| कन्डम प्रयोग गर्ने | १.१ | ४.२ |
| कुनै पनि परम्परागत साधन प्रयोग गर्ने | ५.५ | ९.८ |
| पात्रो विधि प्रयोग गर्ने | १.० | १.१ |
| बाह्य स्खलन विधि प्रयोग गर्ने | ४.४ | ८.७ |
| हाल कुनै साधन प्रयोग नगर्ने | ५२.३ | ४७.४ |
| छनोटमा परेका महिलाको संख्या | २,१६८ | ९,८७५ |

**स्रोत:** नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण सन् २०१६ को तथ्याङ्क विश्लेषण

प्रदेश नं. २ तथा नेपालको लागि प्रयोग भएका विभिन्न गर्भ निरोधका साधनहरुको हिस्सा चित्र ३.२ मा देखाइएको छ। यसबाट  प्रदेश नं. २ मा महिला बन्ध्याकरणको लोकप्रियता देखिन्छ। नेपालमा प्रचलित खाने चक्की, कण्डम, पाखुरामा राख्ने साधन, पाठेघरमा राख्ने साधन तथा तीन महिने सुइ प्रदेश नं. २ मा कम मात्रामा प्रचलित रहेका छन्।

**चित्र ३.३:** प्रदेश नं. २ तथा  नेपालमा प्रयोग भएका विभिन्न प्रकारका गर्भ निरोधका साधनहरुको हिस्सा




**स्रोत:** नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण सन् २०१६ को तथ्याङ्क विश्लेषण

गर्भ निरोधका साधनहरु कुन उमेरमा, कति सन्तान भएपछि र कुन साधन प्रयोग गर्ने भन्ने कुरा दम्पतीको आफ्नो निर्णय हो। तालिका ३.९ मा उमेर तथा जीवित सन्तानको सङ्ख्या अनुसार गर्भ निरोधका कुनैपनि आधुनिक साधनहरुको प्रयोगको स्थिति देखाइएको छ। गर्भ निरोधका साधनको प्रयोग उमेर अनुसार बढ्दै गएको देखिन्छ। राष्ट्रिय औसतको तुलनामा प्रदेश नं. २ मा कम उमेरमा गर्भ निरोधका साधन प्रयोगकर्ताहरुको प्रतिशत कम छ। उदाहरणको लागि २०-२४ उमेरका विवाहित महिला मध्ये यस प्रदेशमा १५ प्रतिशतले मात्र गर्भ निरोधका साधन प्रयोग गर्छन भने राष्ट्रिय स्तरमा २४ प्रतिशतले यस्ता साधन प्रयोग गर्दछन्।

त्यस्तै, जीवित सन्तानको सङ्ख्या बढेसँगै गर्भ निरोधका साधनहरुको प्रयोग गर्नेको प्रतिशत पनि बढ्दै जान्छ। तर समग्र नेपालको र प्रदेश नं. २ को स्थिति यसमा अलि भिन्न रहेको छ। प्रदेश नं. २ मा जीवित सन्तान नहुने तथा १ मात्र जीवित सन्तान हुनेहरुमध्ये गर्भ निरोधका साधनको प्रयोग गर्नेको हिस्सा ज्यादै न्युन रहेको छ। तर सो

हिस्सा राष्ट्रिय स्तरमा उल्लेख्य रुपमा बढी छ । उदाहरणका लागि १ जीवित सन्तान हुने महिलाहरुमध्ये प्रदेश नं. २ मा ८ प्रतिशतले गर्भनिरोधको साधन प्रयोग गर्छन् । तर राष्ट्रिय स्तरमा २५ प्रतिशतले प्रयोग गर्दछन् ।

**तालिका ३.९: प्रदेश नं. २ तथा नेपालमा महिलाको उमेर तथा जीवित सन्तानको सङ्ख्या अनुसार दम्पतीको गर्भ निरोधका कुनैपनि आधुनिक साधनहरुको प्रयोगको स्थिति**

| उमेर समूह | प्रदेश नं. २ | | नेपाल | |
|---|---|---|---|---|
| | प्रयोग गर्नेको प्रतिशत | छनोटमा परेकाको सङ्ख्या | प्रयोग गर्नेको प्रतिशत | छनोटमा परेकाको सङ्ख्या |
| १५-१९ | ३.९ | २४० | १४.५ | ७०४ |
| २०-२४ | १५.० | ४०० | २३.९ | १,६८४ |
| २५-२९ | ३५.३ | ४२८ | ३७.० | १,९५७ |
| ३०-३४ | ४९.६ | ३१० | ४७.५ | १,७२६ |
| ३५-३९ | ६२.३ | ३४४ | ५७.४ | १,५१० |
| ४०-४४ | ७३.८ | २७० | ५८.४ | १,२८३ |
| ४५-४९ | ७२.१ | १७७ | ५५.५ | १,०११ |
| **जीवित सन्तानको सङ्ख्या** | | | | |
| ० | २.८ | २२८ | ८.० | १,०२५ |
| १ | ७.५ | ३१३ | २४.९ | २,१२३ |
| २ं | ५४.४ | १,६२७ | ५३.८ | ६,७२७ |
| **जम्मा** | **४२.२** | **२,१६८** | **४२.८** | **९,८७५** |

**स्रोत:** नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण सन् २०१६ को तथ्याङ्क विश्लेषण

तालिका ३.१० मा प्रदेश नं. २ तथा राष्ट्रिय स्तरमा गर्भ निरोधका साधनहरुको माग, आपूर्ति तथा पुरा हुन नसकेको मागको स्थिति देखाइएको छ । प्रदेश नं. २ मा गर्भ निरोधका साधनको पुरा नभएको माग २१ प्रतिशत रहेको छ। यो राष्ट्रिय औसत २४ प्रतिशत भन्दा अलि कम हो । प्रदेश नं. २ मा गर्भ निरोधका साधनको पुरा नभएको माग जन्मान्तरका लागि १० प्रतिशत र जन्म रोक्न ११ प्रतिशत रहेको छ । तर जन्मान्तरको लागि पुरा नभएको माग राष्ट्रिय औसत भन्दा यस प्रदेशमा अलि बढी छ । गर्भ निरोधका साधनहरुको माग यस प्रदेशमा ६८ प्रतिशत र राष्ट्रिय औसत ७६ प्रतिशत रहेको छ । यो माग राष्ट्रिय स्तरको तुलनामा अलि कम हो । साथै यो

जन्मान्तर तथा जन्म रोक्नका लागि प्रयोग हुने दुवै प्रकारका साधनहरुको हकमा पनि लागु हुन्छ । त्यस्तै, जम्मा माग मध्ये माग पूर्ति भएको प्रतिशत राष्ट्रिय औसतसँग लगभग मिल्दोजुल्दो रहेको छ । तर आधुनिक प्रकारका साधनहरुको प्रयोगबाट भएको माग पूर्ति भएको प्रतिशत राष्ट्रिय औसत ५६ प्रतिशतको तुलनामा यस प्रदेशमा बढी ६२ प्रतिशत रहेको छ ।

**तालिका ३.१० : गर्भ निरोधका साधनहरुको माग, आपूर्ति तथा पुरा हुन नसकेको मागको स्थिति**

| गर्भ निरोधका साधनको माग | प्रदेश नं. २ | नेपाल |
|---|---|---|
| **पुरा नभएको माग (%)** | | |
| जन्मान्तरका लागि | ९.५ | ८.१ |
| जन्माउन रोक्नका लागि | ११.१ | १५.६ |
| जम्मा पुरा नभएको माग | २०.६ | २३.७ |
| **पुरा भएको माग (%)** | | |
| जन्मान्तरका लागि | ३.२ | ६.९ |
| जन्माउन रोक्नका लागि | ४४.५ | ४५.७ |
| जम्मा पुरा भएको माग | ४७.७ | ५२.६ |
| **जम्मा माग (%)** | | |
| जन्मान्तरका लागि | १२.७ | १५.१ |
| जन्माउन रोक्नका लागि | ५५.६ | ६१.३ |
| जम्मा माग | ६८.३ | ७६.३ |
| मागपूर्ति भएको प्रतिशत | ६९.८ | ६८.९ |
| आधुनिक साधनहरुले पूरा गरेको मागको प्रतिशत | ६१.८ | ५६.० |
| छनोटमा परेका महिलाको संख्या | २,१६८ | ९,८७५ |

**स्रोतः** नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण सन् २०१६ को प्रतिवेदन

## ३.४ मातृ स्वास्थ्य सेवा प्रयोगको स्थिति

पछिल्लो समय नेपालमा मातृ स्वास्थ्य सेवा लिनेको सङ्ख्यामा उल्लेनीय सुधार आएको छ । यसै सन्दर्भमा गर्भवती जाँच (ANC) गराउने प्रचलन बढेको छ । गर्भवती जाँच तथा सम्बद्ध विभिन्न सेवाको प्रयोगको स्थिति तालिका ३.११ मा देखाइएको छ । गर्भवती जाँच नै नगराउनेको प्रतिशत घटेको छ । विल्कुलै गर्भवती जाँच नगराउने

प्रतिशत राष्ट्रिय औसत र प्रदेश न २ को अवस्था उस्तै नै छ। लगभग ६ प्रतिशतले विल्कुलै गर्भवती जाँच गराउँदैनन्। कम्तिमा १ पटक गर्भवती जाँच गराउने, दक्ष प्रसुतिकर्मीबाट गर्भवती जाँच गराउने, गर्भवती अवस्थामा आइरन चक्की लिने, गर्भावस्थामा धनुष्टंकार विरुद्ध खोप लगाउने जस्ता सूचकहरुको आधारमा प्रदेश नं. २ र समग्र नेपालको स्थिति उस्तै तथा प्रयोगको स्थिति उच्च रहेको छ।

गर्भ रहेको ४, ६, ८ र ९ महिनाहरुमा गरी ४ पटक गर्भवती जाँच गर्न जानेको प्रतिशत भने नेपालमा ५९ प्रतिशत रहेको छ। यसको तुलनामा प्रदेश नं. २ मा निक्कै कम ३६ प्रतिशत मात्र रहेको छ।

### तालिका ३.११ : प्रदेश नं. २ तथा नेपालमा मातृ स्वास्थ्य अन्तर्गत गर्भवती जाँचको सेवा प्रयासको अवस्था

| सूचकहरू | प्रदेश नं. २ | नेपाल |
|---|---|---|
| **पुरा नभएको माग (%)** | | |
| गर्भवती जाँच (ANC) नै नगराउने (%) | ५.६ | ५.९ |
| कम्तिमा १ पटक गर्भवती जाँच गराउने (%) | ९४.४ | ९४.० |
| दक्ष प्रसुतिकर्मीबाट गर्भवती जाँच गराउने (%) | ८१.६ | ८३.६ |
| ४, ६, ८ र९ महिनाहरु सबैमा गर्भवती जाँच गर्न जाने (%) | ३६.१ | ५८.८ |
| गर्भवती अवस्थामा Iron/folic चक्की लिने (%) | ८६.७ | ९०.९ |
| गर्भवतीअवस्थामा जूकाको औषधी लिने (%) | ६१.० | ६९.२ |
| गर्भवती अवस्थामा | | |
| ब्लड्प्रेषर जाच गर्ने (%) | ८७.६ | ९१.३ |
| पिसाब जाच गर्ने (%) | ७१.७ | ७६.१ |
| रगत जाच गर्ने (%) | ६५.१ | ६६.३ |
| गर्भावस्थामा धनुष्टंकार विरुद्ध खोप लगाउने (%) | ९२.९ | ८८.७ |

**स्रोतः** नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण, सन् २०१६ को प्रतिवेदन

विश्व स्वास्थ्य संगठन, जनसङ्ख्या र विकास सम्बन्धी अन्तरराष्ट्रिय सम्मेलन १९९४ (International Conference on Population and Development-1994) को कार्ययोजना लगायत अन्तरराष्ट्रिय स्वास्थ्य संस्थाहरुले प्रत्येक महिलाले दक्ष प्रसुतीकर्मीको हेरचाह र रेखदेखबाट आफ्नो सन्तान जन्माउन पाउनु पर्ने अधिकार लाई जोड दिदै आएका छन्। दिगो विकास लक्ष्य-२०३० अनुरुप नेपाल सरकारले सन् २०३० सम्ममा ९० प्रतिशत गर्भवती महिलाले स्वास्थ्य संस्थामै सन्तान जन्माउने

अवस्थामा पुऱ्याउने लक्ष्य लिएको छ। यस परिवेशमा प्रदेश नं. २ मा ४४.६ प्रतिशत महिलाले आफ्नो सन्तान स्वास्थ्य संस्थामा जन्माएको पाइएको छ। समग्र नेपालमा ५७.४ प्रतिशत महिलाले मात्र उक्त सेवा उपयोग गरेको पाइएको छ। (तालिका ३.१२) मा विस्तृत विवरण प्रस्तुत छ। सोही स्रोतको तथ्याङ्क अनुसार प्रदेश नं. २ का ५४.५ प्रतिशत महिलाले सन्तान घरमै जन्माएको पाइएको छ। नेपालमा भने यस्ता महिलाहरु ४१.४ प्रतिशत रहेका छन्।

त्यसैगरी सर्वेक्षण वर्षको ५ वर्ष भित्र सन्तान जन्माउने महिलाहरु जसले स्वास्थ्य संस्थामा गई आफ्नो सन्तान जन्माए ती मध्ये सरकारी क्षेत्रका अस्पतालमा गई सुत्केरी गराउने नेपालमा ४३ प्रतिशत रहेका छन् भने प्रदेश नं. २ मा करिब ३० प्रतिशत मात्र रहेका छन्। यस प्रदेशका करिब ६ प्रतिशत महिला नेपाल वाहिरका अस्पतालमा समेत गई सुत्केरी गराएको अवस्था छ। राष्ट्रिय औसतमा यस्ता महिला ३.४ प्रतिशत मात्र रहेका छन्। यस प्रदेशका करिब ९ प्रतिशत महिलाहरुले निजी क्षेत्रका अस्पतालमा गई बच्चा जन्माएको अवस्था रहेको छ। राष्ट्रिय औसतमा करिब १० प्रतिशत महिलाले बच्चा जन्माउन निजी क्षेत्रका अस्पतालमा गएका छन्।

मातृस्वास्थ्य सेवा अन्तर्गत सुत्केरी पछिको एक हप्ता भित्र कम्तिमा ३ पटक आमाको स्वास्थ्य जाँच गराउनुपर्छ। यसलाई नेपाल सरकारले जोड दिदै आएको छ। यसै सन्दर्भमा, सुत्केरी भएको दुई दिनभित्र स्वास्थ्य परीक्षण गराउने महिला यस प्रदेशमा ४५.२ प्रतिशत रहेका छन्। नेपालमा ५६.७ प्रतिशत रहेका छन्।

### तालिका ३.१२: प्रदेश नं. २ तथा नेपालमा सुत्केरी गराउने स्थान तथा सुत्केरी पश्चात् दुई दिनभित्र स्वास्थ्य परीक्षण गराउनेको स्थिति

| सुत्केरी गराउने स्थान | प्रदेश नं. २ | नेपाल |
|---|---|---|
| सरकारी क्षेत्र (%) | २९.६ | ४३.१ |
| निजि क्षेत्र (%) | ८.८ | १०.२ |
| गैर(सरकारी क्षेत्र (%) | ०.२ | ०.६ |
| नेपालवाहिर (%) | ५.९ | ३.४ |
| घरमा (%) | ५४.५ | ४१.४ |
| स्वास्थ्य संस्थामा सुत्केरी गराउने (%) | ४४.६ | ५७.४ |
| सुत्केरी भएको दुईदिनभित्र स्वास्थ्य परीक्षण गराउने (%) | ४५.२ | ५६.७ |

**स्रोत:** नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण सन् २०१६ को प्रतिवेदन

नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण सन् २०१६ मा स्वास्थ्य संस्थामा गई वच्चा नजन्माउने महिलाहरुलाई 'सुत्केरी गराउन स्वास्थ्य संस्थामा नजानुको कारण' बारे प्रश्न गरिएको थियो । उक्त प्रतिवेदनका अनुसार 'आवश्यक नपरेकोले स्वास्थ्य संस्थामा गई सुत्केरी नगराए' को भन्ने महिलाहरुको सङ्ख्या प्रदेश नं. २ मा अत्यधिक ८० प्रतिशत रहेको छ ।

त्यसैगरी अस्पताल जाने क्रममा बाटोमा नै बच्चा जन्म भएको थियो त्यसैले स्वास्थ्य संस्थामा सुत्केरी गराउन नपाएको भन्ने महिलाहरु करिब ७ प्रतिशत रहेका छन् । सो सर्वेक्षणले यस्तो अवस्था नेपालमा १८ प्रतिशत रहेको देखाएको छ । श्रीमान्/परिवारबाट सहयोग नभएकोले ५ प्रतिशत, स्वास्थ्य संस्था टाढा भएको तथा यातायातको साधन नभएको ५ प्रतिशत जस्ता कारणले समेत स्वास्थ्य संस्थामा सुत्केरी नगराएको अवस्था यस प्रदेशमा रहेको छ ।

### तालिका ३.१३ : प्रदेश नं. २ तथा नेपालका महिलाहरुले स्वास्थ्य संस्थामा सुत्केरी नगराउनुको कारणहरु

| कारणहरू | उत्तरदाताहरुको प्रतिशत | |
|---|---|---|
| | प्रदेश नं. २ | नेपाल |
| खर्च बढी लाग्ने | २.८ | २.० |
| सुविधा नभएकोले | ०.४ | १.६ |
| निकै टाढा/यातायातको साधन नभएकोले | ४.९ | १७.० |
| सुविधामा विश्वाश नलागेर | ०.५ | १.२ |
| महिलाकर्मी नभएकोले | ०.४ | ०.८ |
| श्रीमान/परिवारबाट सहयोग नभएकोले | ५.४ | ३.० |
| आवश्यक नपरेकोले (Not necessary) | ८०.३ | ५६.३ |
| हाम्रोमा प्रचलनमा नरहेकोले (Not customary) | २.० | ७.३ |
| अस्पताल जाने क्रममा बाटो मै बच्चा भएको | ६.८ | १८.१ |
| अन्य | १.८ | ४.७ |

**स्रोतः** नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण, सन् २०१६ को प्रतिवेदन

## ३.५ सन्तानको चाहना तथा आदर्श परिवार सङ्ख्या सम्बन्धी धारणा

यस खण्डमा प्रजनन उमेर समूहका महिलाहरुलाई थप सन्तानको चाहना, पछिल्लो जन्म योजनाबद्ध भए नभएको तथा आदर्श परिवार सङ्ख्याको बारेमा प्रश्न सोधि

तिनबाट आएको उत्तरहरुको विश्लेषण गरिएको छ । तालिका ३.१४ मा प्रदेश नं. २ का दम्पतीको हाल जीवित सन्तानको सङ्ख्या अनुसार थप सन्तानको चाहना सम्बन्धी सूचना प्रस्तुत गरिएको छ ।

कुनैपनि जीवित सन्तान नभएकाहरु मध्ये ७३ प्रतिशतले २ वर्ष भित्रमा सन्तान जन्माउन चाहेको तथा एक सन्तान हुनेहरु मध्ये २८ प्रतिशतको यस्तै चाहना रहेको देखिन्छ । दुई सन्तान हुनेहरु मध्ये २३ प्रतिशतले बन्ध्याकरण गरिसकेको तथा ४६ प्रतिशतले थप सन्तान नचाहने कुरा बताएका छन् । दुईभन्दा धेरै सन्तानको चाहना राख्नेको हिस्सा कम रहेको छ । तीन सन्तान हुनेहरु मध्ये लगभग ८ प्रतिशतले मात्र थप सन्तानको चाहना गरेका छन् । सबै दम्पतीमा समग्रमा हेर्दा २८ प्रतिशतले थप सन्तानको चाहना गरेको तथा एक तिहाइले थप सन्तान नचाहने उत्तर दिएको र अर्को एक तिहाइले बन्ध्याकरण गरिसकेको जनाएका छन् ।

**तालिका ३.१४: प्रदेश नं. २ का १५-४९ उमेरका विवाहित महिलाहरुको थप सन्तानको चाहना सम्बन्धी तथ्याङ्क : जीवित सन्तानको सङ्ख्या अनुसार थप सन्तान चाहनेको प्रतिशत**

| थप सन्तानको चाहना (५) | जीवित सन्तानको सङ्ख्या (हाल गर्भवती भए हालको गर्भ समेत गणना गरिएको) | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ० | १ | २ | ३ | ४ | ५+ | सबै |
| २ वर्षभित्र अर्को सन्तान चाहने | ७२.५ | २८.४ | ९.४ | ३.६ | १.५ | २.१ | १३.६ |
| २ वर्षपछिअर्को सन्तान चाहने | १९.० | ५४.१ | १५.२ | ४.१ | १.२ | १.२ | १४.४ |
| अर्को सन्तान चाहने तर समय यकिन नभएको | ३.१ | १.२ | ०.९ | ०.० | ०.१ | ०.० | ०.७ |
| अर्को सन्तान चाहने वा नचाहने यकिन नभएको | ०.६ | २.५ | २.४ | १.१ | ०.८ | ०.० | १.४ |
| अर्को सन्तान नचाहने | ०.७ | ९.३ | ४५.९ | ३६.४ | ३९.३ | ५५.० | ३४.२ |
| बन्ध्याकरण गरिसकेको | ०.६ | २.१ | २३.४ | ५१.७ | ५१.५ | ३८.० | ३२.३ |
| उर्वर नरहेको घोषणा गरेको | ३.५ | २.४ | २.८ | ३.० | ५.६ | ३.८ | ३.४ |
| **जम्मा** | **१००.** | **१००.** | **१००.** | **१००.** | **१००.** | **१००.** | **१००.** |
| **छनोटमा परेका महिलाको सङ्ख्या** | **१७६** | **३२५** | **४६९** | **५७६** | **३६६** | **२५६** | **२,१६८** |

**स्रोत:** नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण सन् २०१६ को विश्लेषण

यस सर्वेक्षणमा विगत ५ वर्षमा सन्तान जन्माउने महिलाहरुलाई पछिल्लो सन्तान इच्छित वा अनिच्छित रहेको भन्ने प्रश्न पनि सोधिएको थियो । यसका आधारमा तयार पारिएको तथ्याङ्कलाई तालिका ३.१५ मा प्रस्तुत गरिएको छ । प्रदेश नं. २ तथा नेपालमा हरेक ५ मा ४ बच्चाहरु योजना अनुसार नै जन्मेको देखिन्छ । यस प्रदेशमा १० प्रतिशत र नेपालमा १२ प्रतिशत बच्चाहरु योजना विना नै जन्मेका देखिन्छन् । इच्छा नहुँदा नहुँदै जन्मेका बच्चाहरुको हिस्सा यस प्रदेशमा ९ प्रतिशत तथा नेपालमा ८ प्रतिशत रहेको छ ।

### तालिका ३.१५: प्रदेश नं. २ मा विगत ५ वर्षमा जन्मेका सन्तान मध्ये पछिल्लो सन्तान इच्छित वा अनिच्छित रहेको प्रतिशत

| इच्छित/अनिच्छित | प्रदेश नं. २ | | नेपाल | |
|---|---|---|---|---|
| | प्रतिशत | जन्मेका सन्तानको सङ्ख्या | प्रतिशत | जन्मेका सन्तानको सङ्ख्या |
| तत्काल चाहिएको (इच्छित) | ८१.६ | ७८६ | ८०.० | ३.१९८ |
| पछि भएको भए हुने | ९.६ | ९२ | ११.८ | ४७२ |
| नचाहिएको (अनिच्छित) | ८.८ | ८५ | ८.२ | ३२८ |
| **जम्मा** | **१००.०** | **९६३** | **१००.०** | **३,९९८** |

**स्रोत:** नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण सन् २०१६

प्रजनन उमेरका महिलाहरुलाई 'कति जना सन्तान हुनुलाई आदर्श मान्नुहुन्छ ?' भन्ने सोधिएको प्रश्नबाट प्राप्त उत्तरको आधारमा निकालिएको तथ्याङ्कलाई तालिका ३.१६ प्रस्तुतगरिएको छ । केही महिलाहरुले यस प्रश्नको निश्चित सङ्ख्यामा उत्तर दिन नसकेको पनि पाइयो । त्यस्ता महिलाहरुलाई विश्लेषणमा समावेश गरिएको छैन । प्रदेश नं. २ का आधा भन्दा बढी ५२ प्रतिशत महिलाले २ सन्तान आदर्श हुने कुरा बताएका छन् । यसैगरी ३ सन्तानलाई आदर्श मान्नेहरुको संख्या पनि ३८ प्रतिशत रहेको छ। २ सन्तानलाई आदर्श मान्नेहरुको सङ्ख्या नेपालमा ६४ प्रतिशत रहेको छ। यो प्रदेश नं. २ को भन्दा निक्कै बढी हो । अर्कोतिर, नेपालमा ३ सन्तानलाई आदर्श मान्नेहरुको हिस्सा १६ प्रतिशत मात्र छ। समग्रमा यस प्रदेशका महिलाहरुले नेपालको औसतको तुलनामा अलि बढी सन्तानको सङ्ख्यालाई आदर्श मानेको अवस्था छ ।

**तालिका ३.१६ : प्रदेश नं. २ तथा नेपालमा सन्तानको आदर्श सङ्ख्याबारे महिलाहरुको धारणा (सङ्ख्यात्मक उत्तर दिएकाहरुको मात्र)**

| सन्तानको आदर्श सङ्ख्या | प्रदेश नं. २ | | नेपाल | |
|---|---|---|---|---|
| | प्रतिशत | महिलाको सङ्ख्या | प्रतिशत | महिलाको सङ्ख्या |
| ० | ०.३ | ७ | १.४ | १७९ |
| १ | १.९ | ४९ | १३.० | १,६६७ |
| २ | ५२.४ | १,३२१ | ६४.३ | ८,२२२ |
| ३ | ३७.७ | ९५० | १६.५ | २,११४ |
| ४ं | ७.७ | १९५ | ४.८ | ६१० |
| **जम्मा** | **१००.०** | **२,५२२** | **१००.०** | **१२,७९२** |

**स्रोतः** नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण सन् २०१६ को विश्लेषण

# एकाइ ४ : मरणशीलता - Mortality

## ४.१ मृत्यु दरहरु

जन्म, मृत्यु, बसाईं सराई, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरुलाई समयमा नै दर्ता गरी पञ्जिकरण पद्धतिलाई व्यवस्थित बनाउनु अति आवश्यक हुन्छ। पञ्जिकरण पद्धति चुस्त र दुरुस्त भएको खण्डमा मृत्युदरहरु विश्वसनीय ढङ्गले अनुमान गर्न सजिलो हुन्छ। नेपालको सन्दर्भमा पञ्जिकरण प्रणाली भएपनि व्यक्तिगत घटनाहरुको दर्ता समयमै नहुनु तथा धेरै जसो अवस्थामा दर्ता नै नहुनु मुख्य समस्याको रुपमा रहेको छ। अर्कोतिर जनगणनाबाट आएको तथ्याङ्क पनि मृत्युदर निकाल्ने सन्दर्भमा त्यति विश्वसनीय देखिएको छैन । तसर्थ धेरैजसो मृत्युदरहरु राष्ट्रिय स्तरका सर्वेक्षणको तथ्याङ्कको प्रयोग गरेर तथा जनगणनाको तथ्याङ्कको अप्रत्यक्ष विधिहरु प्रयोग गरेर निकाल्ने गरिन्छ । यहाँ मृत्यु सम्बन्धी केही महत्वपूर्ण दरहरु निकाल्न नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण सन् २०१६ को तथ्याङ्कमा प्रत्यक्ष तथा अप्रत्यक्ष विधिहरु प्रयोग गरिएको छ तालिका ४.१ मा बच्चा जन्मेको ५ वर्ष सम्मको अवधिमा हुने विभिन्न प्रकारका मृत्युदरहरु प्रस्तुत गरिएको छ। प्रदेश नं. २ मा नवजात शिशु मृत्युदर (Neonatal mortality) राष्ट्रिय औसत भन्दा बढी छ । प्रति १००० जीवित जन्ममा नेपालमा २१ जना शिशुको मृत्यु एकमहिना नपुग्दै हुन्छ। प्रदेश न २ मा यसरी मृत्यु हुने शिशुको सङ्ख्या ३० जना रहेको छ। त्यस्तै, प्रति १००० जीवित जन्ममा एक महिनादेखि १ वर्षको उमेर भित्र मृत्यु (Post neonatal mortality) हुनेको सङ्ख्या राष्ट्रिय औसतमा १२ जना तथा यस प्रदेशमा १३ जना रहेको छ। सबैभन्दा प्रचलित शिशु मृत्युदर (Infant Mortality) पनि यस प्रदेशमा ४३ जना तथा राष्ट्रिय औसत ३२ जना प्रति १००० मा रहेको छ।

**तालिका ४.१: जन्मेको पाँच वर्षसम्म हुने मृत्युदरहरु (प्रति १००० जीवित जन्ममा)**

| मृत्युदर | प्रदेश नं. २ | नेपाल |
|---|---|---|
| नवजात शिशु मृत्युदर (Neonatal mortality) | ३० | २१ |
| उप्रान्त नवजात शिशु मृत्युदर (Post Neonatal Mortality) | १३ | १२ |
| शिशु मृत्युदर (Infant Mortality) | ४३ | ३२ |
| बाल मृत्युदर (Child Mortality) | १० | ६ |
| पाँच वर्षमुनिको मृत्युदर (Under Five Mortality) | ५२ | ३९ |
| सन्दर्भ समयावधि (Reference Period) | १० वर्ष | ५ वर्ष |

**स्रोत:** नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०१६

## ४.२ जीवन तालिका तथा अपेक्षित आयु

जनसङ्ख्याको अपेक्षित आयुलाई एक शक्तिशाली सूचक मानिन्छ। मानव विकास सूचकाङ्क निर्माणमा समेत यसको प्रयोग हुन्छ। कुनै पनि जनसङ्ख्याको औसत अपेक्षित आयु निकाल्न जीवन तालिका बनाउनु पर्ने हुन्छ। जीवन तालिका एक त्यस्तो जनसाङ्ख्यिक नमुना हो, जसबाट जनसङ्ख्याको मृत्यु सम्बन्धी धेरै कुराको जानकारी प्राप्त गर्न सकिन्छ। जीवन तालिका निर्माण गर्न उमेर-विशिष्ट मृत्युदरहरुको आवश्यकता पर्दछ। उमेर-विशिष्ट मृत्युदरको भरपर्दो स्रोत नभएको खण्डमा पनि जीवन तालिका निर्माण गर्नको लागि विभिन्न अप्रत्यक्ष विधिहरु विकसित भएका छन्। उपलब्ध विभिन्न प्रकारका नमुना जीवन तालिकाहरु मध्येबाट कुनै न कुनै सूचक प्रयोग गरी जोडा मिलाएर पनि सन्दर्भ जनसङ्ख्याको जीवन तालिका अनुमान गर्न सकिन्छ।

यस सन्दर्भमा, सन् २०११ को जनगणनाको तथ्याङ्क प्रयोग गरेर विभिन्न अप्रत्यक्ष विधिबाट जिल्ला तहमा पनि जीवन तालिका निर्माण गरिएका छन्। महिला तथा पुरुष दुवै गरी सम्पूर्ण जनसङ्ख्या प्रयोग गरी जनगणना २०११ को तथ्याङ्कबाट जिल्ला तहमा निकालिएको जीवन तालिकाबाट प्राप्त अपेक्षित आयु विभिन्न प्रकाशित स्रोतहरूबाट सङ्कलन गरी तालिका ४.२ मा प्रस्तुत गरिएको छ। हरेक जिल्ला तथा समग्र नेपालमा मानिसहरुको अपेक्षित आयुमा फरक देखिएको छ। यस तालिकाबाट बुझ्नु पर्ने कुरा यो हो कि जीवन तालिकाबाट प्राप्त हुने सूचकहरु त्यो जीवन तालिका निर्माण गर्न प्रयोग भएको विधि अनुसार पनि फरक हुन्छन। त्यसैले यहाँ प्रदेश नं. २ को लागि खास निश्चित विधि प्रयोग गरी महिला तथा पुरुषको भिन्दाभिन्दै जीवन तालिका निर्माण गरिएको छ।

**तालिका ४.२: विभिन्न स्रोतहरुबाट प्राप्त प्रदेश नं. २ का मानिसहरुको अपेक्षित आयु (वर्ष)**

| जिल्ला | स्रोतहरु | |
|---|---|---|
| | Population Monograph of Nepal, २०१४ | मानव विकास प्रतिवेदन |
| सप्तरी | ६४.८ | ७१.३ |
| सिराहा | ६५.६ | ७१.३ |
| धनुषा | ६२.९ | ६९.५ |

| जिल्ला | स्रोतहरु | |
|---|---|---|
| | Population Monograph of Nepal, २०१४ | मानव विकास प्रतिवेदन |
| महोत्तरी | ६३.९ | ६९.५ |
| सर्लाही | ६२.९ | ७०.१ |
| रौतहट | ५९.६ | ७१.० |
| बारा | ६४.६ | ७०.५ |
| पर्सा | ६७.३ | ७०.३ |
| **नेपाल** | **६६.६** | **६८.८** |

**स्रोतः** केन्द्रीय तथ्याङ्क विभाग, (२०१४), Population Monograph Vol I तथा राष्ट्रिय योजना आयोग (२०१४). नेपाल मानव विकास प्रतिवेदन २०१४

यहाँ नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण सन् २०१६ को तथ्याङ्कबाट प्राप्त पाँच वर्ष मुनिको मृत्युदर (Under Five Mortality) लाई प्रयोग गरी MORTPAK software को MATCH छनोट गरेर नेपालको लागि सामान्यतय प्रयोग गरिने Coale and Demeny Model Life Tables मध्येबाट नमुना जीवन तालिका छनोट गरिएको छ।

प्रदेश तहमा लैङ्गिक फरक सहितको पाँच वर्ष मुनिको मृत्युदर ननिकालिएको अवस्थामा नेपालको लैङ्गिक फरक सहितको पाँच वर्ष मुनिको मृत्युदर प्रयोग गरी प्रदेश नं. २ को पाँच वर्ष मुनिको मृत्युदरलाई अनुपातिक हिसाबले महिला र पुरुषको लागि छुट्याइएको छ। यसरी प्राप्त भएको पाँच वर्ष मुनिको मृत्युदरहरुलाई जीवन तालिका निर्माणमा प्रयोग गरिएको छ। पाँच वर्ष मुनिको मृत्युदर प्रयोग गरी विभिन्न नमुना जीवन तालिकाहरु हेर्दै शिशु मृत्युदरसँग जोडा मिलाउँदा Coale and Demeny Model Life Tables को पश्चिमी नमुना (West Model) सँग सबैभन्दा नजिक भेटिएकोले त्यहि नमुनालाई नै यहाँ अपनाइएको छ। पाँच वर्ष मुनिको मृत्युदर निकाल्न सन्दर्भ समयावधि १० वर्षको लिइएको तथा सर्वेक्षण सन् २०१६ मा भएकोले यहाँ निर्माण गरिएको जीवन तालिकाले २०१६ देखि पछिल्लो १० वर्ष सम्मको अवधिलाई प्रतिनिधित्व गर्दछ। नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०१६ को नमुना छनोट गर्दा प्रादेशिक तहमा प्रतिनिधिमुलक हुने गरी गरिएकोले यो तथ्याङ्क प्रयोग गरी जीवन तालिका निर्माण गर्न सकिएको हो। यो तथ्याङ्क प्रयोग गरी जिल्ला तहमा जीवन तालिका निर्माण गर्न सम्भव छैन।

महिला तथा पुरुषको जीवन तालिकालाई परिशिष्ट तालिका ४ र ५ मा राखिएको छ। जन्मदाको अपेक्षित आयु मृत्यु स्थितिको समग्र तथा सिङ्गो एकल सूचक पनि हो। प्रदेश नं. २ मा महिलाको जन्मदाको अपेक्षित आयु ६७.३ वर्ष तथा पुरुषको जन्मदाको अपेक्षित आयु ६६.६ वर्ष अनुमान गरिएको छ। प्रदेश नं. २ मा ७५ लागेकी महिलाको जीवन प्रत्याशा थप ८ वर्ष तथा सोही उमेरमा पुगेको पुरुषको जीवन प्रत्याशा थप ७.७ वर्ष रहेको देखिन्छ। त्यस्तै, ८० वर्ष लाग्दा, महिलाको अपेक्षित आयु ६ वर्ष र पुरुषको अपेक्षित आयु ५.८ वर्ष बाँकी रहने देखिन्छ।

जीवन तालिकाबाट प्राप्त सारांशलाई तालिका ४.३ मा प्रस्तुत गरिएको छ। नेपालको तुलनामा यस प्रदेशका पुरुष तथा महिलाहरुको जन्मदाको औसत अपेक्षित आयु वा जीवन प्रत्याशा करिब २ वर्षले कम छ। त्यस्तै क्रियाशील उमेरमा मृत्यु हुने सम्भावना पनि महिला तथा पुरुष दुबैमा यस प्रदेशमा नेपालको तुलनामा बढी छ। यसले प्रदेश नं. २ मा मरणशीलताको स्थिति समग्र नेपालको भन्दा केही कमजोर रहेको देखाउँछ।

### तालिका ४.३: प्रदेश नं. २ को जीवन तालिकाबाट प्राप्त सारांश पुरुष

| सूचकहरू | नेपाल | | प्रदेश नं. २ | |
|---|---|---|---|---|
| | महिला | पुरुष | महिला | पुरुष |
| जीवनप्रत्याशा (वर्ष) | ६९.६ | ६८.९ | ६७.३ | ६६.६ |
| शिशुमृत्युदर (प्रतिहजार जीवित जन्ममा) | ३३.० | ३०.० | ४१.७ | ३९.३ |
| पांच वर्ष मुनिको मृत्युदर (प्रतिहजार जीवित जन्ममा) | ४१ | ३६ | ५५ | ४८ |
| १५-५९उमेर भित्र मृत्यु हुने सम्भावना | ०.१५८ | ०.१७२ | ०.१८१ | ०.२ |
| ६०-७९ उमेर भित्र मृत्यु हुने सम्भावना | ०.५७६ | ०.६३२ | ०.५९५ | ०.६५७ |

**स्रोत:** परिशिष्ट तालिकामा उल्लेखित जीवन तालिकाहरु तथा नेपालको लागि उही स्रोतको तथ्याङ्क प्रयोग गरी निकालिएको जीवन तालिकाबाट लिइएको

# एकाइ ५ : बसाईंसराईको स्थिति

जनसङ्ख्याको आकार, बनावट तथा वितरणमा परिवर्तन ल्याउने महत्वपूर्ण जनसाङ्ख्यिक तत्वको रूपमा बसाईं सराईलाई लिइन्छ। आन्तरिक बसाईं सराई अक्सर वसोबासको स्थान परिवर्तनसँग सम्बन्धित हुन्छ । नेपालको आन्तरिक बसाईं सराईलाई बाँच्ने रणनीति अन्तर्गत हिमाल तथा पहाडका मानिसहरु कमजोर उत्पादकत्व, बेरोजगारी एवं कमजोर विकासका पूर्वाधारका कारण भएको मानिन्छ (KC, 2003) ।

यस एकाइमा प्रदेश नं. २ मा मानिसहरुको बसाईं सराईको अवस्था दर्शाइएको छ । बसाईं सराई सम्बन्धी तथ्याङ्क जनगणनामा निकै व्यापक रुपमा लिइने भएकोले पछिल्लो जनगणना सन् २०११ को जनगणनालाई नै मुख्य आधार मानिएको छ । खासगरी जनगणनाको समयमा घरबाट अनुपस्थित (विदेशमा) रहेका, जन्मको आधारमा बसाईं सराई भएको देखिएका तथा हालसालै बसाईं सरेकाहरुको विवरण यहाँ दिइएको छ ।

## ५.१ अनुपस्थित जनसङ्ख्या (जिल्ला तहमा)

राष्ट्रिय जनगणना २०११ मा गणनाको समयमा घरमा अनुपस्थित रहेका व्यक्तिको आधारमा अनुपस्थित घरपरिवारको गणना गरिएको छ। तालिका ५.१ मा अनुपस्थित सदस्य भएका घरपरिवार तथा अनुपस्थित जनसङ्ख्या प्रस्तुत गरिएको छ । प्रस्तुत तालिका अनुसार नेपालका प्रत्येक ४ घरपरिवार मध्ये १ घरपरिवारमा अनुपस्थित जनसङ्ख्या रहेको छ। प्रदेश नं. २ मा मा प्रत्येक ५ घरपरिवार मध्ये १ घरपरिवारमा अनुपस्थित जनसङ्ख्या रहेको देखिन्छ । यस प्रदेशमा अनुपस्थित रहेको जनसङ्ख्या करिब १२ प्रतिशत रहेको छ । ती मध्ये पुरुषहरुमध्ये १३ प्रतिशत र महिलाहरु मध्ये २.६ प्रतिशत रहेका छन् ।

त्यसैगरी, यस प्रदेशको कूल अनुपस्थित सदस्य हुने घरपरिवारहरु मध्ये प्रदेशको १९ प्रतिशत लाई विभिन्न जिल्लाहरुमा बाँड्दा जिल्लागत तहमा सबै भन्दा बढी अनुपस्थित सदस्य भएका घरपरिवार धनुषा जिल्लामा ५.१ प्रतिशत रहेका छन् । सबै भन्दा कम अनुपस्थित सदस्य भएका घरपरिवार पर्सा जिल्लामा करिब ०.७ प्रतिशत रहेका छन् । जिल्लामा रहेका कूल घरपरिवार मध्ये अनुपस्थित सदस्य हुने घरपरिवार सङ्ख्या धनुषा जिल्लामा करिब २७ प्रतिशत, सिराहा जिल्लामा करिब २१ प्रतिशत र

महोत्तरी जिल्लामा करिब १८ प्रतिशत रहेको छ । अनुपस्थित घरपरिवार मध्ये सबै भन्दा कम पर्सा जिल्लामा ३.५ प्रतिशत रहेको छ ।

### तालिका ५.१: प्रदेश नं. २ मा अनुपस्थित सदस्य भएका घरपरिवार तथा अनुपस्थित जनसङ्ख्या, सन् २०११

| जिल्ला | जम्मा घर परिवार सङ्ख्या | अनुपस्थित सदस्य भएका घरपरिवार सङ्ख्या | अनुपस्थित जनसङ्ख्या | | | प्रादेशिक घरपरिवारको आधारमा अनुपस्थित सदस्य भएका घरपरिवार (प्रतिशतमा) | अनुपस्थित सदस्य भएका घरपरिवार (प्रतिशतमा) |
|---|---|---|---|---|---|---|---|
| | | | पुरुष | महिला | जम्मा जनसङ्ख्या | | |
| सप्तरी | १,२१,०६४ | २१,७१२ | २५,६७६ | ७५२ | २६,४३३ | २.३ | १२.२ |
| सिराहा | १,१७,९२९ | ३६,७८७ | ४५,२९३ | ४९० | ४५,७९० | ३.९ | २०.६ |
| धनुषा | १,३८,२२५ | ४७,६३३ | ५९,५७० | ८१५ | ६०,४०० | ५.१ | २६.७ |
| महोतरी | १,११,२९८ | ३१,५०० | ३९,६२१ | ९११ | ४०,५४१ | ३.४ | १७.६ |
| रौतहट | १,०६,६५२ | ७,४१३ | ८,९९९ | ३३० | ९,३३१ | ०.८ | ४.२ |
| सर्लाही | १,३२,८०३ | १६,९८० | १९,७४७ | १,६५४ | २१,४०१ | १.८ | ९.५ |
| बारा | १,०८,६०० | १०,२६४ | ११,९०० | ६२९ | १२,५३० | १.१ | ५.७ |
| पर्सा | ९५,५१६ | ६,२८७ | ७,४५६ | ५९७ | ८,०५३ | ०.७ | ३.५ |
| प्रदेश नं. २ | ९,३२,०८७ | १,७८,५७६ | २,१८,२६२ | ६,१७८ | २,२४,४७९ | १९.२ | १००.० |
| नेपाल | ५४,२३,२९७ | १३,७८,६७८ | १६,८४,०२९ | २,३७,४०० | १९,२१,२९४ | २५.४ | |
| प्रदेश नं. २ को अंश (%) | १७.२ | १३.० | १३.० | २.६ | ११.७ | | |

**स्रोत :** केन्द्रीय तथ्याङ्क विभाग, २०१२, राष्ट्रिय जनगणना २०११ को प्रतिवेदन (भाग १) बाट गणना गरिएको

## ५.२ जन्म स्थानको आधारमा जनसङ्ख्या वितरण

तालिका ५.२ मा मानिसहरुको जन्म स्थानको आधारमा प्रदेश नं. २ को बसाईं सराइको अवस्थालाई प्रस्तुत गरिएको छ । नेपालमा करिब ८३ प्रतिशत जनसङ्ख्या नेपालका सम्बन्धित जिल्लामै जन्मेका छन् भने यस प्रदेशका ९१ प्रतिशत जनसङ्ख्या यसै प्रदेशका सम्बन्धित जिल्लामै जन्मेका हुन् । समग्र नेपालमा करिब १४ प्रतिशत जनसङ्ख्या अन्य जिल्लामा जन्मेका छन् । विदेशमा जन्मेका करिब २ प्रतिशत जनसङ्ख्या रहेको छ । यस प्रदेशमा करिब ५ प्रतिशत जनसङ्ख्या प्रदेश नं. २ भन्दा फरक जिल्लामा जन्मेका हुन् । यहाँ करिब ३ प्रतिशत जनसङ्ख्या विदेशमा जन्मभई हाल यसै प्रदेशमा वसोबास गरिरहेका छन् ।

यस प्रदेशका जिल्लागत अवस्थालाई विश्लेषण गर्दा सप्तरी र सिराहा जिल्लामा रहेको जनसङ्ख्या मध्ये ९४ प्रतिशत जनसङ्ख्या सोही जिल्लामा जन्मेका छन्। यी दुई जिल्लाहरुमा विदेशमा जन्म भई सम्बन्धित जिल्लाहरुमै वसोबास गर्ने मानिसहरु करिब १.७ प्रतिशत रहेका छन्। यस प्रदेश अन्तर्गतको बारा जिल्लामा सबै भन्दा बढी (करिब ८ प्रतिशत) जनसङ्ख्या अन्य जिल्लामा जन्मी बारा जिल्लामा वसोबास गरिरहेका छन्। विदेशमा जन्म भई यस प्रदेश वसोबास गर्ने जनसङ्ख्या पर्सा जिल्लामा सबै भन्दा बढी (४.४ प्रतिशत) र सप्तरी जिल्लामा सबै भन्दा कम (१.६ प्रतिशत) रहेका छन्।

### तालिका ५.२: जन्मस्थानको आधारमा प्रदेश नं. २ को बसाईंसराइको अवस्था, सन् २०११

| जिल्ला | जनसङ्ख्या | नेपालमै जन्मेका (Native born) | सम्बन्धित जिल्लामै जन्मेका (%) | अन्य जिल्लामा जन्मेका (%) | विदेशमा जन्मेका (%) |
|---|---|---|---|---|---|
| सप्तरी | ६,३७,८४४ | ६,१६,६९३ | ५,९९,९७० (९४.१) | १६,७२३ (२.६) | १०,२७७ (१.६) |
| सिराहा | ६,३५,६२७ | ६,२०,२४५ | ५,९९,७७८ (९४.४) | २०,४६७ (३.२) | १०,६६२ (१.७) |
| धनुषा | ७,५३,६८२ | ७,१८,२५७ | ६,८५,८७५ (९१.०) | ३२,३८२ (४.३) | १४,३९१ (१.९) |
| महोतरी | ६,२५,२०७ | ६,००,४६१ | ५,६८,०५१ (९०.९) | ३२,४१० (५.२) | १९,१५३ (३.१) |
| रौतहट | ६,८६,०५९ | ६,४९,६२३ | ६,१९,५८३ (९०.३) | ३०,०४० (४.४) | १५,०७६ (२.२) |
| सर्लाही | ७,६९,३३० | ७,३७,९९८ | ६,८५,२१६ (८९.१) | ५२,७८२ (६.९) | १८,५२३ (२.४) |
| बारा | ६,८५,८३१ | ६,५६,५९६ | ६,०३,२३७ (८८.०) | ५३,३५९ (७.८) | २२,३३५ (३.३) |
| पर्सा | ५,९७,७६९ | ५,६३,५९० | ५,३३,९४५ (८९.३) | २९,६४५ (५.०) | २६,१४३ (४.४) |
| प्रदेश नं. २ | ५३,९१,३४९ | ५१,६३,४६३ | ४८,९५,६५५ (९०.८) | २,६७,८०८ (५.०) | १,३६,५६० (२.५) |
| नेपाल | २,६६२,५३,८२८ | २,५५,२४,६११ | २,१७,३६,५४१ (८२.८) | ३७,८८,०७० (१४.४) | ४,७९,६२५ (१.८) |

**स्रोत:** केन्द्रीय तथ्याङ्क विभाग सन् २०१२, राष्ट्रिय जनगणना सन् २०११ को प्रतिवेदन (भाग १) बाट गणना गरिएको

**नोट:** कोष्ठभित्र राखिएको अङ्कले जिल्लाको कूल जनसङ्ख्याको आधारमा निकालिएको प्रतिशत जनाउँछ। माथि गरिएको विश्लेषण केन्द्रीय तथ्याङ्क विभाग सन् २०११ ले प्रकाशित गरेको शुरुको टेबल को आधारमा गरिएको छ। त्यसैले नेपाल, प्रदेश तथा जिल्लागत जनसङ्ख्या अन्तिम नतिजा भन्दा केही भिन्न देखिन्छ। जन्म स्थान उल्लेख नगर्नेको सङ्ख्या उल्लेख्य रहेकोले चयध तयतबा को प्रतिशत १०० भन्दा केही कम हुन आउछ।

## ५.३ अन्य जिल्लामा जन्मेका जनसङ्ख्या

एउटा व्यक्ति जसको हालको वसोबास उसको जन्म स्थान भन्दा फरक रहेको छ, उसले गणना पूर्व आफ्नो जीवनकालमा बसाईं सराइको धेरैवटा चरणहरु पार गरेको हुनसक्छ। जन्म स्थान भन्दा हालको वसोबास फरक हुने आजीवन बसाईं सराई गरेका (life-time migrants) हरुको तथ्याङ्क, बसाईं सराई कर्ताको सङ्ख्या र प्रतिशत देश भित्रै जन्मेकाहरू (native-born population) को आधारमा गणना गरिन्छ। तालिका ५.३ मा यस प्रदेशका ८ जिल्लाहरुमा बसाई सरी जाने तथा आउने जनसङ्ख्या, प्रदेश तथा जिल्ला जनसङ्ख्याको आधारमा भित्री बसाईं सराई दर (In-migration rate) र बाहिरी बसाईं सराई दर (out-migration rate) तथा खूद बसाईं सराई दर (net migration rate) प्रस्तुत गरिएको छ। यस प्रदेशको धनुषा जिल्लाबाट करिब १६ प्रतिशत जनसङ्ख्या बसाईं सरेर जाने रहेका छन्। सबैभन्दा कम पर्सा जिल्लाबाट १० प्रतिशत रहेका छन्। त्यसैगरी सर्लाही तथा बारा जिल्लामा बसाईं सरी आउने सबै भन्दा बढी २० प्रतिशत रहेका छन्। सप्तरी जिल्लामा बसाईं सरी आउने सबै भन्दा कम ६.३ प्रतिशत रहेका छन्। जिल्ला तहको जनसङ्ख्याको आधारमा सप्तरी जिल्लामा ७.८ प्रतिशत, धनुषामा ७.५ प्रतिशत बाहिरी बसाईं सराईदर रहेको छ भने अन्य सबै जिल्लाहरुमा बाहिरी बसाईं सराईदर करिब ६ प्रतिशतको हाराहारीमा रहेको छ। भित्री बसाईं सराई दर सबैभन्दा बढी बारामा (७.४ प्रतिशत), र त्यसपछि सर्लाहीमा (६.७ प्रतिशत) रहेको छ भने सबै भन्दा कम सप्तरी जिल्लामा (२.५ प्रतिशत) रहेको छ। खूद बसाईं सराई दर बारा जिल्ला बाहेक सबै जिल्लाको ऋणात्मक रहेको छ।

**तालिका ५.३ : आजीवन बसाईं सराईका आधारमा प्रदेश नं. २ को बसाईं सराइका दरहरु : भित्री बसाईं सराई दर, बाहिरी बसाईं सराईदर तथा खूद बसाईं सराई दर, २०११**

| जिल्ला | जनसङ्ख्या | बसाईं सरीजाने (Out migrants) | बसाईं सरी आउने (In-migrants) | प्रदेशको जम्माको आधार मा जिल्लाको अंश (%) | | जिल्लाको जम्मा जनसङ्ख्या को आधारमा | | खूदबसाईं सराईदर |
|---|---|---|---|---|---|---|---|---|
| | | | | बसाईं सरीजाने | बसाईं सरीआउने | बाहिरी बसाईंसराईदर | भित्री बसाईंसराईदर | |
| सप्तरी | ६,३९,२८४ | ५०,००७ | १६,०६१ | १४.१ | ६.३ | ७.८ | २.५ | (५.३ |
| सिराहा | ६,३७,३२८ | ३९,९४१ | १९,२६५ | ११.३ | ७.५ | ६.३ | ३. | (३.२ |
| धनुषा | ७,५४,७७७ | ५६,९५८ | ३०,०७५ | १६.१ | ११.७ | ७.५ | ४. | (३.६ |
| महोतरी | ६,२७,५८० | ३९,१८० | ३१,२९२ | ११.१ | १२.२ | ६.२ | ५. | (१.३ |

| जिल्ला | जनसङ्ख्या | बसाईं सरीजाने (Out migrants) | बसाईं सरी आउने (In-migrants) | प्रदेशको जम्माको आधार मा जिल्लाको अंश (%) | | जिल्लाको जम्मा जनसङ्ख्या को आधारमा | | खूदबसाईं सराईदर |
|---|---|---|---|---|---|---|---|---|
| | | | | बसाईं सरीजाने | बसाईं सरीआउने | बाहिरी बसाईंसराईदर | भित्री बसाईंसराईदर | |
| रौतहट | ६,८६,७२२ | ३८,४२८ | २८,४७५ | १०.९ | ११.१ | ५.६ | ४.१ | (१.४ |
| सर्लाही | ७,६९,७२९ | ५२,८३६ | ५१,२८१ | १४.९ | २०. | ६.९ | ६.७ | (०.२ |
| बारा | ६,८७,७०८ | ४०,८६६ | ५१,१८६ | ११.६ | २०. | ५.९ | ७.४ | १.५ |
| पर्सा | ६,०१,०१७ | ३५,२६४ | २८,६३१ | १०. | ११.२ | ५.९ | ४.८ | (१.१ |

**स्रोत :** केन्द्रीय तथ्याङ्क विभाग २०१४, Population Monograph of Nepal Vol 1 pg 278 बाट गणना गरिएको

तालिका ५.४ मा जनगणनाको एक वर्षको सन्दर्भ अवधिको आधारमा निकालिएको तात्कालिक बसाईं सराई (अगचचभलत cष्नचबतष्यल) का दरहरु (भित्री बसाईं सराई दर, बाहिरी बसाईं सराईदर तथा खूद बसाईं सराईदर) प्रस्तुत गरिएको छ । प्रदेश नं. २ का आठ वटा जिल्लाहरु मध्ये सङ्ख्याको आधारमा बसाईं सरी जाने सबै भन्दा बढी सर्लाही जिल्लामा २,८०४ जना रहेका छन् । सबै भन्दा कम महोत्तरी जिल्लामा १,२८४ जना रहेका छन् । त्यसैगरी प्रदेशमा रहेका ८ जिल्लाहरु मध्ये सबै भन्दा बढी बसाईं सरी आउने सर्लाही जिल्लामा ८९६ जना रहेका छन् भने सबै भन्दा कम रौतहट जिल्लामा ३०१ जना रहेका छन् ।

बसाईं सरी आउने र जाने सङ्ख्याको आधारमा प्रस्तुत तालिकामा जिल्ला तहमा बसाईं सरी जाने दर (बाहिरी बसाईं सराई दर) तथा बसाईं सरी आउने दर (भित्री बसाईं सराई दर) का साथै खूद बसाईं सराई दर निकालिएको छ । प्रदेश नं. २ मा बाहिरी बसाईं सराई दर सप्तरी जिल्लाको सबैभन्दा बढी (४ प्रति हजार) रहेको छ । महोत्तरी जिल्लाको सबै भन्दा कम (२ प्रति हजार) रहेको छ । महोत्तरी तथा सर्लाही जिल्लाहरुको भित्री बसाईं सराई दर सबै भन्दा बढी (१.२ प्रतिहजार) रहेको छ । तात्कालिक बसाईं सराईको आधारमा सबै भन्दा बढी खूद बसाईं सराई दर सप्तरी जिल्लामा (-३.५ प्रति हजार) मा रहेको छ । सबै भन्दा कम महोत्तरी जिल्लामा (-०.९ प्रति हजार) रहेको छ । तात्कालिक बसाईं सराइको आधारमा सबै जिल्लाहरुको खूद बसाईं सराई दर ऋणात्मक रहेको छ ।

**तालिका ५.४: प्रदेश नं. २ का जिल्लाहरुमा तात्कालिक बसाईं सराई (Current migration) का दरहरु: भित्री बसाईं सराई दर, बाहिरी बसाईं सराईदर तथा खूद बसाईं सराई दर, २०११**

| जिल्ला | जनसङ्ख्या | बसाई सरी जाने | बसाई सरी आउने | बसाई सरी जाने दर | बसाई सरी आउने दर | खूद बसाई सराई दर |
|---|---|---|---|---|---|---|
| सप्तरी | ६,३९,२८४ | २,५७४ | ३२६ | ४.० | ०.५ | (३.५ |
| सिराहा | ६,३७,३२८ | १,६८४ | ३५८ | २.६ | ०.६ | (२.१ |
| धनुषा | ७,५४,७७७ | १,८९२ | ४९९ | २.५ | ०.७ | (१.८ |
| महोत्तरी | ६,२७,५८० | १,२८४ | ७५० | २.० | १.२ | (०.९ |
| सर्लाही | ७,६९,७२९ | २,८०४ | ८९६ | ३.६ | १.२ | (२.५ |
| रौतहट | ६,८६,७२२ | १,९४७ | ३०१ | २.८ | ०.४ | (२.४ |
| बारा | ६,८७,७०८ | २,३४५ | ६९७ | ३.४ | १.० | (२.४ |
| पर्सा | ६,०१,०१७ | १,६५३ | ४२० | २.८ | ०.७ | (२.१ |

**स्रोत:** केन्द्रीय तथ्याङ्क विभाग २०१४, Population Monograph of Nepal Vol 1 pg 282, 283 बाट गणना गरिएको

## ५.४ बसाईं सरी आउनेको जनसङ्ख्या

अन्य जिल्लामा जन्मभई सम्बन्धित जिल्लामा वसोबास गरिरहेका जनसङ्ख्यालाई उक्त जिल्लामा वसोबास गरिरहेको अवधिका बारेमा राष्ट्रिय जनगणना २०११ मा प्रश्न सोधिएको थियो। वर्तमान अवस्थाको जनसङ्ख्याको गणना स्थानमा बसेको अवधिलाई १ वर्ष, १-५ वर्ष, ६-१० वर्ष, तथा १० वर्ष भन्दा बढीको आधारमा गणना गरिएको छ। यसलाई तालिका ५.५ मा प्रस्तुत गरिएको छ।

अन्य जिल्लामा जन्म भई हाल गणना भएको सम्बन्धित जिल्लाहरुमा वसोबास गर्ने जनसङ्ख्या सबै भन्दा बढी बारा जिल्लामा (५३,३५९ जना) रहेका छन्। सबै भन्दा कम सप्तरी जिल्लामा (१६,७२३) रहेका छन्। त्यसैगरी सर्लाही जिल्लामा ५२,७८२ जना, सिराहा जिल्लामा २०,४६७ जना, धनुषा जिल्लामा ३२,३८२ जना, महोत्तरी जिल्लामा ३२,४१० जना, रौतहट जिल्लामा ३०,०४० जना तथा पर्सामा २९,६४५ जना रहेका छन्। यसरी अन्य जिल्लामा जन्म भई हाल वसोबास रहेको जिल्लाहरुमा वसोबास गरिरहेका यी व्यक्तिहरु मध्ये करिब २० प्रतिशत जनसङ्ख्या सम्बन्धित जिल्लाहरुमा १० वर्ष भन्दा बढी समयदेखि वसोबास गरिरहेका छन्।

### तालिका ५.५ : अन्य जिल्लामा जन्मभई हाल प्रदेश नं. २ का सम्बन्धित जिल्लामा वसोबास गरिरहेका मानिसहरुको सम्बन्धित जिल्लामा बसेको अवधिको आधारमा आन्तरिक बसाईं सराइको अवस्था

| स्थान | अन्य जिल्लामा जन्म भई सम्बन्धित जिल्लामा वसोबास गर्ने | बसाईंको अवधि | | | | |
|---|---|---|---|---|---|---|
| | | १ वर्ष भन्दा कम | १-५ वर्ष | ६-१० वर्ष | १० वर्ष भन्दा बढी | अवधि नखुलेको |
| सप्तरी | १६,७२३ | ३३४ | ३,२०४ | २,३२४ | ८,२५९ | २,६०१ |
| सिराहा | २०,४६७ | ३७८ | ३,५९७ | २,९०७ | १०,४२६ | ३,१५९ |
| धनुषा | ३२,३८२ | ५०० | ५,७९६ | ४,७०० | १५,९३९ | ५,४४७ |
| महोतरी | ३२,४१० | ७५१ | ५,०४४ | ४,६६० | १८,००७ | ३,९४७ |
| रौतहट | ३०,०४० | ३६१ | ४,४७४ | ४,२५३ | १५,४३८ | ५,५१४ |
| सर्लाही | ५२,७८२ | ९१९ | ७,२१९ | ५,८२१ | ३२,६६६ | ६,१५६ |
| बारा | ५३,३५९ | ७१५ | ८,४६९ | ७,८८२ | २९,६५५ | ६,६३९ |
| पर्सा | २९,६४५ | ४३६ | ६,३०८ | ५,०९२ | १४,८१८ | २,९९१ |

**स्रोत:** केन्द्रीय तथ्याङ्क विभाग २०१२, राष्ट्रिय जनगणना २०११ को प्रतिवेदन (भाग १) बाट गणना गरिएको

# एकाइ ६ : जनसङ्ख्याका सामाजिक पक्षहरू

प्रदेश नं. २ को जनसङ्ख्याका विविध सामाजिक पक्षहरुको बारेमा यस एकाइमा चर्चा गरिएको छ । यस अन्तर्गत घरायसी सुविधाहरु, जातजाति, भाषाभाषी, धर्म, शिक्षा, गरीबी तथा अपाङ्गताको स्थितिलाई चित्रण गरिएको छ ।

## ६.१ घरायसी सुविधाको स्थिति

यस खण्ड अन्तर्गत घरको स्वामित्वको प्रकार, खानेपानीको श्रोत, शौचालयको सुविधा, इन्धनको प्रकार तथा विभिन्न सरसामानको उपलब्धताको स्थितिका बारेमा चर्चा गरिएको छ ।

### घरको स्वामित्वको स्थिति

मानव सभ्यताको महत्वपूर्ण सूचकको रूपमा घरलाई लिइन्छ। घर निर्माणमा प्रयोग भएका सामग्रीको आधारमा यसलाई वर्गीकरण गर्ने गरिन्छ । नेपालको भौगोलिक अवस्था, हावापानी, वातावरण लगायत कारण विभिन्न प्रकारका घरहरुको निर्माण भएको पाइन्छ । यस खण्डमा जनगणनामा समावेश भएका मानिसहरुले वसोबास गरिरहेको घरको स्वामित्व कसको हो भन्ने कुराको विश्लेषण गरिएको छ। समाजमा वसोबास गरिरहेका मानिसहरुको सामाजिक-आर्थिक फरकपनको सूचकको रूपमा घरको स्वामित्वलाई लिईन्छ। घरको स्वामित्व सबै समुदाय एवं स्थानमा एकै प्रकारको पाइदैन । यस किसिमको विश्लेषणले मानिसको आर्थिक क्रियाकलापहरुको फरक र घरको स्वामित्व भए नभएको अवस्थालाई चित्रण गर्दछ।

तालिका ६.१ मा नेपाल, प्रदेश नं. २ का जिल्लाहरुमा घरको स्वामित्वको प्रकारको अवस्थालाई प्रस्तुत गरिएको छ । घरको स्वामित्वलाई केन्द्रीय तथ्याङ्क विभागले राष्ट्रिय जनगणना सन् २०११ मा आफ्नै, भाडा, सस्थागत र अन्य गरी चार भागमा वर्गीकरण गरेको छ । नेपालमा आफ्नै स्वामित्वमा घर भएका घरपरिवार ८५.३ प्रतिशत रहेका छन् । प्रदेश नं. २ मा यो प्रतिशत वढी रहेको छ। यस प्रदेशका ९६.२ प्रतिशत घरपरिवारको घरको स्वामित्व आफ्नै छ। यस प्रदेशका जिल्लाहरु मध्ये घर को स्वामित्व आफ्नै भएकाहरु सबै भन्दा बढी महोत्तरी जिल्लामा (९८.२ प्रतिशत) र सबै भन्दा कम पर्सा जिल्लामा (९०.७ प्रतिशत) रहेका छन् । यस प्रदेशका दुई जिल्लाहरु पर्सा र धनुषामा मात्र आफ्नै स्वामित्वमा घर हुनेको प्रतिशत प्रादेशिक तहको

औसत भन्दा कम छ । नेपालमा भाडाको घरमा वसोबास गर्नेहरु करिब १३ प्रतिशत रहेको छ । यस प्रदेशमा करिब ३ प्रतिशत घरपरिवार मात्र भाडाको घरमा वसोबास गर्दछन् । यस प्रदेशको पर्सा जिल्लामा सबै भन्दा बढी घरपरिवार (८.११ प्रतिशत) भाडाको घरमा वसोबास गर्दछन । त्यसैगरी धनुषा जिल्लाका करिब ४ प्रतिशत घरपरिवार भाडाको घरमा वसोबास गर्दछन् । रौतहट जिल्लामा मात्र १ प्रतिशत घरपरिवार भाडाको घरमा बस्ने गरेका छन् । घरको स्वामित्व संस्थागत वा अन्य रहेको घरपरिवार नेपालमा अत्यन्त न्यून (१ प्रतिशत) रहेकोमा यस प्रदेश तथा यसका जिल्लाहरुमा समेत १ प्रतिशत भन्दा कम घरपरिवार सस्थागत वा अन्य प्रकारको घरको स्वामित्व भएको घरमा बसेका छन् ।

### तालिका ६.१: प्रदेश नं. २ मा घरको स्वामित्वको प्रकार, २०११

| स्थान | घरको स्वामित्व | | | | जम्मा घरपरिवारको सङ्ख्या |
|---|---|---|---|---|---|
| | आफ्नै | भाडा | संस्थागत | अन्य | |
| सप्तरी | ९६.२ | २.२ | ०.३ | १.३ | १,२१,०६४ |
| सिराहा | ९६.६ | २.० | ०.४ | १.० | १,१७,९२९ |
| धनुषा | ९५.१ | ३.८ | ०.५ | ०.६ | १,३८,२२५ |
| महोतरी | ९८.२ | १.२ | ०.२ | ०.४ | १,११,२९८ |
| रौतहट | ९८.५ | १.० | ०.१ | ०.४ | १,०६,६५२ |
| सर्लाही | ९७.३ | १.९ | ०.२ | ०.६ | १,३२,८०३ |
| बारा | ९६.१ | २.७ | ०.५ | ०.७ | १,०८,६०० |
| पर्सा | ९०.७ | ८.१ | ०.७ | ०.५ | ९५,५१६ |
| प्रदेश नं. २ | ९६.२ | २.८ | ०.४ | ०.७ | ९,३२,०८७ |
| नेपाल | ८५.३ | १२.८ | ०.६ | १.३ | ५४,२३,२९७ |

**स्रोत:** केन्द्रीय तथ्याङ्क विभाग, २०१२, राष्ट्रिय जनगणना २०११ को प्रतिवेदन (भाग १) बाट गणना गरिएको

## खानेपानीको श्रोतको उपयोगको स्थिति

खानेपानीमा सबैको पहुँच एक महत्वपूर्ण स्वास्थ्य एवम् आर्थिक विकासको सूचक हो । यसलाई आधारभूत मानव अधिकारको सूचकको रूपमा समेत लिइन्छ । नेपालको संविधानमा स्वच्छ खानेपानीलाई मौलिक हकभित्र समावेश गरिएको छ । (नेपालको संविधान, २०७२) नेपाल सरकारले सबै नागरिकहरुलाई खानेपानीको पहुँचमा

पुऱ्याउने कार्यलाई उच्च प्राथमिकतामा राखेको छ । प्रत्येक घरपरिवारले पानीलाई पिउन, खाना पकाउनका साथै अन्य प्रयोजनका लागि सङ्कलन गर्ने गर्दछन् । नेपालको भौगोलिक अवस्था, मौसम आदिको कारणबाट पानीको श्रोत माथिको पहुँचमा समेत विविधता रहेको छ । राष्ट्रिय जनगणना २०११ ले सङ्कलन गरेको तथ्याङ्कको आधारमा मुख्यरूपमा खानेपानीको श्रोतलाइ धारा, ट्युबवेल तथा अन्य गरी ३ भागमा वर्गीकरण गरेको छ ।

जनगणनाबाट प्राप्त तथ्याङ्कलाई तालिका ६.२ मा प्रस्तुत गरिएको छ । नेपालमा करिब ४८ प्रतिशत मानिसहरुको खानेपानीको मुख्य श्रोत धारा नै रहेको छ । प्रदेश नं. २ मा करिब ११ प्रतिशत घरपरिवारको पहुँच धारा मार्फत् वितरण गरिएको पानीमा छ । त्यसैगरी ट्युबवेलको प्रयोग गर्ने घरपरिवार राष्ट्रिय औसतमा ३५ प्रतिशत रहेका छन् भने यस प्रदेशमा त्यसको दोब्बर भन्दा बढी (८२ प्रतिशत) रहेका छन् । अन्य श्रोतको प्रयोग गर्ने घरपरिवार नेपालमा १७ प्रतिशत रहेकोमा यस प्रदेशमा करिब ८ प्रतिशत मात्र रहेका छन् ।

त्यसैगरी यस प्रदेशका जिल्लाहरुको खानेपानीको श्रोतको विश्लेषण गर्दा धारा प्रयोग गर्ने परिवारको प्रतिशत जिल्लै पिच्छे फरक फरक रहेको अवस्था छ । सप्तरी जिल्लामा सबै भन्दा कम करिब २ प्रतिशत मात्र घरपरिवार धारा प्रयोग गर्दछन् । त्यसैगरी सिराहा जिल्लामा ६ प्रतिशत र रौतहट जिल्लामा ७ प्रतिशत घरपरिवारले धारा प्रयोग गर्दछन् । यो प्रतिशत प्रादेशिक औसतमा रहेका घरपरिवार भन्दा कम घरपरिवारको रहेको छ । अन्य जिल्लाहरुमा ११ प्रतिशत भन्दा माथि धाराको प्रयोग रहेको छ । यस प्रदेशको बारा जिल्लामा करिब १७ प्रतिशत घरपरिवारको पानीको श्रोत धारा रहेको छ । खानेपानीको श्रोतका लागि यस प्रदेशका सबै जिल्लाहरुमा चार भागमा ३ भाग भन्दा बढी घरपरिवार ट्यूबवेल नै प्रयोग गर्दछन् । सप्तरी, रौतहट, बारा र पर्सा जिल्लाहरुमा ५ प्रतिशत भन्दा कम घरपरिवारले खानेपानीका लागि अन्य श्रोत प्रयोग गर्दछन् । बाँकी चार जिल्लाहरुमा प्रादेशिक तह (८ प्रतिशत) भन्दा बढी घरपरिवारले अन्य श्रोतबाट खानेपानी प्रयोग गर्दछन् ।

## तालिका ६.२ : प्रदेश नं. २ मा खानेपानीको श्रोतको अवस्था, २०११

| स्थान | खानेपानीको श्रोत (%) | | | जम्मा घरपरिवार |
|---|---|---|---|---|
| | धारा | ट्युबवेल | अन्य | |
| सप्तरी | १.७ | ९४.४ | ४ | १,२१,०६४ |
| सिराहा | ५.५ | ८४.३ | १०.३ | १,१७,९२९ |
| धनुषा | १३ | ७५.२ | ११.९ | १,३८,२२५ |
| महोतरी | १४ | ७६.३ | ९.६ | १,११,२९८ |
| रौतहट | ७ | ८८.२ | ४.९ | १,०६,६५२ |
| सर्लाही | ११.८ | ७७.२ | ११ | १,३२,८०३ |
| बारा | १७.२ | ७८.९ | ४ | १,०८,६०० |
| पर्सा | १४.४ | ८१ | ४.६ | ९५,५१६ |
| प्रदेश नं. २ | १०.५ | ८१.८ | ७.८ | ९,३२,०८७ |
| नेपाल | ४७.८ | ३५.१ | १७.१ | ५४,२३,२९७ |

**स्रोत:** केन्द्रीय तथ्याङ्क विभाग, २०१२, राष्ट्रिय जनगणना २०११ को प्रतिवेदन (भाग १) बाट गणना गरिएको

## शौचालयको प्रयोगको अवस्था

व्यक्तिगत तथा सामुदायिक स्वास्थ्य सुधारमा सरसफाईलाई एक महत्वपूर्ण तत्व मानिन्छ । यसले व्यक्तिगत स्वास्थ्य (personal health) सुधारमा उल्लेख्य भूमिका खेल्दछ। सफा र सुरक्षित शौचालयले मानव शौच व्यवस्थापन गर्न महत्वपूर्ण योगदान गर्दछ। मानव शौचको व्यवस्थापनबाट व्यक्तिगत तथा सामुदायिक स्वास्थ्यमा सुधार ल्याउँदछ। राष्ट्रिय तथा अन्तराष्ट्रिय कार्यक्रमहरुले समेत विगतमा स्थानीय तह तथा जिल्लाहरुलाई खुला दिशामुक्त (open defecation free) क्षेत्र घोषणा कार्यक्रम लागु गराइ सरसफाईमा विशेष ध्यान दिँदै आएका छन् ।

राष्ट्रिय जनगणना २०११ ले आफ्नै घरको परिसरभित्र शौचालय नभई सामुदायिक अथवा सार्वजनिक शौचालय प्रयोग गर्ने घर परिवारको गणना गरेको छ । यस्ता परिवारलाई शौचालय नभएको परिवारमा गणना गरेको छ। त्यसैगरी खुला क्षेत्रलाई शौचालयको रूपमा प्रयोग गरेकाहरुलाई पनि शौचालय नभएको परिवारको रूपमा गणना गरेको छ। आधुनिक शौचालय अन्तर्गत यहाँ विश्लेषण गरिएको शौचालयको

प्रकारले सार्वजानिक ढल वा घर कम्पाउण्डमा रहेको सुरक्षित ढल दुवै प्रकारलाई जनाउँछ । सेप्टिक ट्यांक (Septic tank) र सार्वजानिक ढल समेतको सुविधा नभएको शौचालयलाई सामान्य शौचालयको रूपमा वर्गीकरण गरिएको छ । तालिका ६.३ मा प्रदेश नं. २ को शौचालयको अवस्था प्रस्तुत गरिएको छ ।

नेपालमा करिब ३३ प्रतिशत घरपरिवारले फ्लस शौचालय (flush toilet with septic tank) भएको प्रयोग गरिरहेका छन् । यस प्रदेशमा करिब १५ प्रतिशत मात्रले उक्त प्रकारको शौचालय प्रयोग गरिरहेका छन् । सार्वजानिक ढल सहितको शौचालय प्रयोग गर्ने नेपालमा करिब ८ प्रतिशत रहेको अवस्थामा यस प्रदेशमा १.३ प्रतिशत मात्र रहेका छन् । नेपालमा करिब ३८ प्रतिशत घरपरिवारसँग शौचालय नभएको अवस्था रहेको छ भने यस प्रदेशमा झन्डै दोब्बर (७३ प्रतिशत) सँग शौचालय नरहेको अवस्था छ । त्यसैगरी सामान्य शौचालय प्रयोग गर्ने करिब २० प्रतिशत घरपरिवार नेपालमा रहेकोमा यस प्रदेशमा त्यसको ठिक आधा अर्थात् १० प्रतिशत मात्रले सामान्य शौचालय प्रयोग गर्दछन् ।

त्यसैगरी जिल्लागत तहमा यस प्रदेशको सेप्टिक ट्यांक सहितका फ्लस शौचालय प्रयोग गर्ने घर परिवारको आकडामा फरक फरक रहेको छ। पर्सा जिल्लामा सबै भन्दा बढी सेप्टिक ट्यांक सहितको फ्लस शौचालय प्रयोग गर्ने (२४ प्रतिशत) घर परिवार छन् । रौतहट जिल्लामा सबै भन्दा कम १० प्रतिशत मात्रले उक्त प्रकारको शौचालय प्रयोग गर्दछन् । औसतमा प्रदेश नं. २ मा सवै भन्दा बढी सार्वजानिक ढलको प्रयोग गर्ने घरपरिवार सप्तरी र धनुषा जिल्लामा (प्रत्येकमा १.७ प्रतिशत) रहेका छन् । त्यस्तै, सवैभन्दा बढी  शौचालय नभएको सप्तरी जिल्ला (७९ प्रतिशत) रहेको छ भने सबै भन्दा कम पर्सा जिल्लामा (६५ प्रतिशत) रहेको छ । सामान्य शौचालय प्रयोग गर्ने सबै भन्दा बढी धनुषा जिल्लामा (१६ प्रतिशत) रहेको छ भने सबै भन्दा कम सप्तरी जिल्लामा (६.५ प्रतिशत) रहेको छ ।

## तालिका ६.३: प्रदेश नं. २ मा शौचालयको अवस्था, २०११

| स्थान | शौचालयकोअवस्था | | | | जम्मा घरपरिवार |
|---|---|---|---|---|---|
| | शौचालय नभएको | ढलको प्रयोग (Flush Toilet) | सेप्टिकट्यांक (Flush Toilet) | सामान्य शौचालय | |
| सप्तरी | ७९.३ | १.७ | ११.१ | ६.५ | १,२१,०६४ |
| सिराहा | ७८.७ | १.३ | १२.० | ७.२ | १,१७,९२९ |
| धनुषा | ६४.८ | १.७ | १६.२ | १५.५ | १,३८,२२५ |
| महोतरी | ७२.५ | १.० | १४.४ | ११.५ | १,११,२९८ |
| रौतहट | ७५.५ | ०.९ | १०.० | १२.१ | १,०६,६५२ |
| सर्लाही | ७३.६ | १.२ | १६.३ | ७.९ | १,३२,८०३ |
| बारा | ७२.४ | १.० | १६.१ | ९.५ | १,०८,६०० |
| पर्सा | ६५.० | १.२ | २४.३ | ८.४ | ९५,५१६ |
| प्रदेश नं. २ | ७२.८ | १.३ | १४.९ | ९.९ | ९,३२,०८७ |
| नेपाल | ३८.२ | ८.३ | ३३.५ | १९.५ | ५४,२३,२९७ |

**स्रोतः** केन्द्रीय तथ्याङ्क विभाग, २०१२, राष्ट्रिय जनगणना २०११ को प्रतिवेदन (भाग १) बाट गणना गरिएको

नेपाल सरकार, खानेपानी तथा सरसफाई मन्त्रालय, खानेपानी तथा ढल निकास विभाग, राष्ट्रिय सरसफाई तथा स्वच्छता समन्वय समितिको सचिवालय अन्तर्गतको वातावरणीय सरसफाई शाखाबाट प्राप्त तथ्याङ्क हेर्दा प्रदेश नं. २ अन्तर्गतका जिल्लाहरुमा चर्पी प्रयोगको स्थितिमा सन् २०११ को जनगणनादेखि हालसम्म ठूलो परिवर्तन आएको देखिन्छ । शाखाबाट उपलब्ध तथ्याङ्कलाई चित्र ६.१ मा देखाइएको छ। वि. सं. २०७४ सम्मको तथ्याङ्क अनुसार प्रदेश नं. २ का ७२ प्रतिशत घरपरिवारमा शौचालयको व्यवस्था भएको अवस्था छ । जिल्लाहरु मध्ये सप्तरी जिल्लामा सबैभन्दा बढी (८५ प्रतिशत) तथा महोत्तरी जिल्लामा सबैभन्दा कम (६८ प्रतिशत) घरपरिवारमा शौचालय भएको अवस्था छ। उक्त तथ्याङ्कमा शौचालय भए नभएको अवस्था मात्र जनाइएको छ  तर जनगणनामा जस्तै गरी शौचालयको प्रकार भने छुट्टयाइएको छैन ।

**चित्र ६.१ : प्रदेश नं. २ तथा यस अन्तर्गतका जिल्लाहरुमा शौचालय हुने घरपरिवार को प्रतिशत**




**स्रोतः** नेपाल सरकार खानेपानी तथा सरसफाई मन्त्रालय अन्तर्गत वातावरणीय सरसफाई शाखाको website ess.gov.np बाट प्राप्त गरिएको

## इन्धन प्रयोगको अवस्था

सन् २००१ को जनगणनादेखि खाना पकाउन प्रयोग गरिने इन्धनका बारेमा तथ्याङ्क लिन शुरुआत गरिएको हो । घरपरिवारले खाना पकाउन मुख्यतया: प्रयोग गरेको इन्धनलाई जनगणनामा लिइएको छ। तालिका ६.४ मा इन्धनको प्रयोग खाना पकाउन तथा उज्यालो (बत्ति बाल्न) का लागि प्रयोग गरिएको इन्धनको श्रोतको बारेमा प्रस्तुत गरिएको छ । खाना पकाउनका लागि प्रयोग गरिएको इन्धनलाई प्रस्तुत तालिकामा चार भागमा वर्गीकरण गरिएको छ। ती बायो ग्याँस, ग्याँस (LPG), विद्युत तथा दाउरा, मट्टीतेल, गुइठा र अन्य रहेका छन्। जनगणनामा लिइएको अन्य श्रोतले पराल, रूखका पात तथा सुकेका कृषि उपज (straw, leaves and agricultural residue) आदिलाई जनाउँदछ। नेपालमा मुख्यतया परम्परागत इन्धनको श्रोतको बढी प्रयोग गरिन्छ। यसैले पनि अन्य श्रोतलाई समेत दाउरा, मट्टीतेल गुइठा शीर्षक अन्तर्गत नै राखेर विश्लेषण गरिएको छ ।

सन् २०११ को जनगणना अनुसार नेपालमा करीब ७६ प्रतिशत घरपरिवार दाउरा, मट्टीतेल, गुइठा, तथा अन्य श्रोतको प्रयोग गर्दछन्। प्रदेश नं. २ मा मुख्यतया यिनै प्रकारका श्रोतको प्रयोग गर्ने वढी ९२ प्रतिशतले प्रयोग गर्दछन् । नेपालमा LPG प्रयोग गर्ने २१ प्रतिशत घरपरिवार छन्। तर यस प्रदेशमा अत्यन्त न्यून (६ प्रतिशत) मात्र छन् । खाना पकाउन विद्युत प्रयोग गर्नेको सङ्ख्या राष्ट्रिय स्तरमा तथा प्रदेश नं. २ मा अत्यन्त न्यून रहेको छ। त्यस्तै, बायोग्यास प्रयोग गर्नेहरुको हिस्सा नेपालमा

२.४ प्रतिशत रहेकोमा यस प्रदेशमा अत्यन्त न्यून रहेको छ । त्यसैगरी यस प्रदेश अन्तर्गतको पर्सा जिल्लामा करिब १६ प्रतिशत घरपरिवारले ग्याँस (LPG) को प्रयोग गर्दछन् । रौतहट जिल्लामा सबै भन्दा न्यून करिब २ प्रतिशतले मात्र ग्याँस (LPG) को प्रयोग गर्दछन् । बारा र सर्लाही जिल्लाका करिब २ प्रतिशत मात्रले बायोग्याँस प्रयोग गर्दछन् । समग्रमा यस प्रदेशका सबै जिल्लाहरुमा धेरैजसो मट्टीतेल, दाउरा, लगायत अन्य श्रोत नै खाना पकाउनको लागि प्रयोग गरिन्छ ।

उज्यालो (बत्ती बाल्नका लागि) प्रयोग हुने इन्धनको श्रोतको अवस्थाले घरपरिवारको जीवन शैली कस्तो छ भन्ने कुराको बताउँदछ। राष्ट्रिय जनगणना २०११ ले उज्यालोको लागि प्रयोग हुने श्रोतलाई ५ विभिन्न प्रकारमा विभाजन गरेको छ । तर यस प्रतिवेदनले ३ भागमा मात्र बाँडेको छ। जस्तै विद्युत, सौर्य उर्जा र मट्टीतेल, बायोग्यास, अन्य रहेका छन् । नेपालमा करिब ६७ प्रतिशतले उज्यालोको लागि विद्युत प्रयोग गर्ने गरेका तथ्याङक रहेको छ। यस प्रदेशमा करिब ६० प्रतिशत घरपरिवारले विद्युत उर्जा प्रयोग गर्दछन् । समग्र नेपालमा करिब ३८ प्रतिशतले मट्टीतेल, बायोग्याँस, अन्य श्रोत प्रयोग गर्ने गरेका छन् भने यस प्रदेशमा करिब २५ प्रतिशतले यस्ता श्रोत प्रयोग गर्ने गरेका छन् ।

त्यसैगरी, यस प्रदेशको धनुषा जिल्लामा करिब ७३ प्रतिशत घरपरिवारले उज्यालोको लागि विद्युत प्रयोग गर्ने गरेको तथ्याङ्क रहेको छ । प्रदेश अन्तर्गत सबै भन्दा कम सप्तरी जिल्लामा ४२ प्रतिशतले विद्युत प्रयोग गर्ने गरेका छन् । तर सप्तरी जिल्लामा सबै भन्दा बढी सौर्य उर्जा (७.४ प्रतिशत) प्रयोग भएको देखिन्छ । बारा, सिराहा, सर्लाही जिल्लामा रहेका कूल घरपरिवार मध्ये ५० प्रतिशत भन्दा बढी जनसङ्ख्याले मट्टीतेल, बायोग्यास तथा अन्य स्रोत उज्यालोको लागि प्रयोग गर्ने गरेका छन् ।

### तालिका ६.४: प्रदेश नं. २ मा इन्धनको मुख्य स्रोत : खाना पकाउन तथा बाल्नका लागि विभिन्न श्रोतको इन्धन प्रयोग गर्ने घरपरिवारको प्रतिशत

| स्थान | इन्धनको प्रयोग र श्रोत | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | खाना पकाउनका लागि | | | | उज्यालो (बाल्न) का लागि | | |
| | बायोग्यास | ग्याँस (LPG) | विधुत | दाउरा, मट्टीतेल, गुइठा, अन्य | विधुत | सौर्यउर्जा | मट्टीतेल, बायो -ग्याँस, अन्य |
| सप्तरी | ०.३ | ४.१ | ०.० | ९४.१ | ४१.९ | ७.४ | २४.७ |
| सिराहा | ०.२ | ३.५ | ०.० | ९५.४ | ६७.३ | १.० | ५५.७ |
| धनुषा | ०.३ | १०.१ | ०.० | ८७.९ | ७३.२ | १.२ | ३०.७ |

| स्थान | इन्धनको प्रयोग र श्रोत | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | खाना पकाउनका लागि | | | | उज्यालो (बाल्न) का लागि | | |
| | बायोग्यास | ग्यास (LPG) | विधुत | दाउरा, मट्टीतेल, गुइठा, अन्य | विधुत | सौर्यउर्जा | मट्टीतेल, बायो -ग्याँस, अन्य |
| महोतरी | ०.६ | ३.० | ०.० | ९५.९ | ६३.२ | १.१ | २३.९ |
| रौतहट | ०.७ | २.१ | ०.० | ९५.६ | ४६.६ | १.१ | ३५.१ |
| सर्लाही | १.९ | ४ | ०.१ | ९३ | ४६.६ | ०.९ | ५०.९ |
| बारा | १.९ | ४.७ | ०.० | ९२.३ | ६८.३ | २.३ | ५०.० |
| पर्सा | ०.३ | १५.७ | ०.० | ८२.६ | ७२.२ | ०.९ | २९.८ |
| प्रदेश नं. २ | ०.८ | ५.८ | ०.० | ९२.२ | ५९.७ | २.१ | २४.५ |
| नेपाल | २.४ | २१ | ०.१ | ७५.८ | ६७.३ | १.३ | ३७.८ |

**स्रोत:** केन्द्रीय तथ्याङ्क विभाग, २०१२, राष्ट्रिय जनगणना २०११ को प्रतिवेदन (भाग १) बाट गणना गरिएको

## सरसामानहरुको उपलब्धता

कुनै पनि घरपरिवारले प्रयोग गर्ने सामान्य उपभोग्य सरसामानहरुको उपलब्धताले उनीहरुको सामाजिक-आर्थिक अवस्थालाई जनाउँदछ । राष्ट्रिय जनगणना २०११ ले घरपरिवारले त्यस्ता उपभोग गरेका सरसामानको अवस्थालाई मात्र विश्लेषण गरेको छ । त्यस्ता वस्तुहरुको स्वामित्वको पछिल्लो जनगणनाका आधारमा केही घरायसी वस्तुहरुको प्रयोग, सञ्चार सम्बन्धी सरसामान, यातायात र सूचना सम्बन्धी (रेडियो, केबुल टेलिभिजन, कम्प्युटर, इन्टरनेट, टेलिफोन, मोबाइल, मोटर, मोटरसाइकल, तथा साइकल आदि) साधनहरुको उपलब्धताको तथ्याङ्क तालिका ६.५ मा देखाइएको छ प्रस्तुत तालिका ६.५ का अनुसार नेपालमा करिब १४ प्रतिशत घरपरिवारमा माथि उल्लेखित कुनै पनि सरसामानहरुको उपलब्धता नरहेको अवस्था छ। प्रदेश नं. २ मा १७ प्रतिशत घरपरिवारमा त्यस्ता कुनै पनि सरसामानको उपलब्धता नरहेको अवस्था छ। कम्तिमा एक प्रकारको सरसामानको उपलब्धता भएको घरपरिवार नेपालमा करिब ८५ प्रतिशत रहेका छन् । यस प्रदेशमा करिब ८१ प्रतिशत रहेका छन् । नेपालमा करिब ६५ प्रतिशत घरपरिवारसँग सञ्चार र सूचना सम्बन्धी उपकरणको उपलब्धतामा मोबाइल उपलब्ध छ भने यस प्रदेशका करिब ५६ प्रतिशत घरपरिवारसँग मोबाइलको उपलब्धता रहेको छ ।

त्यसैगरी समग्र नेपालमा साइकल हुने करिब ३२ प्रतिशत घरपरिवार रहेको छ । यस प्रदेशमा ६२ प्रतिशतसँग साइकलको उपलब्धता रहेको छ । त्यसैगरी करिब ५१ प्रतिशतसँग रेडियोको सुविधा नेपालमा रहेकोमा यस प्रदेशमा ३७ प्रतिशतसँग मात्र रहेको छ । मोटरसाइकलको उपलब्धता नेपालको स्थिति र प्रदेश नं. २ को स्थिति बराबरीको अवस्थामा छन् । नेपालमा ३.३ प्रतिशत घरपरिवारको इन्टरनेटको सुविधामा पहुँच रहेकोमा प्रदेश नं. २ मा अत्यन्त न्यून (१ प्रतिशत भन्दा कम) घर परिवारमा मात्र इन्टरनेटको सुविधा उपलब्ध छ ।

यस प्रदेशका घरपरिवारमा सरसामानको उपलब्धताको स्थितिको जिल्लागत अवस्थालाई परिशिष्ट तालिका ५ मा प्रस्तुत गरिएको छ । प्राप्त तथ्याङ्कलाई विश्लेषण गर्दा बारा र पर्सा जिल्लाका करिब ८८ प्रतिशत घरपरिवारसँग कम्तिमा १ (एक) वटा सरसामानहरुको उपलब्धता छ । यस किसिमको अवस्था सबै भन्दा कम महोत्तरी जिल्लामा (७६ प्रतिशत ) रहेको छ । सबै भन्दा बढी रेडियो हुने जिल्ला धनुषा (४३ प्रतिशत) रहेको छ भने सबै भन्दा कम रेडियो हुने जिल्ला पर्सा (३० प्रतिशत) रहेको छ । सबै भन्दा बढी टिभी हुने जिल्ला धनुषा जिल्ला (४२ प्रतिशत) रहेको छ भने सबै भन्दा कम टिभी हुने जिल्ला रौतहट (२३ प्रतिशत) रहेको छ । धनुषा जिल्लामा सबै भन्दा बढी मोबाइल प्रयोग गर्ने घरपरिवार (६७ प्रतिशत) रहेका छन् भने रौतहट जिल्लामा सबै भन्दा कम (४७ प्रतिशत) रहेका छन् । बारा जिल्लाका करिब ७५ प्रतिशत घरपरिवारमा साइकलको उपलब्धता रहेको छ । यसैगरी महोत्तरी जिल्लामा सबै भन्दा कम ५३ प्रतिशत घरपरिवारमा यो सुविधा छ । प्रदेश तहमै रेफ्रिजेरेटरको उपलब्धता अत्यन्त न्यून (१.५ प्रतिशत ) रहेको छ । यो उपलब्धता पर्सा जिल्लामा सबै भन्दा बढी (करिब ५ प्रतिशत) रहेको छ ।

### तालिका ६.५: प्रदेश नं. २ मा उल्लेखित मध्ये कुनै पनि सरसामान नभएको, कम्तिमा एक सामान भएको तथा उल्लेखित सामानहरुको उपलब्धता भएका घरपरिवारहरुको प्रतिशत

| सरसामानहरु | घरपरिवारको प्रतिशत | |
|---|---|---|
| | प्रदेश नं. २ | नेपाल |
| कुनै पनि सामानको सुबिधा नभएको | १७.० | १३.७ |
| कम्तिमा एकको सुबिधा भएको | ८०.७ | ८४.६ |
| रेडियो हुने | ३६.६ | ५०.८ |

| सरसामानहरु | घरपरिवारको प्रतिशत | |
|---|---|---|
| | प्रदेश नं. २ | नेपाल |
| टि. भी. हुने | ३३.१ | ३६.५ |
| केवल टि. भी. हुने | ८.६ | १९.३ |
| कम्प्यूटर हुने | २.० | ७.३ |
| इन्टरनेटहुने | ०.५ | ३.३ |
| टेलिफोन हुने | २.५ | ७.४ |
| मोबाइल हुने | ५५.५ | ६४.६ |
| मोटर हुने | १.८ | १.६ |
| मोटरसाइकल हुने | ९.१ | ९.६ |
| साइकल हुने | ६१.९ | ३२.४ |
| अन्य साधन हुने | १.० | ०.७ |
| रेफ्रिजेरेटर हुने | १.५ | ७.२ |
| नखुलेको | २.३ | १.८ |
| जम्मा घरपरिवारको सङ्ख्या | ९,३२,०८७ | ५४,२३,२९७ |

**स्रोतः** केन्द्रीय तथ्याङ्क विभाग, २०१२, राष्ट्रिय जनगणना २०११ को प्रतिवेदन (भाग १) बाट गणना गरिएका

## ६.२ शैक्षिक स्थिति

### साक्षरताको स्थिति

नेपालमा लेखपढ गर्न सक्ने, सामान्य अङ्क गणित समेत जान्ने पाँच वर्ष र सो भन्दा माथिको जनसङ्ख्याको आधारमा साक्षरता दर गणना गरिन्छ। प्रदेश नं. २ को साक्षरताको स्थितिलाई तालिका ६.६ मा प्रस्तुत गरिएको छ। समग्र नेपालमा ६६ प्रतिशत जनसङ्ख्या साक्षर रहेका छन्। ती मध्ये ७५ प्रतिशत पुरुष र ५७ प्रतिशत महिला साक्षर रहेका छन्। यस प्रदेशको साक्षरता दर ४९.५ प्रतिशत रहेको छ। ती मध्ये ६० प्रतिशत पुरुष र ३९ प्रतिशत महिला साक्षर रहेका छन्। यस प्रदेशमा पुरुष-महिला बीचको साक्षरता दरमा भएको फरक करिब २२ प्रतिशत रहेको छ। यो प्रतिशत समग्र नेपालको पुरुष-महिला बीचको साक्षरतादरको भिन्नता भन्दा बढी हो। यसरी विश्लेषण गर्दा साक्षरता दरमा लैङ्गिक भिन्नता नेपालको तुलनामा यस प्रदेशमा बढी रहेको छ। जुन लैङ्गिक दृष्टिले अझ बढी संवेदनशील विषय हो।

जिल्लागत अवस्थालाई विश्लेषण गर्दा पर्सा जिल्ला सबै भन्दा बढी (५६ प्रतिशत) साक्षर रहेको जिल्ला हो । यसैगरी रौतहट जिल्ला सबै भन्दा कम (४२ प्रतिशत) साक्षर रहेको जिल्ला हो ।

यसै प्रदेशका सप्तरी तथा पर्सा जिल्लामा पुरुष करिब ६७ प्रतिशत साक्षर रहेका छन् र सबै भन्दा बढी महिला साक्षर रहेको जिल्ला समेत पर्सा नै रहेको छ । यस प्रदेशका सम्पूर्ण जिल्लाहरुमा पुरुष-महिला बीच कम्तिमा पनि १८ प्रतिशत बिन्दुले साक्षरता दरमा फरक रहेको छ । यसैगरी यस प्रदेशको सप्तरी जिल्ला पुरुष-महिला बीच सबै भन्दा बढी साक्षरता दरमा फरक (करिब २४ प्रतिशत बिन्दु) रहेको जिल्ला हो ।

त्यसैगरी, लेख-पढ दुवै गर्न नसक्ने जनसङ्ख्यालाई दृष्टिगत गर्दा समग्र नेपालको अवस्था भन्दा यस प्रदेशको अवस्था कमजोर रहेको छ । पुरुषहरुमध्ये नेपालमा २२ प्रतिशतले लेख-पढ दुवै गर्न सक्दैनन् । यस प्रदेशमा यस्ता पुरुष करिब ३८ प्रतिशत रहेका छन् । सबै भन्दा बढी लेख-पढ दुवै गर्न नसक्ने पुरुष रौतहट जिल्लामा ४५ प्रतिशत रहेका छन् ।  यसै जिल्लाका करिब ६३ प्रतिशत महिला लेख-पढ गर्न नसक्ने अवस्थामा रहेका छन् ।

**तालिका ६.६: प्रदेश नं. २ को पाँच वर्ष र सो भन्दा माथिको जनसङ्ख्यामा साक्षरता दर**

| जिल्ला | साक्षरता दर (प्रतिशतमा) | | | लेख-पढ दुवै गर्न नसक्ने (प्रतिशतमा) | |
|---|---|---|---|---|---|
| | जम्मा | पुरुष | महिला | पुरुष | महिला |
| सप्तरी | ५४.५ | ६७ | ४२.६ | ३०.० | ५४.२ |
| सिराहा | ५०.२ | ६१.८ | ३९.२ | ३५.१ | ५७.७ |
| धनुषा | ५०.४ | ६०.६ | ४०.२ | ३५.८ | ५५.८ |
| महोत्तरी | ४६.४ | ५६.५ | ३६.५ | ४०.६ | ६०.६ |
| रौतहट | ४१.७ | ५०.९ | ३२.० | ४५.२ | ६३.९ |
| सर्लाही | ४६.३ | ५५.८ | ३६.६ | ४१.४ | ६०.४ |
| बारा | ५२ | ६२.७ | ४०.७ | ३४.२ | ५६.२ |
| पर्सा | ५५.९ | ६६.९ | ४३.९ | ३०.१ | ५०.० |
| प्रदेश नं. २ | ४९.५ | ६०.१ | ३८.९ | ३६.७ | ५७.८ |
| नेपाल | ६५.९ | ७५.१ | ५७.४ | २२.३ | ३९.९ |

**स्रोतः** केन्द्रीय तथ्याङ्क विभाग, २०१२, राष्ट्रिय जनगणना २०११ को प्रतिवेदन (भाग १) बाट गणना गरिएको

## विभिन्न शैक्षिक तहहरुमा भएको कूल एवम् खूद भर्नादर

संयुक्त राष्ट्र सङ्घ शैक्षिक वैज्ञानिक तथा साँस्कृतिक सङगठन (युनेस्को) का अनुसार कूल भर्ना भन्नाले कुनै निश्चित शैक्षिक तहमा (जुनसुकै उमेरको जनसङ्ख्या) भर्ना भएका कूल विद्यार्थी सङ्ख्यालाई जनाउँछ। खूद भर्नाको गणना गर्दा कुनै पनि स्थानमा रहेका विभिन्न शैक्षिक तहमा विद्यालयमा भर्ना हुन योग्यलाई लिइन्छ । ती मध्ये विभिन्न शैक्षिक तहमा भर्ना भएका विद्यार्थी सङ्ख्यालाई लिइन्छ । कुनै पनि शैक्षिक तहमा भर्ना हुन योग्य विद्यार्थी भन्दा कम उमेर तथा बढी उमेरकालाई समेत लिइने हुनाले कूल भर्ना दर १०० प्रतिशत भन्दा बढी समेत हुने गर्दछ ।

त्यसैगरी खूद भर्ना दरले औपचारिक उमेर समुहमा रहेको जनसङ्ख्या मध्ये निश्चित विद्यालय तह र शैक्षिक तहमा भर्ना भएका विद्यार्थीको प्रतिशतलाई जनाउँछ। त्यसैले खूद भर्ना दर १०० प्रतिशतभन्दा कम नै रहन्छ ।

प्रदेश नं. २ का आधारभूत तथा माध्यमिक तहमा कूल एवम् खूद विद्यालय भर्ना दर चित्र ६.२ र चित्र ६.३ मा प्रस्तुत गरिएको छ । नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको सन् २०१७ को तथ्याङ्क अनुसार आधारभूत तह (१-८) को प्रदेश नं. २ मा कूल भर्ना दर १०४.३ प्रतिशत रहेको छ। यो नेपालको कूल भर्ना दर भन्दा कम हो । प्रदेश नं. २ को आधारभूत तह (१-८) मा कूल भर्ना दर समग्र नेपालको पुरुष महिलाको छुट्टा छुट्टै भर्ना दरहरु भन्दा कम रहेको छ। उदाहरणका लागि, नेपालमा रहेका पुरुषहरुको आधारभूत तहको कूल भर्ना दर ११८ प्रतिशत रहेकोमा यस प्रदेशमा भने १०० प्रतिशत रहेको छ ।

त्यसैगरी, सोही तथ्याङ्कको आधारमा, नेपालमा आधारभूत तह तर्फ ९२ प्रतिशत खूद भर्ना दर रहेको छ। प्रदेश नं. २ को करिब ७९ प्रतिशत रहेको छ। यस प्रदेशको आधारभूत तह तर्फको खूद भर्ना दरमा महिला-पुरुष वीचको फरक करिब ५ प्रतिशत बिन्दु रहेको पाइएको छ भने नेपालमा त्यस्तो फरक लगभग १ प्रतिशत बिन्दु मात्र रहेको छ ।

त्यसैगरी, माध्यमिक तह (९-१२) तर्फ प्रदेश नं. २ को कूल भर्ना दर ४१ प्रतिशत रहेको छ। उक्त भर्ना दर समग्र नेपालमा ६० प्रतिशत रहेको छ। नेपालमा पुरुष-महिला वीच माध्यमिक तहमा कूल भर्ना दरमा भिन्नता नरहेतापनि यस प्रदेशमा यस्तो भिन्नता

करिब ४ प्रतिशत बिन्दुको रहेको छ। माध्यमिक तहकै खुद भर्ना दर यस प्रदेशमा ३८ प्रतिशत रहेको छ भने उक्त दर नेपालमा ४४ प्रतिशत रहेको छ। यस प्रदेशका महिला र पुरुष दुबैको माध्यमिक तहमा खुद भर्ना दर नेपालको औसत भन्दा कम रहेको छ।

### चित्र ६.२: प्रदेश नं. २ का आधारभूत तह (१-८) मा कूल एवं खुद विद्यालय भर्ना दर, २०७४




**स्रोत:** शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, २०१७, Education in Figures 2017: At a Glance, pg: 39

### चित्र ६.३: प्रदेश नं. २ का माध्यमिक तह (९-१२) मा कूल एवम् खुद विद्यालय भर्ना दर, २०७४




**स्रोत:** शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, २०१७, Education in Figures 2017: At a Glance, pg: 39

समग्र विद्यालय तह (१-१२) सम्मको अवस्थालाई आधारभूत तह (१-५), आधारभूत तह (६-८), माध्यमिक तह (९-१०) तथा माध्यमिक तह (११-१२) मा विभाजन गरी निकालिएको कूल भर्ना दर तथा खुद भर्ना दरलाई चित्र ६.४, चित्र ६.५, चित्र ६.६ र

चित्र ६.७ मा देखाइएको छ। प्राप्त तथ्याङ्कलाई विश्लेषण गर्दा आधारभूत तह (१-५) मा कूल भर्ना दरमा प्रदेश नं. २ र नेपालमा करिब ५ प्रतिशत बिन्दुको भिन्नता रहेको मा आधारभूत तह (६-८), माध्यमिक तह (९-१०) र माध्यमिक तह (११-१२) मा यस्तो भिन्नता करिब २० प्रतिशत बिन्दुमा पुगेको छ। माध्यमिक तह (९-१०) मा नेपालमा खूद भर्ना दर ८०.३ प्रतिशत रहेकोमा यस प्रदेशमा ६१.२ प्रतिशत मात्र रहेको छ।

आधारभूत तह (१-५) मा महिलाको कूल भर्ना दर यस प्रदेश र समग्र नेपालमा बराबरीको अवस्था रहेको छ। यसैगरी माध्यमिक (९-१०) तहमा प्रदेश नं. २ मा महिला-पुरुष विच करिब १० प्रतिशत बिन्दुको भिन्नता रहेको छ।

यस प्रदेशमा आधारभूत तह (१-५) तथा माध्यमिक तह (११-१२) मा रहेको खूद भर्ना दर करिब नेपालसँग बराबरीको अवस्था रहेको छ भने आधारभूत तह (६-८) तथा माध्यमिक तह (९-१०) मा उल्लेख्य फरक रहेको  छ। जसमा प्रदेश नं. २ को स्थिति नेपालको औसत भन्दा कम रहेको छ। समग्रमा, शैक्षिक तहहरुको भर्ना दरहरूमा प्रदेश र नेपालको औसतमा केही फरक रहेको तथा लैङ्गिक फरक समेत नेपालको तुलनामा प्रदेश नं. २ मा बढी रहेको अवस्था छ।

### चित्र ६.४: प्रदेश नं. २ का आधारभूत तह (१-५) मा कूल एवं खूद विद्यालय भर्ना दर, २०७४




**स्रोत:** शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, २०१७, Education in Figures 2017: At a Glance

### चित्र ६.५: प्रदेश नं. २ का आधारभूत तह (६-८) मा कूल एवं खूद विद्यालय भर्ना दर, २०७४




**स्रोत:** शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, २०१७, Education in Figures 2017: At a Glance

### चित्र ६.६: प्रदेश नं. २ का आधारभूत तह (९-१०) मा कूल एवम् खूद विद्यालय भर्ना दर, २०७४




**स्रोत:** शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, २०१७, Education in Figures 2017: At a Glance

### चित्र ६.७: प्रदेश नं. २ का आधारभूत तह (११-१२) मा कूल एवम् खूद विद्यालय भर्ना दर, २०७४




**स्रोतः** शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, २०१७, Education in Figures 2017: At a Glance

## शैक्षिक संस्थाहरुको विवरण

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको सन् २०१७ को तथ्याङ्क अनुसार नेपालमा कक्षा (१-१२) लाई विद्यालय तहको शिक्षा अन्तर्गत राखिएको छ । यस प्रकारका विद्यालय (१-१२ कक्षा) को सङ्ख्या नेपालमा ३५,६०१ रहेको छ । प्रदेश नं. २ मा ३,८५३ विद्यालय रहेका मध्ये ३,३२० सामुदायिक र ५३३ संस्थागत विद्यालय रहेका छन् । त्यसैगरी नेपालमा ७३,९१,५२४ जना विद्यार्थी विद्यालय तहमा अध्ययनरत रहेका छन् । ती मध्ये यस प्रदेशमा १२,५५,६३५ (नेपालको १७ प्रतिशत) रहेका छन । नेपालमा विद्यालय तहमा भर्ना भएका विद्यार्थीको लैङ्गिक अनुपात ९६.१ रहेको छ । यस प्रदेश नं. २ मा सो अनुपात ९५.२ रहेको छ ।

यसले विद्यालय तहमा पुरुषको दाजोमा महिला सङ्ख्या बढी भएको जनाउँछ । त्यसैगरी विभिन्न विद्यालयमा कार्यरत शिक्षक र शिक्षिकाको सङ्ख्या नेपालमा ३,२५,५१९ रहेको छ । ती मध्ये यस प्रदेशमा २६,२०५ (नेपालको ८ प्रतिशत) रहेको छ । नेपालमा कार्यरत शिक्षक र शिक्षिकाको लैङ्गिक अनुपात १७१.१ रहेको छ भने प्रदेश नं. २ मा यो अनुपात अझ बढी (३१३.४) रहेको छ ।

### तालिका ६.७: प्रदेश नं. २ मा रहेका विद्यालय, विद्यार्थी तथा शिक्षक र शिक्षिकाको सङ्ख्या

| स्थान | विद्यालय (१-१२) | | | जम्मा विद्यार्थी | | | शिक्षकरशिक्षिका | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | सामुदायिक | संस्थागत | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा |
| प्रदेश नं. २ | ३,३२० | ५३३ | ३,८५३ | ६,१२,३४३ | ६,४३,२९२ | १२,५५,६३५ | १९,८६६ | ६,३३९ | २६,२०५ |
| नेपाल | २९,०३५ | ६,५६६ | ३५,६०१ | ३६,२२,४०० | ३७,६९,१२४ | ७३,९१,५२४ | २,०५,४६३ | १,२०,०५६ | ३,२५,५१९ |
| लैङ्गिक अनुपात प्रदेश नं. २ | | | | | | ९५.२ | | | ३१३.४ |
| नेपालको विद्यालय तहमा रहेको लैङ्गिक अनुपात | | | | | | ९६.१ | | | १७१.१ |

**स्रोत:** शिक्षा, विज्ञान तथा प्रविधी मन्त्रालय, २०१७, Education in Figures 2017: At a Glance

## वालविकास एवम् विद्यालय

हाल सङ्घीय सरकारको इसिड़ी/पिपिसी कक्षालाई समेत विद्यालय तहमै कायम राख्ने नीतिगत व्यवस्था अनुसार सामुदायिक विद्यालयहरुले क्रमिक रुपमा इसिड़ी/पिपिसी कक्षाहरु सञ्चालन गर्दै आएका छन् । सामुदायिक तथा संस्थागत विद्यालयहरुले व्यवस्थापन गरेका इसिड़ी/पिपिसी कक्षाहरुमा भर्ना भई उत्तीर्ण भई प्राथमिक कक्षामा भर्ना हुन पर्ने भन्ने कुरा दिगो विकासको लक्ष्य समेत रहेको छ । नेपालमा ३६,५६८ वालविकास विद्यालय रहेका छन् । ती मध्ये प्रदेश नं. २ मा ४,९४६ वालविकास विद्यालयहरु रहेका छन । यसमा सामुदायिक वालविकास विद्यालयहरुको हिस्सा बढी छ (तालिका ६.८) । उक्त वालविकास विद्यालयमा भर्ना भएका विद्यार्थीहरुको लैङ्गिक अनुपात नेपालको १११.८ छ भने प्रदेश नं. २ को ११२.६ रहेको छ । यस प्रदेशका वालविकास विद्यालयमा अध्ययनरत विद्यार्थीको विद्यार्थी विद्यालय अनुपात २४.७: १ रहेको छ भने नेपालमा यस्तो अनुपात २६: १ रहेको छ ।

### तालिका ६.८: प्रदेश नं. २ मा रहेको वालविकास कक्षामा अध्ययनरत विद्यार्थी, लैङ्गिक अनुपात तथा विद्यालयको अवस्था

| स्थान | विद्यार्थी | | | लैङ्गिक अनुपात | वाल विकास विद्यालय | | | विद्यार्थी विद्यालय अनुपात |
|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | | सामुदायिक | संस्थागत | जम्मा | |
| प्रदेश नं. २ | ६४,८१९ | ५७,५४७ | १,२२,३३६ | ११२.६ | ४,४७९ | ४६७ | ४,९४६ | २४.७:१ |
| नेपाल | ५,०५,८६८ | ४,५२,२५९ | ९,५८,१२७ | १११.८ | ३०,४४८ | ६१२० | ३६,५६८ | २६:१ |

**स्रोत:** शिक्षा विज्ञान तथा प्रविधी मन्त्रालय, २०१७, Education in Figures 2017: At a Glance

## ६.३ प्रमुख जातजातिहरु

नेपाल १२५ भन्दा वढी विभिन्न जातजातिहरुको वसोबास रहेको साझा घर हो । राष्ट्रिय जनगणना २०११ अनुसार प्रदेश नं. २ मा ११९ विभिन्न जातजातिहरुको वसोबास रहेको पाइएको छ। यस प्रदेशमा रहेका ८ वटा जिल्लाहरुमा समेत यी ११९ विभिन्न जातजातिहरुको वसोबास रहेको छ। यस प्रतिवेदनमा प्रमुख १० जातजातिहरु जनसङ्ख्याको आधारमा उल्लेख गरिएको छ । यस प्रदेशमा वसोबास गर्ने विभिन्न जातजातिहरु मध्ये सबै भन्दा बढी करिब १५ प्रतिशत यादव रहेका छन् । यसपछि दोस्रो स्थानमा मुसलमान (११.६ प्रतिशत), तेस्रोमा थारु (५.३ प्रतिशत), चौथोमा तेली (५.१ प्रतिशत) तथा पाँचौंमा कोइरीरकुशवाहा (४.६ प्रतिशत) रहेका छन् ।

त्यसैगरी ६ देखि १० औं स्थानसम्म क्रमशः चमार, हरिजन, राम, धानुक, मुसहर, कुर्मी र दुसाद, पासवानर पासी वसोबास गर्ने जनसङ्ख्या रहेको छ। यस प्रदेशमा यी १० जातजातिहरुको बाहुल्यता करिब ५८ प्रतिशत हुन आउँछ।

जिल्लागत जातजातिको जनसङ्ख्यालाई परिशिष्ट तालिका ६ प्रस्तुत गरिएको छ । जिल्लागत रुपमा जातजातिका वसोबासको अवस्थ यस प्रकारको रहेको देखिन्छ । सप्तरी जिल्लामा यादव (१५.८ प्रतिशत), थारु (११.५ प्रतिशत), मुसलमान (८.९४ प्रतिशत) क्रमशः प्रथम, द्वितीय र तृतीय स्थानमा रहेका छन् । सिराहा जिल्ला यादव (२४.४ प्रतिशत) जतिको उल्लेख्य रूपमा वसोबास रहेको जिल्ला हो। यस जिल्लामा मुसलमान (७.५ प्रतिशत) र मुसहर (६.३ प्रतिशत) क्रमशः दोस्रो र तेस्रो स्थानमा रहेका छन् । कोइरी, चमार, तेली, थारु, धानुक दुशाद, सुढ़ी आदि जातजातिहरुको हिस्सा ६८.४ प्रतिशत रहेको छ । धनुषा जिल्लामा सबै भन्दा धेरै यादव (१७.५ प्रतिशत) रहेका छन्। यस जिल्लाका अन्य प्रमुख १० जातजातिहरुमा मुसलमान (८.४ प्रतिशत), केवट (६.१ प्रतिशत), तेली (५.२ प्रतिशत), कोइरी (५.१ प्रतिशत), धानुक (५ प्रतिशत), सुढ़ी (४.४ प्रतिशत), चमार (३.८ प्रतिशत), तत्मा (३.४ प्रतिशत) तथा तराई ब्राह्मण (२.९ प्रतिशत) रहेका छन् ।

यसैगरी महोत्तरी जिल्ला यादव (१५.१ प्रतिशत) जातिको प्रमुख बस्ती रहेको जिल्लामा पर्दछ। दोस्रो र तेस्रो स्थानमा मुसलमान (१३.४ प्रतिशत) र धानुक (६.४ प्रतिशत) रहेका छन्। यस जिल्लामा प्रमुख १० जातिहरुले ६२.१ प्रतिशत हिस्सा ओगटेको छ। रौतहट जिल्ला मुसलमान जातिको प्रमुख बसोबासको जिल्लाको रुपमा रहेको छ ।

राष्ट्रिय जनगणना २०११ का अनुसार यस जिल्लामा विभिन्न जातजातिहरु मध्ये १९.७ प्रतिशत मुसलमान रहेका छन् । दोस्रो र तेस्रो स्थानमा क्रमशः यादव (१२.२ प्रतिशत) र कुर्मी (५.७ प्रतिशत) रहेका छन् । तेली, कानु, थारु, चमार, कलवार, मलाहा, दुसाद क्रमशः जिल्लामा रहेका प्रमुख १० जातिहरुमा पर्दछन । यी जातिहरुले जिल्लाको कूल जनसङ्ख्याको ६५.२ प्रतिशत हिस्सा ओगटेका छन् । सर्लाही जिल्लामा यादवहरुको जनसङ्ख्या १५.५ प्रतिशत रहेको छ । कोइरी तथा मुसलमानको जनसङ्ख्या प्रतिशत करिब करिब बराबरी छ । तेली, तामाङ, क्षेत्री, दुसाध, चमार, पहाडी ब्राह्मण, थारु क्रमशः १० प्रमुख जातिहरु हुन् ।

यी प्रमुख १० जातिहरुले जिल्लाको कूल जनसङ्ख्याको ५९.३ प्रतिशत हिस्सा ओगटेका छन् । बारा जिल्लामा मुसलमान (१३.१ प्रतिशत) को जनसङ्ख्या सबैभन्दा धेरै रहेको छ । यादव र थारुको उपस्थिति बराबरीको अवस्थामा छन् । कानू, कोइरी, चमार, ब्राह्मण (पहाडी, तेली, तामांग, कुर्मी आदि प्रमुख १० जातिहरुमा पर्दछन । यी प्रमुख १० जातिहरुले समग्र जिल्लाको ६४.१ प्रतिशत जनसङ्ख्या ओगटेको छ । पर्सा जिल्लामा मुसलमान १४.५ प्रतिशत रहेका छन् । कुर्मी (८.४ प्रतिशत), थारु (७.६ प्रतिशत) क्रमशः दोस्रो र तेस्रो धेरै जनसङ्ख्या भएका जातिहरु हुन् । यादव, कानू, चमार, तेली, कोइरी, क्षेत्री, दुसाद क्रमशः १० स्थानमा रहेका धेरै जनसङ्ख्या रहेका जातिहरु हुन् । जिल्लामा रहेका यी प्रमुख १० जातिहरुको जनसङ्ख्या जिल्लाको कूल जनसङ्ख्याको ६०.५ प्रतिशत रहेको छ ।

### तालिका ६.९: प्रदेश नं. २ मा वसोबास गर्ने प्रमुख १० जातजातिहरु तथा तिनको जनसङ्ख्या

| जातजातिहरु | जनसङ्ख्या | प्रतिशत |
|---|---|---|
| यादव | ७,९८,७७० | १४.८ |
| मुसलमान | ६,२५,७११ | ११.६ |
| थारु | २,८४,४९८ | ५.३ |
| तेली | २,७५,२०४ | ५.१ |
| कोइरी/कुशवाहा | २,४६,३२८ | ४.६ |
| चमार/हरिजन/राम | २,२७,३५९ | ४.२ |
| धानुक | १,८८,२७६ | ३.५ |

| जातजातिहरु | जनसङ्ख्या | प्रतिशत |
|---|---|---|
| मुसहर | १,६२,८२९ | ३.० |
| कुर्मी | १,५२,९६२ | २.८ |
| दुशाद/पाशवान/पासी | १,५०,६४५ | २.८ |
| १० जातिको जनसङ्ख्या प्रतिशत | | ५७.६ |

**स्रोतः** केन्द्रीय तथ्याङ्क विभाग, २०१४, राष्ट्रिय जनगणना २०११ को प्रतिवेदन (भाग ५, खण्ड २) बाट गणना गरिएको

## ६.४ प्रदेश नं. २ मा बोलिने प्रमुख भाषाहरु

नेपाल बहुभाषिक र बहुसास्कृतिले विविधता रहेको सुन्दर देश हो । हरेक प्रदेशमा भाषिक विविधता रहेको छ। भाषिक विविधता नै प्रदेशका मुख्य चरित्र हुन्। यही सुन्दर भाषिक चरित्रता प्रदेश नं. २ मा पनि रहेको छ। यहाँ धेरै भाषाहरु मातृभाषाको रुपमा बोलिन्छन्। ती मध्ये हरेक जिल्लामा मुख्य रुपमा बोलिने ५ प्रमुख मातृभाषाहरु तथा ती मातृभाषा बोल्नेको क्रम अनुसारको प्रतिशत तालिका ६.१० मा देखाइएको छ। प्रदेश नं. २ मा मैथिली ४५.३ प्रतिशत, भोजपुरी १८.६ प्रतिशत, बज्जिका १४.६ प्रतिशत, नेपाली ६.७ प्रतिशत, उर्दू ५.९ प्रतिशत पाँच प्रमुख मातृभाषा हुन् । यी पाँच भाषा बोल्नेको सङ्ख्या ९१ प्रतिशत हुन आउँछ । बाँकी अन्य धेरै भाषाभाषीहरु बोल्ने जनसङ्ख्या जम्मा ९ प्रतिशत मात्र रहेका छन्। प्रत्येक जिल्लामा ५ प्रमुख भाषा बोल्नेको सङ्ख्या ९३ प्रतिशत भन्दा बढी छ। समग्र प्रदेश नं. २ तथा सप्तरी, सिरहा, धनुषा र महोत्तरी जिल्लामा सबैभन्दा बढी मानिसले बोल्ने भाषा मैथिली नै हो। सर्लाही र रौतहट जिल्लामा सबैभन्दा बढी मानिसले बोल्ने भाषा बज्जिका हो भने वारा र पर्सा जिल्लामा सबैभन्दा बढी मानिसले बोल्ने भाषा भोजपुरी हो। उर्दू तथा थारु भाषा पनि यस प्रदेशका विभिन्न जिल्लामा बोलिने प्रमुख भाषाहरु हुन् ।

### तालिका ६.१०: प्रदेश नं. २ मा बोलिने मुख्य मातृभाषाहरु

| जिल्ला | ५ प्रमुख मातृभाषाहरु क्रमश | ५ मुख्य मातृभाषा बोल्नेको प्रतिशत | अन्य मातृभाषा बोल्नेको प्रतिशत |
|---|---|---|---|
| सप्तरी | मैथिली (७९.१%), थारु (१०.४%), नेपाली (४.१%), (उर्दू ३.९%), सुनवार (०.२%) | ९७.७ | २.३ |
| सिराहा | मैथिली (८५.५%), नेपाली (४.३%), उर्दू (३.६%), थारु (२.७%), तामाङ (१.०%) | ९७.४ | २.६ |

| जिल्ला | ५ प्रमुख मातृभाषाहरु क्रमश | ५ मुख्य मातृभाषा बोल्नेको प्रतिशत | अन्य मातृभाषा बोल्नेको प्रतिशत |
|---|---|---|---|
| धनुषा | मैथिली (८५.५५%), नेपाली (४.५%), मगही (३.१%), उर्दू (२.४%), तामाङ (१.१%) | ९६.८ | ३.२ |
| महोत्तरी | मैथिली (८०.७%), उर्दू ( ७.३%), नेपाली (५.६%), मगर (१.९%), तामाङ (१.४%), | ९६.९ | ३.१ |
| सर्लाही | बज्जिका (४९.०%), मैथिली (२१.२%), नेपाली (११.८%), उर्दू (६.३%), तामाङ (४.८%), | ९३.२ | ६.८ |
| रौतहट | बज्जिका (६०.३%), उर्दू (१९.३%), नेपाली (६.१%), भोजपुरी (४.३%), थारु (३.३%), | ९३.२ | ६.८ |
| बारा | भोजपुरी (७२%), नेपाली (९.७ %), थारु (७.५%), मैथिली (३.८%), तामाङ (३.६%), | ९६.६ | ३.४ |
| पर्सा | भोजपुरी (७८.१%), नेपाली (६.४%), मैथिली (५.१%), थारु (३.४%), उर्दू (२.२%), | ९५.७ | ४.३ |
| **प्रदेश नं. २** | **मैथिली (४५.३%), भोजपुरी (१८.६%), बज्जिका (१४.६%), नेपाली (६.७%), उर्दू (५.९%)** | **९१.१** | **८.९** |

**स्रोतः** केन्द्रीय तथ्याङ्क विभाग, २०१४, राष्ट्रिय जनगणना २०११ को प्रतिवेदन (भाग ५, खण्ड २) बाट गणना गरिएको

## ६.५ धर्मको आधारमा जनसङ्ख्या वितरण

राष्ट्रिय जनगणना २०११ मा मानिसहरुलाई आफुले अनुसरण गरेको धर्मको बारेमा प्रश्न गरिएको थियो । यसबाट प्राप्त तथ्याङ्कलाई तालिका ६.११ मा प्रस्तुत गरिएको छ । नेपालमा हिन्दु धर्माबलम्बीहरुको संख्या ८१.३ प्रतिशत रहेकोमा प्रदेश नं. २ मा ८४.८ प्रतिशत रहेको छ । प्रदेश नं. २ मा ११.५ प्रतिशत मानिसहरुले इस्लाम धर्म मान्दछन् भने प्रदेशका अन्य सबै जिल्लाहरुमा इस्लाम धर्म मान्नेहरुको सङ्ख्या दोस्रो स्थानमा छ । जिल्लाभित्र सबैभन्दा बढी इस्लाम धर्म मान्नेहरु रौतहट जिल्लामा २० प्रतिशत छन् । यस प्रदेशमा बौद्ध धर्मावलम्बीहरुको सङ्ख्या ३ प्रतिशत रहेको छ ।

### तालिका ६.११: प्रदेश नं. २ मा धर्मको आधारमा जनसङ्ख्या वितरण

| जिल्ला | हिन्दू | बौद्ध | इस्लाम | किराँत | क्रिस्चियन | प्रकृति | अन्य |
|---|---|---|---|---|---|---|---|
| सप्तरी | ८५.७ | ४.७ | ८.९ | ०.१ | ०.० | ०.० | ०.६ |
| सिराहा | ९०.२ | १.७ | ७.५ | ०.१ | ०.१ | ०.१ | ०.४ |

| जिल्ला | हिन्दू | बौद्ध | इस्लाम | किराँत | क्रिस्चियन | प्रकृति | अन्य |
|---|---|---|---|---|---|---|---|
| धनुषा | ८९.३ | १.५ | ८.४ | ०.० | ०.१ | ०.१ | ०.६ |
| महोत्तरी | ८४.२ | २.० | १३.३ | ०.० | ०.१ | ०.० | ०.२ |
| सर्लाही | ८५.६ | ५.७ | ७.९ | ०.० | ०.२ | ०.३ | ०.३ |
| रौतहट | ७७.८ | १.८ | १९.७ | ०.१ | ०.२ | ०.२ | ०.३ |
| बारा | ८१.७ | ४.५ | १३.० | ०.२ | ०.२ | ०.१ | ०.२ |
| पर्सा | ८३.१ | १.७ | १४.५ | ०.४ | ०.१ | ०.० | ०.२ |
| **प्रदेश नं. २** | **८४.८** | **३.०** | **११.५** | **०.१** | **०.१** | **०.१** | **०.३** |
| **नेपाल** | **८१.३** | **९.०** | **४.४** | **३.०** | **१.४** | **०.५** | **०.३** |

**स्रोतः** केन्द्रीय तथ्याङ्क विभाग, २०१४, राष्ट्रिय जनगणना २०११ को प्रतिवेदन (भाग ५, खण्ड १) बाट गणना गरिएको

## ६.६ प्रदेश नं. २ मा गरीबीको स्थिति

राष्ट्रिय योजना आयोगबाट प्रकाशित प्रतिवेदन तथा मानव विकास प्रतिवेदनलाई आधार मानी प्रदेश नं. २ को गरीबीको स्थितिलाई प्रस्तुत गरिएको छ। तालिका ६.१२ मा प्रदेश नं. २ तथा समग्र नेपालको बहुआयामिक गरीबीको स्थिति देखाइएको छ। नेपालको बहुआयामिक गरीब २९ प्रतिशत रहेको छ भने प्रदेश नं. २ मा ४८ प्रतिशत रहेका छन्। नेपालको तुलनामा बहुआयामिक गरीबको प्रतिशत यस प्रदेशमा बढी रहेको छ। गरीबीको सघनताको हकमा यस प्रदेशको ४५ प्रतिशत र समग्र नेपालको ४४ प्रतिशत रहेको छ। यी दुवै सूचकको आधारमा निकालिने बहुआयामिक गरीबीको सूचकाङ्क प्रदेश नं. २ मा ०.२१७ तथा नेपालमा ०.१२७ रहेको छ। नेपालको औसत भन्दा यस प्रदेशमा औसतमा बहुआयामिक गरीबी केही बढी रहेको अवस्था छ।

### तालिका ६.१२: प्रदेश नं. २ तथा नेपालमा बहुआयामिक गरीबीको स्थिति

| गरीबीको स्थिति | प्रदेश नं. २ | नेपाल |
|---|---|---|
| बहुआयामिक गरीब (प्रतिशत) | ४७.९ | २८.६ |
| गरीबीको सघनता (प्रतिशत) | ४५.३ | ४४.२ |
| बहुआयामिक गरीबीको सूचकाङ्क | ०.२१७ | ०.१२७ |

**स्रोतः** राष्ट्रिय योजना आयोग, २०१८, Nepal's Multidimensional Poverty Index: Analysis Towards Action

जिल्ला तहको गरीबीको स्थितिका लागि तालिका ६.१३ मा जिल्लाहरुको मानव विकास सूचकाङ्क तथा मानव गरीबीको सूचकाङ्क प्रस्तुत गरिएको छ । यी सूचकाङ्कहरुबाट प्रदेश तहको सूचकाङ्क निकाल्न नसकिने हुनाले प्रदेशको समग्र सूचकाङ्क निकालिएको छैन । प्रदेश नं. २ का सम्पूर्ण जिल्लाहरुको मानव विकास सूचकाङ्क नेपालको भन्दा कम रहेको छ । प्रदेशका जिल्लाहरुमध्ये सबैभन्दा कम मानव विकास सूचकाङ्क रौतहट जिल्लामा (०.३८७) तथा सबैभन्दा बढी पर्सा जिल्लामा (०.४६४) रहेको छ। यसले यस प्रदेश मानव विकासमा नेपालको औसत स्तर भन्दा कमजोर रहेको अवस्था दर्शाउँछ।

मानव गरीबीको सूचकाङ्कलाई केलाउँदा यस प्रदेशका सम्पूर्ण जिल्लाहरुमा नेपालमा भन्दा मानव गरीबीको सूचकाङ्क बढी रहेको देखिन्छ। यसको अर्थ, समग्र यस प्रदेशमा मानव गरीबी नेपालको औसत स्तर भन्दा बढी रहेको छ भन्ने हो। प्रदेश अन्तर्गतका जिल्लाहरुमध्ये मानव गरीबीको सूचकाङ्कको उच्च मान सहित रौतहट जिल्लामा मानव गरीबी सबैभन्दा बढी (सूचकाङ्क ४६.४३) तथा पर्सा जिल्लामा सबैभन्दा कम (सूचकाङ्क ३६.३७) रहेको अवस्था छ ।

### तालिका ६.१३ : प्रदेश नं. २ का जिल्लाहरुको मानव विकास सूचकाङ्क तथा मानव गरीबीको सूचकाङ्क, २०११

| जिल्ला | मानव विकास सूचकाङ्क (HDI) | मानव गरीबीको सूचकाङ्क (HPI) |
|---|---|---|
| सप्तरी | ०.४३७ | ३८.३४ |
| सिरहा | ०.४०८ | ४२.६२ |
| धनुषा | ०.४३१ | ४१.७२ |
| महोत्तरी | ०.३८८ | ४४.७५ |
| सर्लाही | ०.४०२ | ४३.८६ |
| रौतहट | ०.३८६ | ४६.४३ |
| बारा | ०.४५७ | ४०.०९ |
| पर्सा | ०.४६४ | ३६.३७ |
| नेपाल | ०.४९ | ३१.१२ |

**स्रोतः** राष्ट्रिय योजना आयोग, २०१४, Nepal Human Development Report 2014

## ६.७ महिला विरुद्ध हिंसा (Violence against Women)

लैङ्गिक हिंसालाई विश्वव्यापी रुपमा आधारभूत मानव अधिकार विरुद्धको हिंसाको रुपमा लिइन्छ । विभिन्न अध्ययनले देखाए अनुसार यस प्रकारका हिंसाले स्वास्थ्य समस्या, जनसाङ्ख्यिक प्रभाव तथा सन्ततिसम्म प्रभाव (intergeneration effect) पार्दछन (UN, 2006) संयुक्त राष्ट्र सङ्घ, १९९३/१९९५ ले विश्वव्यापी रुपमा महिला विरुद्धको हिंसाको परिभाषा गरे अनुसार कुनै पनि कार्य जसले महिलाको शारीरिक, भौतिक वा मनोवैज्ञानिक असर पार्दछन् वा त्यस्ता कार्य जसले महिलाको सार्वजनिक वा निजी जीवनमा जवर्जस्ती वा कृतिम प्रभाव पार्दछन्, जस्ता कार्यलाई महिला विरुद्धको हिंसाको रुपमा लिइएको छ (UN 1993; UN 1995) । नेपालले सन् २००९ मा ल्याएको ऐनले समेत संयुक्त राष्ट्र सङ्घले परिभाषित गरेको सोही परिभाषालाई नै उल्लेख गरेको छ (कानुन तथा न्याय मन्त्रालय, २००९) ।

त्यसैगरी, लैङ्गिक हिंसाविरुद्धको राष्ट्रिय कार्य योजना २०१० तथा राष्ट्रिय रणनीति तथा कार्य योजना २०१२/०१३-२०१६/०१७ ले समेत महिला हिंसा अन्त्य गर्ने कार्य गर्दै आएको छ (नेपाल कानुन आयोग २०१५) । नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०१६ ले १५-४९ उमेर समुहका महिलालाई समावेश गरी सङ्कलन गरेको तथ्याङ्क अनुसार प्रदेश नं. २ मा कुनै न कुनै समयमा शारीरिक हिंसा भोग्ने महिला करिब एकतिहाई रहेको पाइएको छ । यो अवस्था समग्र नेपालको भन्दा बढी हो । त्यसैगरी, यस प्रदेशका करिब १० प्रतिशत महिलाहरुले गर्भवती भएको अवस्थामा समेत हिंसा अनुभव गरेका छन् । यो प्रतिशत समग्र नेपालका महिलाहरुले अनुभव गरेको हिंसाभन्दा करिब दोब्बर हो । त्यसैगरी १५-४९उमेर समुहका महिलाहरुलाई उनीहरुको जीवनकालको कुनै समयमा पनि यौनिक हिंसा अनुभव गरेका छन् वा छैनन् भन्ने प्रश्नमा करिब ६ प्रतिशत महिलाले यौनिक हिंसा अनुभव गरेको अवस्था छ ।

त्यसैगरी, चित्र ६.८ मा प्रस्तुत गरेअनुसार, महिला विरुद्ध उनीहरुको श्रीमान्बाट हुने संवेगात्मक, शारीरिक तथा यौनिक हिंसाको अवस्था कस्तो रहेको छ भन्ने सन्दर्भमा, प्रदेश नं. २ मा करिब १४ प्रतिशत महिलाले उनीहरुको श्रीमानबाट नै संवेगात्मक हिंसा भोगेका छन् । जुन नेपालका समग्र महिलाको भन्दा बढी रहेको छ । त्यसैगरी प्रदेश नं. २ मा शारीरिक हिंसा श्रीमान्बाटै भोगेका महिला करिब ३५ प्रतिशत रहेका छन् भने समग्र नेपालमा २३ प्रतिशत मात्र रहेका छन् । यस प्रदेशमा रहेका १५-४९

उमेर समुहका महिलाहरु मध्ये करिब ७ प्रतिशत महिलाले यौनिक हिंसा समेत भोगेका छन्, जुन समग्र नेपालका महिलाले भोगेको हिंसाको हाराहारीमै रहेको छ। राष्ट्रिय औसतको तुलनामा प्रदेश नं. २ का महिलाहरु बढी हिंसा पीडित रहेको अवस्था छ।

**चित्र ६.८: प्रदेश नं. २ मा महिला विरुद्ध भएका हिंसाको स्थिति**




**स्रोत:** नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०१६

**चित्र ६.९: प्रदेश नं. २ मा विवाह भैसकेका १५-४९ उमेर समूहका महिलामाथि कुनै न कुनै समयमा श्रीमानबाट भएको हिंसा व्यहोर्ने महिलाको प्रतिशत**




**स्रोत:** नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०१६

## ६.८ अपाङ्गता भएका जनसङ्ख्याको अवस्था

राष्ट्रिय जनगणना २०११ को तथ्याङ्कको आधारमा प्रदेश नं. २ मा अपाङ्गता भएकाको तथ्याङ्क तालिका ६.१४ मा प्रस्तुत गरिएको छ। अपाङ्गतालाई जम्मा ८ प्रकारमा

विभाजन गरी लैङ्गिक फरक समेत छुट्टिने गरी देखाइएको छ । यस प्रदेशमा जम्मा जनसङ्ख्याको १.३२ प्रतिशत कुनै न कुनै प्रकारको अपाङ्गता भएका मानिसहरु रहेका छन् । यो प्रतिशत नेपालको औसत १.९४ प्रतिशत भन्दा केही कम हो । त्यस्तै, प्रदेश नं. २ का पुरुषहरुमध्ये १.५१ प्रतिशत कुनै न कुनै प्रकारको अपाङ्गता भएका छन् भने नेपालमा यस्ता पुरुषहरु २.१८ प्रतिशत रहेका छन् । महिलाहरुमध्ये कुनै न कुनै प्रकारको अपाङ्गता भएका प्रदेश नं. २ मा १.१३ प्रतिशत तथा समग्र नेपालमा १.७१ प्रतिशत रहेका छन् ।

प्रदेश नं. २ अन्तर्गतका विभिन्न जिल्लाहरुमा रहेको अपाङ्गता सम्बन्धी तथ्याङ्क परिशिष्ट तालिका ७ मा देखाइएको छ । प्रदेश भित्र कुनै न कुनै प्रकारको अपाङ्गता भएकाको प्रतिशत बारा जिल्लामा सबैभन्दा बढी (१.६९ प्रतिशत) तथा पर्सा जिल्लामा सबैभन्दा कम (१.०३ प्रतिशत) रहेको छ । सबै जिल्लामा महिला तथा पुरुष दुबैमा सबैभन्दा बढी शारीरिक अपाङ्गता भएका तथा त्यसपछि दृष्टि सम्बन्धी अपाङ्गता भएका व्यक्तिहरु छन् ।

### तालिका ६.१४: प्रदेश नं. २ मा अपाङ्गता भएका जनसङ्ख्याको स्थिति, २०११

| अपाङ्गता स्थिति | प्रदेश नं. २ | | | नेपाल | | |
|---|---|---|---|---|---|---|
| | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला |
| कुनै पनि अपाङ्गता नभएका (%) | ९८.७ | ९८.५ | ९८.९ | ९८.१ | ९७.८ | ९८.३ |
| शारीरिक अपाङ्गता भएका (%) | ०.५ | ०.६ | ०.४ | ०.७ | ०.८ | ०.६ |
| दृष्टी सम्बन्धी अपाङ्गता भएका (%) | ०.३ | ०.३ | ०.३ | ०.४ | ०.४ | ०.४ |
| सुनाई सम्बन्धी अपाङ्गता भएका (%) | ०.१ | ०.२ | ०.१ | ०.३ | ०.३ | ०.३ |
| दृष्टी तथा सुनाई सम्बन्धी अपाङ्गता भएका (%) | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० |
| बोली सम्बन्धी अपाङ्गता भएका (%) | ०.२ | ०.२ | ०.१ | ०.२ | ०.३ | ०.२ |
| मानसिक अपाङ्गता भएका (%) | ०.१ | ०.१ | ०.१ | ०.१ | ०.१ | ०.१ |
| बौद्धिक अपाङ्गता भएका (%) | ०.० | ०.० | ०.० | ०.१ | ०.१ | ०.१ |
| बहु(अपाङ्गता भएका(%) | ०.१ | ०.१ | ०.१ | ०.२ | ०.२ | ०.१ |
| **कुनैपनि अपाङ्गता भएकाको सङ्ख्या** | **७१,४३४** | **४०,९७८** | **३०,४५६** | **५,१३,३२१** | **२,८०,०८६** | **२,३३,२३५** |
| **कुनै पनि अपाङ्गता भएकाको प्रतिशत** | **१.३** | **१.५** | **१.१** | **१.९** | **२.२** | **१.७** |

**स्रोत:** केन्द्रीय तथ्याङ्क विभाग, २०१२, राष्ट्रिय जनगणना २०११ को प्रतिवेदन (भाग ५, खण्ड ३) बाट गणना गरिएका

प्रदेश नं. २ का अपाङ्गता भएका जनसङ्ख्या मध्ये विभिन्न प्रकारको अपाङ्गताको हिस्सा चित्र ६.९ मा देखाइएको छ। विभिन्न प्रकारका अपाङ्गताहरुमध्ये यस प्रदेशमा सबैभन्दा सघन शारीरिक अपाङ्गता देखिन्छ। यसको हिस्सा ३५ प्रतिशत रहेको छ। त्यसपछि दृष्टी सम्बन्धी अपाङ्गताको हिस्सा २४ प्रतिशत छ र यो दोस्रो सघन अपाङ्गता हो। त्यसपछि क्रमश : बोली सम्बन्धी १२ प्रतिशत, सुनाई सम्बन्धी १०.६ प्रतिशत तथा मानसिक अपाङ्गता ७ प्रतिशतको हिस्सा रहेको छ। बहु-अपाङ्गता भएकाहरुको हिस्सा पनि ७ प्रतिशत नै रहेको छ भने बौद्धिक अपाङ्गताको अंश २.७ प्रतिशत तथा दृष्टी तथा सुनाई सम्बन्धी अपाङ्गताको अंश २ प्रतिशत रहेको छ।

### चित्र ६.१०: प्रदेश नं. २ मा अपाङ्गता भएका जनसङ्ख्या मध्ये अपाङ्गताको प्रकार अनुसारको विवरण




**स्रोतः** केन्द्रीय तथ्याङ्क विभाग, २०१२, राष्ट्रिय जनगणना २०११ को प्रतिवेदन (भाग ५, खण्ड ३) बाट गणना गरिएका

# एकाइ ७ : श्रमशक्ति तथा रोजगारीको स्थिति

आर्थिक रूपले सक्रिय जनसङ्ख्या सम्बन्धी अवधारणाले मुख्य रूपमा दुई प्रकारका जनसङ्ख्यालाई जनाउँदछ । पहिलो अन्तर्गत त्यस्तो जनसङ्ख्या जो रोजगार छ र दोस्रो अन्तर्गत, त्यस्तो जनसङ्ख्या जो रोजगार छैन वा रोजगारीमा प्रवेश गर्न इच्छुक छ वा जसले सक्रियरूपमा आर्थिक अवसरको खोजि गरिरहेको छ । (Lauterbach, 1977) संयुक्त राष्ट्र राष्ट्रिय लेखा पद्दति (SNA) का अनुसार आर्थिक रूपले सक्रिय जनसङ्ख्या त्यस्तो जनसङ्ख्या हो, जसले निश्चित समयावधि भित्र आर्थिक वस्तु तथा सेवाको उत्पादन गर्दछ वा उत्पादनका लागि उपलब्ध हुन्छ (UN, 1993) । राष्ट्रिय जनगणना २०११ मा आर्थिक क्रियाकलापका बारेमा प्रत्येक परिवारवाट १० वर्ष वा सो भन्दा माथि उमेरको जनसङ्ख्यालाई सोधिएको प्रश्नावालीबाट विश्लेषण गरी यो खण्डको तथ्याङ्क प्रस्तुत गरिएको छ । यस एकाइमा प्रदेश नं. २ मा वसोबास गर्ने मानिसहरुको आर्थिक क्रियाकलापका बारेमा गरिएको विश्लेषणलाई प्रस्तुत गरिएको छ । मुख्यतया: यस प्रदेशमा वसोबास गर्ने जनसङ्ख्यामा आर्थिक रूपले सक्रिय तथा निस्क्रिय जनसङ्ख्या, सक्रिय जनसङ्ख्याको कार्यक्षेत्र तथा रोजगारीको स्थिति र निस्क्रिय रहनुका कारण तथा लैङ्गिक फरकको जिल्लागत तहसम्मको अवस्था देखाई प्रस्तुत गरिएको छ ।

## ७.१ आर्थिक रुपमा सक्रिय र निष्क्रिय जनसङ्ख्या

तालिका ७.१ ले आर्थिक रूपले सक्रिय जनसङ्ख्या, रोजगार, बेरोजगार तथा आर्थिक रूपले सक्रिय नरहेको जनसङ्ख्यालाई समेट्दछ । रोजगार जनसङ्ख्याको गणनाले त्यस्तो जनसङ्ख्याले गर्ने विविध कार्यहरु, तिनको पेशा, औद्योगिक क्षेत्र (industry), रोजगारको अवस्था, संस्थागत क्षेत्रमा कार्यरत अवस्थाको साथै अनौपचारिक क्षेत्र तथा पेशालाई जनाउँदछ । (African Development Bank, 2012) । बेरोजगार जनसङ्ख्याको विशेषताले वेरोजगारको खोजीका विधि, सामाजिक लाभमा पहुँच (Access to social benefits) र अघिल्लो पेशामा रहेको विशेषता आदिलाई जनाउँदछ । आर्थिक रूपले सक्रिय नरहेको जनसङ्ख्याले सक्रिय नरहनुको कारण, उनीहरुको आर्थिक क्रियाकलापमा रहेको संलग्नता र अघिल्लो रोजगारमा रहँदाको विशेषता आदिलाई जनाउँदछ ।

राष्ट्रिय जनगणना २०११ मा १० वर्ष र सो भन्दा माथिको जनसङ्ख्याले गणना समय

भन्दा १२ महिना अघि कृषि, तलब आम्दानी, आफ्नै गैर-कृषि व्यवसाय, कामको खोजी, विस्तारित आर्थिक क्रियाकलाप (extended economic activities) आदिमा रहेकालाई आर्थिक रूपले सक्रिय जनसङ्ख्या भनी गणना गरेको छ। यसै परिभाषा अनुसार प्रदेश नं. २ मा ४५.२ प्रतिशत जनसङ्ख्या आर्थिक रूपले सक्रिय रहेको छ। यो समग्र नेपालमा भन्दा करिब १० प्रतिशत बिन्दुले कम हो। आर्थिक रूपले सक्रिय मध्ये ४१ प्रतिशत जनसङ्ख्या प्रदेश नं. २ मा रोजगारको अवस्थामा छन् भने नेपालमा उक्त जनसङ्ख्या ४८.३ प्रतिशत रहेको छ।

यस प्रदेशमा वेरोजगार जनसङ्ख्या १.२ प्रतिशत रहेको छ। आर्थिक रूपले सक्रिय जनसङ्ख्या मध्ये यस प्रदेशमा पुरुष ३१.२ प्रतिशत तथा महिला १४.१ प्रतिशत रहेका छन्। नेपालमा २४.६ प्रतिशत महिला आर्थिक रूपले सक्रिय छन्। यस प्रदेशमा आर्थिक रूपले निस्क्रिय जनसङ्ख्या ५२.३ प्रतिशतमा पुरुष १७.६ प्रतिशत र महिला ३४.७ प्रतिशत रहेका छन्। आर्थिक रूपले निस्क्रिय जनसङ्ख्या पुरुषको हकमा यस प्रदेशमा तथा नेपालमा बराबरी हिस्सामा छ। यसैगरी महिलाको हकमा राष्ट्रिय रूपमा रहेको निस्क्रिय जनसङ्ख्याको हिस्साभन्दा प्रदेश नं. २ मा करिब ७ प्रतिशत बिन्दुले बढी छ। यस प्रदेशमा आर्थिक क्रियाकलाप व्यक्त नगर्नेको जनसङ्ख्या २.५ प्रतिशत रहेको छ जुन समग्र नेपालमा भने १ प्रतिशत मात्र रहेको छ।

### तालिका ७.१: प्रदेश नं. २ मा दश वर्ष र सोभन्दा माथिको जनसङ्ख्या मध्ये आर्थिक रूपले सक्रिय तथा निस्क्रिय जनसङ्ख्या, २०११

| सक्रियताको स्थिति र लिङ्ग | प्रदेश नं. २ | | नेपाल | |
|---|---|---|---|---|
| | जनसङ्ख्या | प्रतिशत | जनसङ्ख्या | प्रतिशत |
| अक्सर सक्रिय | | | | |
| रोजगार | १६,५३,९९३ | ४१.० | ९८,९१,०९८ | ४८.३ |
| पुरुष | ११,९४,९७९ | | ५६,२७,७८७ | |
| महिला | ४,५९,०१४ | | ४२,६३,३११ | |
| बेरोजगार | ४९,७९८ | १.२ | १,६४,०८८ | ०.८ |
| पुरुष | ३७,५६६ | | १,२१,०२४ | |
| महिला | १२,२३२ | | ४३,०६४ | |
| अक्सर सक्रिय नरहने | १,२१,१९७ | ३.० | १०,५३,७२९ | ५.१ |
| पुरुष | २५,१०२ | | ३,१५,३२३ | |

| सक्रियताको स्थिति र लिङ्ग | प्रदेश नं. २ | | नेपाल | |
|---|---|---|---|---|
| | जनसङ्ख्या | प्रतिशत | जनसङ्ख्या | प्रतिशत |
| महिला | ९६,०९५ | | ७,३८,४०६ | |
| आर्थिक रुपले सक्रिय | १८,२४,९८८ | ४५.२ | १,११,०८,९१५ | ५४.२ |
| पुरुष | १२,५७,६४७ | ३१.२ | ६०,६४,१३४ | २९.६ |
| महिला | ५,६७,३४१ | १४.१ | ५०,४४,७८१ | २४.६ |
| आर्थिक रुपले निस्क्रिय | २१,०९,८१२ | ५२.३ | ९१,७५,६४५ | ४४.८ |
| पुरुष | ७,०९,२७४ | १७.६ | ३५,४२,८९२ | १७.३ |
| महिला | १४,००,५३८ | ३४.७ | ५६,३२,७५३ | २७.५ |
| आर्थिक क्रियाकलाप व्यक्त नगरिएको | १,००,८९९ | २.५ | २,१०,९५५ | १.० |
| पुरुष | ४८,१३१ | १.२ | ९९,१७३ | ०.५ |
| महिला | ५२,७६८ | १.३ | १,११,७८२ | ०.६ |
| १० वर्ष र सो भन्दा माथिको जनसङ्ख्या | ४०,३५,७०० | १०० | २,०४,९५,५१५ | १०० |

**स्रोतः** केन्द्रीय तथ्याङ्क विभाग, २०१४, Population Monograph, vol III, pg 13, तथा केन्द्रीय तथ्याङ्क विभागले प्रकाशन गरेको MS Excel data file बाट गणना गरिएको

## ७.२ सक्रिय जनसङ्ख्याको कार्यक्षेत्र (पेशा)

राष्ट्रिय जनगणना सन् २०११ मा आर्थिक रूपले अक्सर सक्रिय जनसङ्ख्याको पेशालाई गणना गरिएको छ । अक्सर सक्रिय जनसङ्ख्या भन्नाले गणना हुनुपूर्व १२ महिनाभित्र जनसङ्ख्याको आर्थिक सक्रियता मापन गरेको छ । यस अनुसार प्रदेश नं. २ मा सबै भन्दा बढी जनसङ्ख्या ५३.९ प्रतिशत कृषि, वन तथा माछापालन सम्बन्धी दक्ष तथा अर्ध-दक्ष कामको क्षेत्रमा रहेको छ । यी मध्ये पुरुष ५०.३ प्रतिशत र महिला ६३.५ प्रतिशत रहेका छन् । नेपालमा भने अक्सर सक्रिय रहेको जनसङ्ख्यामध्ये यो क्षेत्रमा ६०.४ प्रतिशत कार्यरत छन् जसमध्ये महिलाको जनसङ्ख्या ७३.६ प्रतिशत रहेको छ जुन प्रदेश नं. २ को भन्दा करिब १० प्रतिशत बिन्दुले बढी छ ।

त्यसैगरी सामान्य वा प्राथमिक पेशाहरु (Elementary occupation) मा यस प्रदेशको १९.५ प्रतिशत जनसङ्ख्या रहेको छ भने राष्ट्रिय औसतमा करिब १० प्रतिशत मात्र रहेको छ । यस्ता पेशामा यस प्रदेशमा पुरुष १८.९ प्रतिशत र महिला २१.३ प्रतिशत रहेका छन् । नेपालमा भने सामान्य वा प्राथमिक पेशाहरुमा रहने पुरुष १०.९ प्रतिशत र महिला ८.८ प्रतिशत रहेका छन् । प्रदेश नं. २ मा रहेको जनसङ्ख्यामध्ये अक्सर

सक्रिय रहने जनसङ्ख्याको ७ प्रतिशत सेवा गर्ने तथा पसल र बजारमा बिक्री गर्ने कामदारहरुको रुपमा र ८ प्रतिशत शिल्प, कालिगढ र सम्बन्धित व्यवसायका कामदार हरुको रुपमा रहेका छन् । यी क्षेत्रहरुमा रहेका जनसङ्ख्याको अवस्थामा यस प्रदेशका पुरुषहरु करिब २ प्रतिशत बिन्दुले नेपालमा भन्दा कम छन् भने महिलाहरु नेपालकै हाराहारीमा छन् । अन्य पेशाहरुमा यस प्रदेशका महिला तथा पुरुषहरुको संलग्नता ५ प्रतिशत भन्दा कम नै रहेको छ जुन राष्ट्रिय रुपमा रहेको जनसङ्ख्यासँग मिल्दोजुल्दो अवस्था हो ।

### तालिका ७.२ : प्रदेश नं. २ को अक्सर सक्रिय जनसङ्ख्याको कार्य क्षेत्र (पेशा), २०११

| कार्यक्षेत्र | प्रदेश नं. २ | | | नेपाल | | |
|---|---|---|---|---|---|---|
| | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला |
| सशस्त्र सैनिकहरु (Armed forces) | ०.१ | ०.२ | ०.० | ०.२ | ०.४ | ०.० |
| व्यस्थापक (Managers) | ०.६ | ०.६ | ०.४ | १.४ | १.६ | १.१ |
| विशेषज्ञ (Professionals) | २.७ | २.८ | २.३ | ४.० | ४.६ | ३.१ |
| प्राविधिक तथा सहायक विज्ञहरु (Technicians and associate professional) | १.५ | १.६ | ०.६ | २.१ | २.८ | १.१ |
| क्लर्क वा कारिन्दा वा कार्यालय सहायकहरु (Office assistance) | ०.९ | १.० | ०.५ | १.३ | १.६ | ०.९ |
| सेवा गर्ने तथा पसल र बजारमा बिक्री गर्ने कामदारहरु (Service & sales workers) | ७.४ | ८.४ | ४.६ | ८.३ | १०.१ | ५.९ |
| कृषि, वन तथा माछापालन सम्बन्धी दक्ष तथा अर्ध-दक्ष कामदारहरु (Agriculture, forestry & fishery workers) | ५३.९ | ५०.३ | ६३.५ | ६०.४ | ५०.५ | ७३.६ |
| शिल्प, कारिगरी र सम्बन्धित व्यवसायका कामदारहरु (Craft and related trades workers) | ७.९ | ९.६ | ३.४ | ८.१ | ११.३ | ३.८ |
| संयन्त्र तथा यन्त्र वा मेसिन चालक एवं संयोजन कर्ताहरु (Plant & machine operators & assembler) | १.९ | २.५ | ०.४ | २.२ | ३.६ | ०.४ |
| सामान्य वा प्राथमिक पेशाहरु (Elementary occupations) | १९.५ | १८.९ | २१.३ | ९.९ | १०.९ | ८.८ |
| उल्लेख नगरेको (Not stated) | ३.७ | ३.९ | ३.१ | २.० | २.५ | १.४ |

**स्रोतः** केन्द्रीय तथ्याङ्क विभागले २०१२ मा प्रकाशन गरेको Excel File बाट विश्लेषण

## ७.३ निष्क्रिय रहनुका कारणहरु

दश वर्ष वा सो भन्दा माथिको जनसङ्ख्या आर्थिक रुपले निस्क्रिय रहनु तथा अक्सर सक्रिय नरहनुको कारण तालिका ७.३ मा प्रस्तुत गरिएको छ । उक्त तालिका अनुसार प्रदेश नं. २ मा सबैभन्दा बढी अध्ययनका कारण सक्रिय नरहेको अवस्था छ । समग्र नेपालमा पनि सोही कारणले सक्रिय नरहेको पाईएको छ । प्रदेश नं. २ मा अध्ययन र

घरायसी कार्य, प्रत्येकका कारण आर्थिक रुपले सक्रिय नरहेको जनसङ्ख्या करिब ४४ प्रतिशत छ। यस्तो जनसङ्ख्या नेपालमा भने अध्ययनका कारण ५९ प्रतिशत र घरायसी कार्यका कारण करिब २९ प्रतिशत रहेका छन् ।

प्रदेश नं. २ का ६२ प्रतिशत महिलाहरुले घरायसी कार्यका कारण आर्थिक रुपले सक्रिय नरहेको कुरा व्यक्त गरेका छन्। उक्त जनसङ्ख्या नेपालमा ४३ प्रतिशत मात्र रहेको छ। अध्ययनका कारण आर्थिक रुपले सक्रिय नरहेको भनि व्यक्त गर्ने पुरुषको जनसङ्ख्या यस प्रदेशमा ७६ प्रतिशत रहेका छन् भने समग्र नेपालमा ८० प्रतिशत रहेका छन् । त्यसैगरी सोही कारणले यस प्रदेशमा २९ प्रतिशत महिला आर्थिक रुपले सक्रिय नरहेको अवस्थामा छन् भने समग्र नेपालमा ४६ प्रतिशत यस्ता महिला रहेका छन् । उमेर पुगेर वृद्ध भएको कारण आर्थिक रुपले सक्रिय नरहेको भनि बताउने जनसङ्ख्या प्रदेश नं. २ मा करिब ६ प्रतिशत रहेका छन्, जुन नेपालकै औसतसँग बराबरी छ । पेन्सन र आयस्रोत भएको, अपाङ्गता तथा दीर्घरोगका कारण आर्थिक रुपले सक्रिय नरहेको भनी व्यक्त गर्ने जनसङ्ख्या प्रदेश नं. २ मा १ प्रतिशत (प्रत्येक कारण) भन्दा कम नै छ भने नेपालमा यो जनसङ्ख्या १ प्रतिशत (प्रत्येक कारण) को हाराहारीमा छ ।

**तालिका ७.३: प्रदेश नं. २ मा लिङ्ग आर्थिक रुपले निस्क्रिय तथा अक्सर सक्रिय नरहने १० वर्ष वा सो भन्दा माथिको जनसङ्ख्या मध्ये आर्थिक रुपले सक्रिय नरहनुको कारण, २०११**

| स्थान र लिङ्ग | | सक्रिय नरहनुको कारण | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | अध्ययन | घरायसी कार्य | उमेर पुगेको (वृद्) | पेन्सन/आयस्रोतभएकोले | अपाङ्गता भएकोले | दीर्घरोगी | अन्य | नखुलेको |
| प्रदेश २ | जम्मा | ४४.४ | ४४.६ | ५.४ | ०.४ | ०.६ | ०.९ | १.६ | २.२ |
| | पुरुष | ७५.७ | ८.६ | ६.७ | ०.८ | १.१ | १.४ | २.७ | ३.० |
| | महिला | २९.० | ६२.२ | ४.८ | ०.२ | ०.३ | ०.६ | १.० | १.९ |
| नेपाल | जम्मा | ५९.० | २८.९ | ६.२ | १.० | ०.९ | १.२ | १.२ | १.६ |
| | पुरुष | ८०.२ | ४.९ | ६.५ | २.० | १.४ | १.५ | १.९ | १.६ |
| | महिला | ४६.२ | ४३.४ | ६.० | ०.४ | ०.६ | १.० | ०.८ | १.६ |

**स्रोत:** केन्द्रीय तथ्याङ्क विभाग, (२०१२) ले प्रकाशन गरेको Excel File बाट विश्लेषण

जिल्लागत तहमा आर्थिक रुपले सक्रिय नरहेको कारणहरु तालिका ७.४ मा प्रस्तुत गरिएको छ। उक्त तालिकाका अनुसार अध्ययनका कारण आर्थिक रुपले सक्रिय नरहेको अवस्था सबै भन्दा बढी सप्तरी जिल्लामा ५३ प्रतिशत रहेको छ भने सबै भन्दा कम रौतहट जिल्लामा ३९.५ प्रतिशत रहेको छ। त्यसैगरी बारा जिल्लामा ४४.७ प्रतिशत,

धनुषा जिल्लामा ४३.८ प्रतिशत, पर्साजिल्लामा ४२.९ प्रतिशत र महोत्तरी जिल्लामा ४१.९ प्रतिशत जनसङ्ख्या अध्ययनका कारण आर्थिक रुपले सक्रिय नरहेको अवस्था छ। त्यसैगरी घरायसी कार्यका कारण आर्थिक रुपले सक्रिय नरहेको जनसङ्ख्या करिब ४८ प्रतिशत पर्सा, सर्लाही, रौतहट, महोत्तरी जिल्लाहरुमा छन्। यस प्रदेशका प्रत्येक जिल्लाहरुमा करिब ५-६ प्रतिशत जनसङ्ख्याले उमेर पुगेर वृद्ध भएको कारण आर्थिक रुपले सक्रिय नरहेको कारण व्यक्त गरेका छन्। दीर्घ रोगका कारण आर्थिक रुपले सक्रिय नरहेको करिब १ प्रतिशत जनसङ्ख्या सप्तरी र बारा जिल्लाहरुमा रहेका छन्।

**तालिका ७.४ प्रदेश नं. २ अन्तर्गतका जिल्ला तहमा आर्थिक रुपले निस्क्रिय तथा अक्सर सक्रिय नरहने १० वर्ष वा सो भन्दा माथिको जनसङ्ख्या मा आर्थिक रुपले सक्रिय नरहनुको कारण, २०११**

| स्थान | सक्रिय नरहनुको कारण | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | अध्ययन | घरायसी कार्य | उमेर पुगेको (वृद्) | पेन्सन/आयस्रो तभएकोले | अपाङ्गता | दीर्घरोगी | अन्य | नखुलेको |
| सप्तरी | ५२.९ | ३४.५ | ६.२ | ०.७ | ०.६ | १.२ | १.४ | २.६ |
| सिराहा | ४९.४ | ४०.६ | ५.५ | ०.३ | ०.७ | ०.९ | १.२ | १.३ |
| धनुषा | ४३.८ | ४४.५ | ४.६ | ०.४ | ०.४ | ०.६ | १.६ | ४.१ |
| महोत्तरी | ४१.९ | ४७.२ | ५.३ | ०.४ | ०.७ | ०.९ | १.८ | १.७ |
| रौतहट | ३९.३ | ४८.४ | ५.६ | ०.३ | ०.५ | ०.८ | १.९ | ३.३ |
| सर्लाही | ४१.७ | ४७.८ | ५.५ | ०.४ | ०.६ | १.० | १.५ | १.५ |
| बारा | ४४.७ | ४४.० | ६.० | ०.३ | ०.५ | १.१ | १.७ | १.६ |
| पर्सा | ४२.९ | ४७.९ | ४.८ | ०.४ | ०.४ | ०.६ | १.५ | १.६ |

**स्रोतः** केन्द्रीय तथ्याङ्क विभाग (२०१२) ले प्रकाशन गरेको Excel File बाट विश्लेषण गरिएको

## ७.४ वैदेशिक रोजगारीमा जानेहरुको स्थिति

वैदेशिक रोजगारीमा जानेहरुको जिल्ला तहमा राखिएको स्पष्ट तथ्याङ्क उपलब्ध नभएको अवस्थामा श्रम मन्त्रालयबाट श्रम स्वीकृति लिनेहरुको तथ्याङ्कलाई आधार मानिएको छ। यो तथ्याङ्कले वैदेशिक रोजगारीमा गएकाहरुको वास्तविक सङ्ख्या बताउन नसके पनि केही जानकारी भने दिन्छ। सन् २०१६ /०१७ मा श्रम स्वीकृति लिनेको सङ्ख्या तालिका ७.५ मा देखाइएको छ, जसमा संस्थागत तथा व्यक्तिगत रुपमा श्रम स्वीकृति लिनेहरुको कूल सङ्ख्या निकालिएको छ। सन् २०१६/०१७ मा प्रदेश नं. २ का जम्मा १ लाख ८ हजार ३१ जनाले श्रम स्वीकृति लिएका छन्, यो

सङ्ख्या नेपालबाट श्रम स्वीकृति लिने जम्मा सङ्ख्याको २९ प्रतिशत हो । यसले हाल प्रदेश नं. २ बाट वैदेशिक रोजगारीमा जान चाहनेहरु अत्यधिक रहेको सङ्केत गर्दछ । सङ्ख्यात्मक हिसाबमा, प्रदेश नं. २ का जिल्लाहरुमध्ये धनुषाबाट सबैभन्दा बढी (२१,९१५) र पर्साबाट सबैभन्दा कम (५,८१५) रहेका छन् । महिला पुरुष छुट्याएर हेर्दा, नेपालका श्रम स्वीकृति लिने पुरुषहरुमध्ये ३० प्रतिशत प्रदेश नं. २ का छन् भने महिलाहरुमध्ये ५ प्रतिशत मात्र यस प्रदेशका छन् । नेपालमा श्रम स्वीकृति लिनेहरुमध्ये ५.३ प्रतिशत महिला छन् भने प्रदेश नं. २ मा श्रम स्वीकृति लिनेहरुमध्ये ०.८ प्रतिशत मात्र महिलाहरु छन् । प्रदेशका सर्लाही, बारा र पर्सा बाहेक सबै जिल्लाहरुमा श्रम स्वीकृति लिएकामध्ये १ प्रतिशत भन्दा कम मात्र महिला छन् । श्रम स्वीकृति लिनेहरुमध्ये सर्लाहीमा २ प्रतिशत, बारामा २.७ प्रतिशत र पर्सामा १.५ प्रतिशत महिलाहरु रहेका छन् ।

## तालिका ७.५: प्रदेश नं. २ का जिल्लाहरु बाट २०१६/०१७ मा श्रम स्वीकृति लिनेको विवरण

| जिल्ला | २०१६/०१७ मा श्रम स्वीकृति लिनेको सङ्ख्या | | | महिलाको प्रतिशत |
|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | |
| सप्तरी | १३,८६४ | ४६ | १३,९१० | ०.३ |
| सिराहा | १६,९५१ | ३१ | १६,९८२ | ०.२ |
| धनुषा | २१,८४३ | ७२ | २१,९१५ | ०.३ |
| महोत्तरी | १६,६४४ | ६४ | १६,७०८ | ०.४ |
| सर्लाही | १५,०५७ | २९६ | १५,३५३ | १.९ |
| रौतहट | ९,२९२ | ८४ | ९,३७६ | ०.९ |
| बारा | ८,६५२ | २३८ | ८,८९० | २.७ |
| पर्सा | ५,७२८ | ८७ | ५,८१५ | १.५ |
| **प्रदेश नं.२** | **१,०८,०३१** | **९१८** | **१,०८,९४९** | **०.८** |
| **नेपाल** | **३,६२,७६६** | **२०,१०५** | **३,८२,८७१** | **५.३** |
| **प्रदेश नं. २ को अंश (%)** | **२९.८** | **४.६** | **२८.५** | |

**स्रोत:** नेपाल सरकार, श्रम तथा रोजगार मन्त्रालय. २०१८, Labour Migration for Employment -Status Report for Nepal: 2015/16 (2016/17)

# एकाइ ८ : युवा जनसङ्ख्याको अवस्था

यस एकाइमा प्रदेश नं. २ का १५-२४ उमेर समूहमा रहेको जनसङ्ख्याका केही महत्वपूर्ण पक्षहरुलाई प्रस्तुत गरिएको छ । यस प्रदेशमा यो उमेर समूहको जनसङ्ख्याको हिस्सा ठूलो रहेको छ । यसैले ती उमेर समूहको छुट्टै अध्ययन गर्न आवश्यक हुन आउँछ । विशेष गरी युवा जनसङ्ख्याको आकार, तिनको शैक्षिक स्थिति, वैवाहिक स्थिति तथा रोजगारीको स्थितिको बारेमा यहाँ चर्चा गरिएको छ ।

## ८.१ युवा जनसङ्ख्याको हिस्सा तथा वृद्धिदर

प्रदेश नं. २ मा युवा जनसङ्ख्याको वृद्धिदरलाई तालिका ८.१ मा प्रस्तुत गरिएको छ । सन् २००१-२०११ को अवधिमा १५-२४ उमेर समूहको जनसङ्ख्या वार्षिक १.०७ प्रतिशतले वृद्धि भएको देखिन्छ । ती उमेर समूहमा महिलाको तुलनामा पुरुषको वृद्धिदर निक्कै कम रहेको देखिन्छ । युवा अवस्थामै धेरै सङ्ख्यामा पुरुषहरु वैदेशिक रोजगारीमा जाने हुँदा गणना समयमा धेरै पुरुष अनुपस्थित रहेकोले यस्तो भएको हो । यहिक्रम कायम रहने मान्ने हो भने सन् २०११-२०२१ को १५-२४ उमेर समूहको प्रक्षेपित जनसङ्ख्या वृद्धिदर ३.४७ प्रतिशत रहने तथा सन् २०२१-२०३१ को दशकमा यहि उमेर समूहको जनसङ्ख्या वृद्धिदर ऋृणात्मक हुने देखिन्छ । प्रदेश नं. २ मा आगामी दिनमा १५-२४ उमेर समूहको युवा जमातको आकार केही घट्दै जाने देखिन्छ ।

### तालिका ८.१ : प्रदेश नं. २ मा युवा जनसङ्ख्या को वृद्धिदर (प्रतिशत प्रतिवर्ष)

| उमेर समूह | वास्तविक वृद्धिदर | | | प्रक्षेपित वृद्धिदर | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | २००१-२०११ | | | २०११-२०२१ | | | २०२१-२०३१ | | |
| | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष |
| १५-१९ | १.०३ | १.८ | ०.२२ | २.१३ | २.०५ | २.२२ | ०.३१ | ०.१७ | ०.४७ |
| २०-२४ | १.१३ | १.३८ | ०.९ | ४.८९ | ५.८४ | ३.९५ | २.१ | २.०३ | २.१८ |
| १५-२४ | १.०७ | १.६२ | ०.५४ | ३.४७ | ३.८३ | ३.०९ | १.२ | १.०८ | १.३२ |

**स्रोतः** केन्द्रीय तथ्याङ्क विभाग, २०१२, राष्ट्रिय जनगणना २०११ को प्रतिवेदन (भाग १), जनसङ्ख्या प्रक्षेपण २०११-२०३१ बाट गणना गरिएको

त्यस्तै, सन् २००१-२०३१ को अवधिमा जम्मा जनसङ्ख्यामा युवाहरुको हिस्सामा पनि उतार चढाव आएको देखिन्छ । सन् २०११ मा १५-२४ उमेर समूहको जनसङ्ख्याको हिस्सा १७.३ प्रतिशत रहेकोमा यो सन् २०२१ मा बढेर २०.८ प्रतिशत पुग्ने तथा

त्यसपछि घट्दै गई सन् २०३१ मा १६.५ प्रतिशत पुग्ने प्रक्षेपण गरिएको छ। महिला भन्दा पुरुषको हिस्सा सधैं कम देखिएको छ।

### तालिका ८.२: प्रदेश नं. २ मा युवा जनसङ्ख्याको हिस्सा (जम्मा जनसङ्ख्याको प्रतिशत)

| | गणना गरिएको | | | प्रक्षेपण गरिएको | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | २०११ | | | २०२१ | | | २०३१ | | |
| उमेर समूह | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष |
| १५-१९ | ९.५ | ५.१ | ४.५ | १०.० | ५.३ | ४.७ | ८.७ | ४.६ | ४.० |
| २०-२४ | ७.८ | ३.७ | ४.१ | १०.८ | ५.६ | ५.२ | ७.८ | ४.१ | ३.७ |
| १५-२४ | १७.३ | ८.८ | ८.५ | २०.८ | १०.९ | ९.९ | १६.५ | ८.७ | ७.७ |

**स्रोतः** केन्द्रीय तथ्याङ्क विभाग, २०१२. राष्ट्रिय जनगणना २०११ को प्रतिवेदन (भाग १), जनसङ्ख्या प्रक्षेपण २०११-२०३१ बाट गणना गरिएको

## ८.२ : युवाको शैक्षिक स्थिति

तालिका ८.३ मा प्रदेश नं. २ का युवा जनसङ्ख्याको शिक्षाको स्थिति देखाइएको छ। यस तालिकाबाट प्रदेश नं. २ र समग्र नेपाल बीचको युवाहरुको शैक्षिक स्थिति र लैङ्गिक फरक समेत अध्ययन गरिएको छ। प्रदेश नं. २ मा कहिल्यै विद्यालय नगएका १५-२४ उमेर समूहका पुरुषहरु १४ प्रतिशत छन् भने महिला ३० प्रतिशत छन्। त्यस्तै, प्रत्येक शैक्षिक तहमा सो तहसम्म पढेका युवाहरुको प्रतिशतमा महिला भन्दा पुरुषको हिस्सा धेरै रहेको छ। यसले प्रदेश भित्रका युवाहरुमा शैक्षिक स्थितिमा लैङ्गिक फरक रहेको कुरालाई प्रष्ट्याउँछ। कहिल्यै विद्यालय नगएका युवाहरुको प्रतिशत समग्र नेपालमा ७ प्रतिशत भन्दा प्रदेश नं. २ मा निकै बढी २३ प्रतिशत रहेको तथा यस भित्रको लैङ्गिक फरक समेत कायम रहेको अवस्था छ। तर, अरु विभिन्न तहको शैक्षिक स्थितिमा भने महिला पुरुष बीचको फरक नेपालमा त्यति धेरै देखिएको छैन। प्रदेश नं. २ मा युवा पुरुषहरु मध्ये माध्यमिक भन्दा कम पढ्नेको अंश सबैभन्दा बढी ३१ प्रतिशत छ भने महिलाहरुमध्ये कहिल्यै विद्यालय नगएकाको अंश सबैभन्दा बढी ३० प्रतिशत छ।

### तालिका ८.३: प्रदेश नं. २ का युवा जनसङ्ख्या को शैक्षिक स्थिति

| शैक्षिक स्थिति (%) | प्रदेश नं. २ | | | नेपाल | | |
|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा |
| कहिल्यै विद्यालय नगएका | १४.१ | २९.८ | २२.८ | ४.५ | ९.५ | ७.३ |
| आधारभूत भन्दा कम | २९.३ | २५.८ | २७.३ | २१.९ | २२.० | २२.० |
| आधारभूत तह | १०.२ | ८.४ | ९.२ | ११.० | १०.६ | १०.८ |
| माध्यमिक भन्दा कम | ३१.१ | २७.६ | २९.२ | ४०.१ | ३९.१ | ३९.६ |
| माध्यामिक तह | १२.० | ७.१ | ९.३ | १७.७ | १५.२ | १६.३ |
| उच्च शिक्षा | ३.३ | १.३ | २.२ | ४.७ | ३.६ | ४.१ |
| जम्मा जनसङ्ख्या (हजारमा) | ४८१ | ६०९ | १,०८९ | २,५३४ | ३,१२० | ५,६५३ |

**स्रोत:** केन्द्रीय तथ्याङ्क विभाग, २०१९, नेपाल श्रम शक्ति सर्वेक्षण २०१७/०१८ बाट गणना गरिएको

## ८.३ युवाको वैवाहिक स्थिति

तालिका ८.४ मा प्रदेश नं. २ तथा नेपालका युवाहरुको वैवाहिक स्थिति देखाइएको छ। प्रदेश नं. २ मा १५-१९ उमेर समूहका युवाहरुमध्ये महिला तर्फ ४४ प्रतिशत विवाह भैसकेका छन् भने नेपालमा सोही उमेर समूहका महिलामध्ये २७ प्रतिशत विवाहित छन्। त्यस्तै, २०-२४ उमेर समूहका महिलाहरुमध्ये प्रदेश नं. २ मा ९१ प्रतिशत तथा नेपालमा ७६ प्रतिशत विवाहित छन्। कम उमेरमा विवाह गर्ने प्रचलन नेपालको तुलनामा प्रदेश नं. २ मा सघन छ। नेपाल तथा प्रदेश नं. २ मा पुरुष युवाहरुमध्ये विवाहित हुनेको प्रतिशत महिलाको तुलनामा धेरै नै कम छ। कम उमेरमै विवाह गरेको कारणले हुने जोखिमहरू पुरुषको तुलनामा महिलाहरुले धेरै व्यहोर्नं परेको स्थिति छ। समग्रमा, प्रदेश नं. २ मा १५-२४ उमेर समुहका युवाहरु मध्ये दुई तिहाई महिलाहरु तथा लगभग एक चौथाई पुरुषहरु हाल विवाहित रहेका छन्।

## तालिका ८.४: प्रदेश नं. २ का युवाहरुको वैवाहिक स्थिति

| उमेर समूह | लिङ्ग | प्रदेश नं. २ | | | | नेपाल | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | वैवाहिक स्थिति (%) | | | नमूना छनोटमा परेकाको सङ्ख्या | वैवाहिक स्थिति (%) | | | नमूना छनोटमा परेकाको सङ्ख्या |
| | | अविवाहित | हाल विवाहित | पूर्व विवाहित | | अविवाहित | हाल विवाहित | पूर्व विवाहित | |
| १५-१९ | जम्मा | ७१.३ | २८.५ | ०.२ | १,०४३ | ८१.६ | १८.२ | ०.२ | ४,९९७ |
| | पुरुष | ९०.४ | ९.४ | ०.२ | ४६३ | ९२.८ | ७.१ | ०.१ | २,२४७ |
| | महिला | ५६.१ | ४३.७ | ०.२ | ५८० | ७२.४ | २७.३ | ०.३ | २,७५० |
| २०-२४ | जम्मा | २२.२ | ७७.१ | ०.७ | ७७१ | ३६.५ | ६२.८ | ०.६ | ४,०८६ |
| | पुरुष | ५०.६ | ४९.० | ०.४ | २५८ | ५७.० | ४२.० | १.० | १,५४९ |
| | महिला | ७.९ | ९१.२ | ०.८ | ५१२ | २४.० | ७५.६ | ०.४ | २,५३६ |
| १५-२४ | जम्मा | ५०.५ | ४९.१ | ०.४ | १,८१४ | ६१.३ | ३८.३ | ०.४ | ९,०८३ |
| | पुरुष | ७६.२ | २३.६ | ०.२ | ७२१ | ७८.२ | २१.४ | ०.५ | ३,७९७ |
| | महिला | ३३.५ | ६६.० | ०.५ | १,०९२ | ४९.२ | ५०.५ | ०.३ | ५,२८६ |

**स्रोत:** नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०१६

## ८.४ युवाको रोजगारीको स्थिति

तालिका ८.५ मा प्रदेश नं. २ का युवाहरुको रोजगारीको स्थिति देखाइएको छ। प्रदेश नं. २ मा ३१ प्रतिशत युवा श्रमशक्तिमा रहेका छन्, जसमा २१ प्रतिशत रोजगार तथा १० प्रतिशत वेरोजगार छन्। लैङ्गिक फरक समेत ध्यानमा राखी हेर्दा, युवा पुरुषहरु मध्ये ४७ प्रतिशत श्रमशक्तिमा रहेकोमा ३४ प्रतिशत रोजगार तथा १३ प्रतिशत वेरोजगार रहेका छन्। पुरुषको तुलनामा ज्यादै कम मात्र महिला युवाहरु श्रमशक्तिमा रहेका छन्। प्रदेश नं. २ का युवा महिला मध्ये १९ प्रतिशत मात्र श्रमशक्तिमा रहेका, ११ प्रतिशत रोजगार तथा ८ प्रतिशत वेरोजगार रहेका छन्।

## तालिका ८.५ : प्रदेश नं. २ मा युवा जनसङ्ख्या को श्रमशक्तिको स्थिति

| श्रमशक्तिको स्थिति (%) | प्रदेश नं. २ | | | नेपाल | | |
|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा |
| रोजगार | ३४.५ | १०.५ | २१.० | ३१.३ | १५.४ | २२.५ |
| वेरोजगार | १२.९ | ८.४ | १०.४ | ७.७ | ४.८ | ६.१ |
| श्रमशक्तिमा रहेका जम्मा | ४७.४ | १८.९ | ३१.४ | ३८.९ | २०.३ | २८.६ |
| श्रमशक्ति बाहिर रहेका | ५२.६ | ८१.१ | ६८.६ | ६१.१ | ७९.७ | ७१.४ |
| जम्मा जनसङ्ख्या (हजारमा) | ४८१ | ६०९ | १,०८९ | २,५३४ | ३,१२० | ५,६५३ |

**स्रोत:** केन्द्रीय तथ्याङ्क विभाग २०१९, नेपाल श्रमशक्ति सर्वेक्षण २०१७/०१८ बाट गणना गरिएको

# एकाइ ९ः अन्य महत्वपूर्ण प्रादेशिक सूचकहरु

यस एकाइमा प्रदेश नं. २ का जनताको पोषण स्थिति, केही रोगहरुको स्थिति तथा दिगो विकासका सूचकहरुको बारेमा चर्चा गरिएको छ ।

## ९.१ पोषण तथा रोगहरुको अवस्था

यस खण्डमा प्रदेश नं. २ को पोषण तथा केही रोगहरुको स्थिति उल्लेख गरिएको छ । तालिका ९.१ मा महिला, पुरुष तथा बालबालिकाहरुको पोषणको स्थिति प्रस्तुत गरिएको छ । शरीरको उचाई र तौलको आधारमा निकालिने BMI (Kg/Sq. m=) १८.५ देखि २४.९ सम्मको हुनुलाई सामान्य अवस्थाको तथा त्यो भन्दा कम हुनुलाई कम तौलको अवस्था र सो भन्दा बढी हुनुलाई अधिक तौलको अवस्था भनिन्छ । कम अथवा अधिक तौल हुने दुवै अवस्था सामान्य BMI भन्दा स्वास्थ्यको दृष्टिले बढी जोखिमको अवस्था भनी मानिन्छ । त्यसरी हेर्दा, प्रदेश नं. २ को १५-४९ उमेर समूहमा ३८ प्रतिशत पुरुष तथा ४० प्रतिशत महिलाको BMI सामान्य विस्तार (range) भन्दा बाहिर परेकोले तिनीहरु बढी स्वास्थ्य जोखिममा रहेको देखिन्छ । त्यसैगरी, नेपालको समग्र तथ्याङ्क हेर्दा, ३४ प्रतिशत पुरुष तथा ३९ प्रतिशत महिला बढी स्वास्थ्य जोखिममा रहेको देखिन्छ । प्रदेश नं. २ र नेपालको स्थितिमा त्यति धेरै अन्तर छैन ।

जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षणमा १५-४९ उमेर समुहका महिला तथा ६-५९ महिनाका बालबालिकाहरुमा रक्त-अल्पताको सूचना लिइएको थियो । रगतमा हेमोग्लो बिनको मात्रा १२ ग्राम प्रति डेसी लिटर (गर्भवती महिलाको ११ ग्राम प्रति डेसी लिटर) भन्दा कम हुने अवस्था रक्त-अल्पता हो । नेपालमा प्रजनन उमेरका ४१ प्रतिशत महिलामा कुनै न कुनै प्रकारको रक्त-अल्पता रहेको छ भने प्रदेश नं. २ मा यो स्थिति अझ नाजुक छ । यस प्रदेशमा ५८ प्रतिशत महिलामा कुनै न कुनै प्रकारको रक्त-अल्पता छ । त्यस्तै, नेपालका ५३ प्रतिशत बालबालिकाहरुमा रक्त-अल्पता छ भने यस प्रदेशका ५९ प्रतिशत बालबालिकाहरुमा रक्त-अल्पता छ ।

बालबालिकाहरुको कुपोषणको स्थितिले उनीहरुको जीवन पर्यन्त असर गर्ने भएकोले उनीहरुको पोषण स्थितिको छुट्टै विश्लेषण गर्ने गरिन्छ । सामान्यतया, पाँच वर्ष मुनिका बालबालिकाहरुको कुपोषणको स्थितिलाई तीन किसिमका सूचकहरुको आधारमा अध्ययन गरिन्छ, जस अन्तर्गत उमेर अनुसार उचाई कम भएका बालबालिका

(Stunted), उचाई अनुसार तौल कम भएका बालबालिका (Wasted) र उमेर अनुसार तौल कम भएका बालबालिका (Under–weight) पर्दछन् । यी तीनैवटा सूचकहरु तालिकामा देखाइएका छन् । प्रदेश नं. २ मा उमेर अनुसार उचाई कम भएका (Stunted) बालबालिकाको हिस्सा ३७ प्रतिशत छ, जुन नेपालको औसत (३६ प्रतिशत) कै हाराहारी हो । उचाई अनुसार तौल कम भएका बालबालिका (Wasted) को प्रतिशत राष्ट्रिय औसत १० प्रतिशत को तुलनामा प्रदेश नं. २ मा बढी १४ प्रतिशत छ । त्यस्तै, उमेर अनुसार तौल कम भएका (Under-weight) बालबालिका प्रदेश नं. २ मा ३७ प्रतिशत छन् भने समग्र नेपालमा २७ प्रतिशत छन् । समग्रमा, प्रदेश नं. २ मा नेपालको तुलनामा बालबालिकाहरुको पोषण स्थिति केही कमजोर देखिन्छ ।

नेपालमा प्रथम पटक जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षणमा वयस्कहरु (१५ वर्ष माथिका महिला तथा पुरुषहरु) को रक्तचाप परीक्षण गरिएको थियो । रक्तचाप परीक्षणबाट प्राप्त तथ्याङ्कको आधारमा प्रदेश नं. २ र नेपालमा उच्च रक्तचापको स्थिति तालिकामा देखाइएको छ । कुनै पनि व्यक्तिको रक्तचाप १३०/९० mm/Hg भन्दा बढी भएको अवस्थालाई यहाँ उच्च रक्तचाप भएको अवस्था मानिएको छ । प्रदेश नं. २ का महिला तथा पुरुषहरुमा उच्च रक्तचाप हुनेहरुको प्रतिशत नेपालको भन्दा अलि कम छ । महिलाहरुमध्ये प्रदेश नं. २ मा १३ प्रतिशत लाई उच्च रक्तचाप छ भने नेपालमा १८ प्रतिशतलाई छ । त्यस्तै, पुरुषहरुमध्ये प्रदेश नं. २ मा १८ प्रतिशत लाई तथा नेपालमा २३ प्रतिशत लाई उच्च रक्तचाप छ । उच्च रक्तचाप हुनु वर्तमान समयमा एक प्रमुख नसर्ने रोगको रुपमा देखा परेको छ ।

### तालिका ९.१ : प्रदेश नं. २ का केही महत्वपूर्ण स्वास्थ्य तथा पोषणका सूचकहरु

| सूचकहरू | प्रदेश नं. २ | | नेपाल | |
|---|---|---|---|---|
| | प्रतिशत | नमुना छनोटमा परेकाको सङ्ख्या | प्रतिशत | नमुना छनोटमा परेकाको सङ्ख्या |
| **BMI सामान्य विस्तार (Normal range) मा हुने** | | | | |
| पुरुष (१५-४९ वर्ष) | ६१.८ | ७९३ | ६६.२ | ४,०१३ |
| महिला (१५-४९ वर्ष) | ६०.१ | १,१७३ | ६०.६ | ६,०६९ |
| रक्त-अल्पता भएका | | | | |
| महिला (१५-४९ वर्ष) | ५७.८ | १,२८५ | ४०.८ | ६,४१४ |
| बालबालिका (६-५९ महिना) | ५९.४ | ६०५ | ५२.७ | २,१६५ |

| सूचकहरू | प्रदेश नं. २ | | नेपाल | |
|---|---|---|---|---|
| | प्रतिशत | नमुना छनोटमा परेकाको सङ्ख्या | प्रतिशत | नमुना छनोटमा परेकाको सङ्ख्या |
| **कुपोषण भएका (५ वर्ष मुनिका बालबालिकाहरू मध्ये)** | | | | |
| उमेर अनुसार उचाई कम भएका बालबालिका Stunted | ३७.० | ६६६ | ३६.० | २,४२१ |
| उचाई अनुसार तौल कम भएका बालबालिका Wasted | १४.४ | ६६६ | १०.० | २,४१७ |
| उमेर अनुसार तौल कम भएका बालबालिका Under-weight | ३६.८ | ६६८ | २७.० | २,४२८ |
| **उच्च रक्त चाप भएका** | | | | |
| पुरुष १५ वर्षमाथि | १७.६ | १,२७६ | २३.० | ६,०५९ |
| महिला १५ वर्षमाथि | १३.१ | १,६९९ | १६.८ | ८,४३५ |

**स्रोतः** नेपाल जनसङ्ख्या तथा स्वास्थ्य सर्वेक्षण २०१६

तालिका ९.२ मा प्रदेश नं. २ का विभिन्न जिल्लाहरुमा आ. व. २०७४-२०७५ मा पहिचान भएका विभिन्न रोगहरु लागेका मानिसहरुको सङ्ख्या प्रस्तुत गरिएको छ। यसमा HMIS (Health Management Information System) मा उल्लेख भएका मध्ये ६ वटा रोगहरु : एच. आइ. भी. पोजिटिव, टी. बी., कालाजार, हात्तीपाइले, डेंङ्गु, ट्रकोमा तथा कुष्ठ रोग सम्बन्धी तथ्याङ्क प्रस्तुत गरिएको छ। प्रदेश नं. २ मा एच. आइ. भी. पोजिटिभ तर्फ उल्लेखित वर्षमा १३३ जना नयाँ बिरामीको पहिचान भएको छ, जुन नेपालको कूल घटनाहरुको ६.६ प्रतिशत हो। प्रदेशभित्र महोत्तरीमा सबैभन्दा बढी (३९ घटनाहरु) भेटिएको तथा धनुषामा कुनै पनि घटना नभेटिएको पाइएको छ। टी.बी. को हकमा समग्र नेपालको करिब १८ प्रतिशत घटनाहरु प्रदेश नं. २ मा रहेको छ। साथै प्रदेश अन्तर्गत सबैभन्दा बढी घटनाहरु भएको बारा तथा सबैभन्दा कम भएको रौतहट जिल्ला रहेको छ।

नेपालमा भेटिएका जम्मा कालाजारको घटनाहरु मध्ये १४ प्रतिशत घटनाहरु प्रदेश नं. २ मा हुने गरेको पाइएको छ। खासगरी धनुषा र सर्लाही जिल्ला कालाजारको लागि बढी जोखिममा रहेको देखिएको छ। नेपालको उष्ण हावापानी भएको क्षेत्र हात्तीपाइले का लागि उपयुक्त मानिन्छ। जम्मा हात्तीपाइलेका घटनाहरु मध्ये १७ प्रतिशत घटनाहरु प्रदेश नं. २ मा भएको देखिन्छ। महोत्तरी र रौतहट जिल्ला यसको लागि सबैभन्दा

उर्वर देखिएको छ । जम्मा घटनाहरुमध्ये १७ प्रतिशत ओगट्ने डेंगु, प्रदेश नं. २ का ३ जिल्लाहरु: महोत्तरी, सर्लाही र बारामा मात्र रेकर्ड गरिएको छ । त्यस्तै, आँखाको समस्यामा हुने ट्रकोमा प्रदेश नं. २ को अंश सम्पूर्ण नेपालको संख्याको ११ प्रतिशत रहेको छ । ट्रकोमा प्रदेश नं. २ का सबै जिल्लाहरुमा भेटिए पनि सिराहा र धनुषामा अलि व्यापक रुपमा पाइएको छ । कुष्ठ रोगको हकमा नेपालमा हुने सबै घटनाहरुको ४० प्रतिशत हिस्सा प्रदेश नं. २ को रहेको छ। यो रोग प्रदेश नं. २ का सबै जिल्लाहरुमा भेटिएको भए पनि धनुषामा यसको व्यापकता सर्वाधिक रहेको छ। त्यस्तै, महोत्तरी र बारामा पनि यो रोग लाग्नेको सङ्ख्या अधिक रहेको छ ।

**तालिका ९.२: प्रदेश नं. २ मा आ.व. २०७४-२०७५ मा पहिचान भएका विभिन्न रोगहरु लागेका मानिसहरुको सङ्ख्या**

| जिल्ला | रोगको नाम | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | एच. आइ. भी. पोजिटिभ | टी. बी. | कालाजार | हात्तीपाइले | डेंगु | ट्रकोमा | कुष्ठरोग |
| सप्तरी | ७ | ४०६ | ० | ५ | ० | ५८ | ८८ |
| सिराहा | १४ | ५७४ | ७ | ३ | १ | १२० | ८८ |
| धनुषा | ० | ५९४ | १० | ७ | ० | १२२ | ५८४ |
| महोत्तरी | ३९ | ७४७ | ० | ६१ | १४३ | ५९ | १६४ |
| सर्लाही | २२ | ३०१ | १५ | १० | १० | १० | ५१ |
| रौतहट | २४ | २५८ | ० | ६१ | ० | ८७ | ५१ |
| बारा | ६ | ८३८ | १ | ० | १५ | ३५ | १६३ |
| पर्सा | २१ | ८२४ | ० | २४ | ० | ५५ | ९६ |
| प्रदेश नं. २ | १३३ | ४,५४२ | ३३ | १७१ | १६९ | ५४६ | १,२८५ |
| नेपाल | २०१३ | २५,८७५ | २३९ | ९३३ | ९८५ | ५,०२९ | ३,१८७ |
| प्रदेश नं. २ को अंश (%) | ६.६ | १७.६ | १३.८ | १८.३ | १७.२ | १०.९ | ४०.३ |

**Source:** Department of Health Services, HMIS Database 2074-2075; released on 18 April, 2019; retrieved from www.dohs.gov.np

## HIV/AIDS को अवस्था

विश्वमा एच.आइ.भी.एड्स (HIV/AIDS) सर्वप्रथम सन् १९८१ मा देखा परेको हो भने नेपालमा सन् १९८८ मा देखा परेको हो । HIV/AIDS को अवस्थाका मानिसहरु यस

प्रदेशका विभिन्न जिल्लाहरुमा वसोबास गरिरहेका छन् । एच. आइ. भी. पोजिटिभका नयाँ घटनाहरुको अलावा सो रोग लागिसकेपछि हाल उपचारको लागि एन्टी-रेट्रोभाइरल् थेरापी लिनेहरुको जिल्ला तहको वितरण चित्र ९.१ मा देखाइएको छ । राष्ट्रिय एड्स तथा यौनरोग नियन्त्रण केन्द्रबाट प्राप्त सन् २०१८ को डिसेम्बर महिनाको अन्त्यसम्मको तथ्याङ्कका अनूसार प्रदेश नं. २ का विभिन्न जिल्लाहरुमा रहेको अस्पतालबाट एन्टी-रेट्रोभाइरल् थेरापी लिनेहरु करिब २००० को संख्यामा रहेका छन् । उक्त संख्याको जिल्लागत वितरण हेर्दा सबै भन्दा बढी पर्सा जिल्लामा (करिब ३५ प्रतिशत) रहेका छन् भने सबै भन्दा कम बारा जिल्लामा (१.५ प्रतिशत) रहेका छन् ।

**चित्र ९.१: प्रदेश नं. २ का विभिन्न जिल्लाहरुमा रहेका अस्पतालहरुमा एन्टी-रेट्रो भाइरल थेरापी (ART) प्रयोग गर्नेहरुको अंश (प्रतिशत)**




**स्रोत:** www.ncasc.gov.np बाट उपलब्ध डिसेम्बर २०१८ सम्मको तथ्याङ्कमा आधारित

## ९.२ प्रदेश नं. २ मा दिगो विकास लक्ष्यका सूचकहरु

प्रदेश नं. २ का लागि दिगो विकास लक्ष्यका विभिन्न सूचकहरूसँग सम्बद्ध तथ्याङ्क परिशिष्ट तालिका ८ मा प्रस्तुत गरिएको छ । यसमा प्रदेश नं. २ तथा नेपालका लागि तय गरिएका विभिन्न सूचकहरुको मान समावेश गरिएको छ । विस्तृत विवरण सोही तालिकाबाट प्रष्ट हुन्छ ।

# एकाइ १०: मुख्य नतिजा तथा निष्कर्ष

नेपालको संविधान २०७२ का अनुसार गठन भएका तीन तहका सरकारहरु मध्ये प्रदेश तहमा गठन भएको प्रदेश नीति आयोगका लागि प्रदेश नं. २ अन्तर्गतका १३६ स्थानीय निकाय एवम् समग्र प्रदेशको विकासका योजना तथा क्रियाकलाप समुचित तवरबाट तथ्यमा आधारित भई अघि बढाउनका लागि सम्भव भएसम्म स्थानीय तह सम्मका जनसाङ्ख्यिक, सामाजिक-आर्थिक, स्वास्थ्य लगायतका विषयवस्तुहरुमा आधारित रही प्रदेशको समग्र जनसाङ्ख्यिक स्थिति झल्काउने यो प्रतिवेदन तयार पारिएको छ। यस प्रतिवेदनका लागि राष्ट्रिय जनगणना २०११ (वि.सं. २०६८), नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०१६ तथा नेपाल श्रमशक्ति सर्वेक्षण २०१७ लाई मुख्य तथ्याङ्कीय स्रोतको रुपमा लिइएको छ। यस प्रतिवेदनमा प्रदेश तथा स्थानीय तहका जनसङ्ख्याको गतिशीलता, प्रजनन तथा प्रजनन स्वास्थ्य, मरणशीलता, बसाईं सराई, जनसङ्ख्याको सामाजिक पक्षहरु, श्रमशक्ति र रोजगारी, युवाहरुको शिक्षा एवं स्वास्थ्य अवस्था तथा स्वास्थ्य एवं दिगो विकासका प्रमुख सूचकहरु लगायतका मुख्य शीर्षक अन्तर्गत प्रदेश नं. २ को वस्तुस्थिति प्रस्तुत गरिएको छ। राष्ट्रिय जनगणना २०११ का अनुसार यस प्रदेश को कूल जनसङ्ख्या ५४ लाख रहेको छ। सन् २००१-२०११ को अवधिमा प्रदेश नं. २ को जनसङ्ख्या वृद्धिदर १.६ प्रतिशत रहेको छ, जुन नेपालको औसत जनसङ्ख्या वृद्धिदर १.३५ प्रतिशत भन्दा बढी हो। यस प्रदेशमा रहेको रौतहट जिल्ला उक्त अवधिमा सबै भन्दा बढी जनसङ्ख्या वृद्धिदर (२.३१ प्रतिशत) रहेको जिल्ला हो। यस प्रदेशमा रहेका घरपरिवारमा राष्ट्रिय औसत भन्दा १ जना सदस्य बढी रहेको अवस्था छ।

प्रदेश नं. २ को जनसङ्ख्याको उमेर-लिङ्ग संरचनामा युवाहरुको हिस्सा ठूलो रहेको छ जसले युवा समूहलाई दक्ष जनशक्तिमा बदल्ने र प्रदेश विकासमा लगाउन सकिने अवसरको सङ्केत गर्दछ। यस प्रदेशमा रहेको १३६ स्थानीय तहहरुमध्ये १ लाख भन्दा माथि जनसङ्ख्या रहेको ५ वटा नगरपालिका रहेका छन्। साथै ५० हजार देखि १ लाख सम्म जनसङ्ख्या भएका २९ वटा स्थानीय तह रहेका छन्। त्यसैगरी १७ नगरपालिका तथा १३ गाउँपालिका उच्च जनघनत्व (जनसङ्ख्या प्रति व.कि.मि. १००० भन्दा बढी) हुने स्थानीय तह रहेका छन्। यस प्रदेशका धेरैजसो मानिसहरु नगरपालिका क्षेत्रमा वसोबास  गर्दछन्। यस प्रदेशमा महिला घरमूली रहेको अवस्था राष्ट्रिय रुपमा भन्दा

करिब आधा मात्र छन् । सन् २०१९ का लागि प्रक्षेपित जनसङ्ख्या ६१ लाख ५८ हजार ६४९ रहने अनुमान गरिएको छ । त्यसैगरी हाल रहेको क्रियाशील जनसङ्ख्या ५७ प्रतिशतबाट बढेर सन् २०३१ मा ६५.५ प्रतिशत पुग्ने अनुमान गरिएको छ । बुढ्यौली जनसङ्ख्या समेत क्रमश बढ्दै जाने देखिएको छ । प्रदेशका लागि यो अवसर तथा चुनौति दुवै हो । यसका लागि प्रदेशले बेलैमा रोजगारी सृजना गर्ने तथा बुढ्यौली जनसङ्ख्या व्यवस्थापन कार्यक्रम अघि बढाउनुपर्ने हुन्छ ।

यस प्रदेशका बहुसङ्ख्यक महिलाको विवाह कानुनले तोकेको न्युनतम उमेर भन्दा कम उमेरमै हुने गरेको अवस्था छ । नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण सन् २०१६ का अनुसार यस प्रदेशको किशोरावस्थाको प्रजनन दर तथा कूल प्रजनन दर समेत औसत नेपालको प्रजनन दर भन्दा बढी रहेको छ । अर्कोतर्फ, प्रजनन उमेर समूहका विवाहित महिला मध्ये करिब आधा जनसङ्ख्याले कुनै न कुनै प्रकारको गर्भ निरोधका साधन प्रयोग गर्दछन् भने कम उमेरका महिलाले प्रयोग गर्ने गर्भ निरोधका साधनको दर राष्ट्रिय औसतभन्दा कम रहेको पाइएको छ । यसले प्रजनन सम्बन्धी नीति बनाउदा १५-१९ उमेर समूहका महिलाहरुलाई विशेष ध्यान दिनुपर्ने अवस्थाको सङ्केत गर्दछ।

नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०१६ का अनुसार यस प्रदेशका अधिकांश महिलाहरुले नियमित तबरबाट गर्भवती भए देखि सुत्केरी भएको ४५ दिन भित्र सरकारले उपलब्ध गराएको निशुल्क स्वास्थ्य सेवाको उपयोग नगर्नं तथा अधिकांशबाट 'आवश्यक नपरेकोले' स्वास्थ्य संस्थामा गई सुत्केरी नगराएको भने कारण प्रस्तुत गर्नु, राष्ट्रिय स्तरमा भन्दा प्रदेश नं. २ मा शिशु मृत्युदर बढी हुनु, केही जिल्लाहरुमा औसत भन्दा कम औसत आयु हुनुका साथै ३ सन्तान आदर्श सन्तान हो भन्ने मान्यता रहनुबाट पनि यस प्रदेशका महिलाहरुका लागि थप प्रभावकारी प्रजनन स्वास्थ्य कार्यक्रम अपनाउनु पर्ने अवस्था देखाएको छ ।

राष्ट्रिय जनगणना २०११ का अनुसार प्रदेश नं. २ का प्रत्येक ५ घरपरिवार मध्ये १ घरपरिवारमा अनुपस्थित जनसङ्ख्या रहेको, सबै जिल्लाहरुमा खूद बसाईं सराई दर ऋणात्मक रहेको, साथै अन्य जिल्लामा जन्मी यस प्रदेशमा वसोबास गरिरहेका तथा विदेशमा जन्मी यस प्रदेशमा हालका दिनमा वसोबास गरिरहेका जनसङ्ख्या रहेकोले बसाइँसराई सम्बन्धी उचित नीति अवलम्बन गर्नं पर्ने देखिन्छ । जिल्लामा रहेको कूल

घरपरिवारहरु मध्ये अनुपस्थित जनसङ्ख्या हुने घरपरिवार धनुषा जिल्लामा सबैभन्दा बढी (२७ प्रतिशत) र पर्सा जिल्लामा सबैभन्दा कम (३.५ प्रतिशत) रहेका छन्।

यस प्रदेशका अधिकांश मानिसहरु ट्यूबवेलको पानी खानको लागि प्रयोग गर्ने तथा बहुसङ्ख्यक घरपरिवारले खाना पकाउनका लागि दाउरा, मट्टीतेल तथा अन्य स्रोत प्रयोग गर्ने गरेबाट स्वास्थ्य अवस्था थप जटिल हुन सक्ने हुँदा प्रदेश सरकार तथा स्थानीय तहले सरसफाईको अवस्था सुधार तर्फ उचित कार्यक्रम लागु गर्नुपर्ने देखिन्छ । त्यसैगरी प्रदेशको साक्षरता दर समग्र नेपालको भन्दा कम रहेको साथै विभिन्न शैक्षिक तहको भर्ना दरमा लैङ्गिक फरक समेत रहेकोले जिल्ला तथा स्थानीय तहमा यस तर्फ कार्यक्रम लागु गर्नपर्ने देखिएको छ ।

त्यसैगरी देशमा १२५ जातजातिहरुको वसोबास रहेकोमा यस प्रदेशमा ११९ जातजातिका मानिसहरु वसोबास गर्ने तथा उनीहरुले बोल्ने भाषा तथा धर्ममा समेत विविधता रहेकोले सामाजिक सद्भाव लक्षित कार्यक्रम लागु गर्नाले प्रदेशको सामाजिक क्षेत्रमा उल्लेख्य सुधार आउने देखिन्छ । गरीबीको दर यस प्रदेशमा उच्च रहेकोले गरीबी निवारण तर्फ लक्षित कार्यक्रम अपरिहार्य देखिन्छ । महिला विरुद्धका विभिन्न किसिमका हिंसाको भोगाई यस प्रदेशमा उच्च रहेकोबाट यस प्रदेशले यस्ता घटना हुन नदिन समेत महिला सशक्तिकरण गर्ने कार्ययोजना अघि बढाउनु पर्ने देखिन्छ । प्रदेशमा रहेको उल्लेख्य सङ्ख्याका अपाङ्ग मानिसहरुका लागि अपाङ्गतामैत्री प्रादेशिक कार्ययोजना बनाई लागु गर्नपर्ने देखिन्छ ।

यस प्रदेशमा रोजगारीमा रहेको जनसङ्ख्या १० मध्ये ४ जना मात्र रहनु तथा अधिकांश जनसङ्ख्या कृषिजन्य तथा सामान्य वा प्राथमिक पेशाहरुमा रहनु साथै महिला पुरुष बीच असमानता रहनुले यस प्रदेशले रोजगारीको क्षेत्रमा योजनावद्ध कार्य अघि बढाउनुपर्ने अवस्था देखाउँछ । युवा जनसङ्ख्याको शैक्षिक स्थितिमा कहिल्यै विद्यालय नगएका महिला बढी हुनु, विभिन्न शैक्षिक तहमा समेत महिला-पुरुष बीचको फरक उल्लेख्य रहेको देखिएकोले प्रादेशिक युवा कार्यक्रममा यस्ता बिषय समेट्नु पर्ने हुन आउछ । उच्च सङ्ख्यामा महिला तथा बालबालिका रक्त-अल्पतामा रहेका, बालबालिकामा कुपोषण (अति शीघ्र तथा दीर्घ) को अवस्था सघन पाइएको हुँदा प्रदेशले स्वास्थ्य सम्बन्धी नीति तर्जमा गर्दा यस्ता कुराहरुमा यथोचित ध्यान पुऱ्याउनु पर्ने देखिन्छ ।

समग्रमा यस जनसाङ्ख्यिक स्थिति प्रतिवेदनले समेटेका अध्ययन क्षेत्रहरुसँग सम्बद्ध विभिन्न सूचकहरुमध्ये केही सूचकहरुमा प्रदेश नं. २ को स्थिति नेपालकै औसतको अवस्थामा तथा अरु धेरै सूचकहरुमा प्रदेश नं. २ को स्थिति नेपालको औसतभन्दा केही कमजोर रहेको देखिन्छ । प्रदेश तहमा तय गरिने शिक्षा, मातृ स्वास्थ्य, गरीबी निवारण, महिला हिंसा, युवा, पोषण, बसाईं सराई जस्ता क्षेत्रका नीति तथा कार्यक्रम निर्माणमा यस प्रतिवेदनमा उल्लेखित तथ्याङ्क तथा सूचनाहरूले ठूलो महत्व राख्दछ । यस प्रतिवेदनले समेटेका तथ्यहरुमा आधारित भई योजना निर्माण एवं कार्यान्वयन गर्न सकेमा प्रादेशिक विकासमा ठूलो टेवा पुग्ने देखिन्छ ।

# सन्दर्भसूची


African Development Bank. 2012. *Labour Force Data Analysis: Guidelines with African Specificities.* Tunis, Tunisia: African Development Bank.

Centra Bureau of Statistics (CBS). 2014. *National Population and Housing Census 2011; General and Social Characteristics Tables, V0l 5 Part I.* Kathmandu Nepal: Centra Bureau of Statistics (CBS).

Centra Bureau of Statistics (CBS). 2014. *Population Monograph of Nepal Vol I, II and III.* Kathmandu: Central Bureau of Statistics (CBS).

Centra Bureau of Statistics (CBS). 2014. *National Population and Housing Census 2011; General and Social Characteristics Tables, Vol. 5 Part I.* Kathmandu Nepal: Centra Bureau of Statistics (CBS).

Centra Bureau of Statistics (CBS). 2014. *National Population and Housing Census 2011; Population Projection 2011-2031, Vol. 8.* Kathmandu Nepal: Centra Bureau of Statistics (CBS).

Centra Bureau of Statistics (CBS). 2012. *National Population and Housing Census 2011; National Report, Vol. 1.* Kathmandu Nepal: Centra Bureau of Statistics (CBS).

Centra Bureau of Statistics (CBS). 2019. *Nepal Labour Force Survey Report.* Kathmandu Nepal: Centra Bureau of Statistics (CBS).

National Planning Commission. 2014. *Nepal Human Development Report 2014.* Kathmandu Nepal: National Planning Commission.

Constitution Assembly Secretariat. 2015. *The Constitution of Nepal.* Singhdarbar, Kathmandu,Nepal: Constitution Assembly Secretariat.

KC, Bal Kumar. 2003. "Internal Migration in Nepal," *Population Monograph of Nepal Vol II.* Kathmandu: Central Bureau of Statistics (CBS).

Lauterbach.A.1997. "Employment, Unemployment and Underemployment: A Conceptual Reexamination," *American Journal of Economics and Sociology* 36(3): 283-298.

Ministry of Education, Science and Technology. 2017. *Education in Figures: At a Glance.* Kathmandu Nepal: Ministry of Education, Science and Technology.

Ministry of Health, Nepal; New ERA; and ICF. 2017. *Nepal Demographic and Health Survey 2016.* Kathmandu,Nepal: Ministry of Health, Nepal.

Ministry of Labour and Employment. 2018. *Labour Migration for Employment (Status Report for Nepal: 2015/16-2016/17.* Kathmandu Nepal: Ministry of Labour and Employment.

Ministry of Law and Justice (MOLJ). 2009. *Domestic Violence (Offence and Punishment) Act, 2066(2009).* Kathmandu, Nepal: Ministry of Law and Social Justice.

National Planning Commission (NPC). 2015. *Sustainable Development Goals, 2016-2030, National (Preliminary) Report.* Kathmandu: National Planning Commission, Government of Nepal.

United Nations Population Fund (UNFPA). 2004. *Programme of Action: Adopted at the International Conference on Population and Development, Cairo, Egypt 5-13 September, 1994.* New York: United Nations Population Fund.

United Nations. 1993. *Declaration on the Elimination of Violence against Women.* New York, USA: United Nations.

United Nations. 1993. *System of National Accounts 1993.* New York, USA: United Nations.

United Nations. 1995. *Beijing Declaration and Platform for Action at the Fourth World Conference on Women.* New York, USA: United Nations.

गाउँपालिका तथा नगरपालिकाको संक्षिप्त परिचय पुस्तिका २०७४. २०७४. संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

# परिशिष्ट तालिकाहरू

## परिशिष्ट तालिका १: प्रदेश नं. २ का जिल्लाहरुको २०१९ को लागि उमेर संरचना अनुसार प्रक्षेपित जनसङ्ख्या विवरण

### १.१ सप्तरी

| उमेर | जम्मा | पुरुष | महिला | लैङ्गिक अनुपात |
|---|---|---|---|---|
| **जम्मा जनसङ्ख्या** | **७,०३२,१९** | **३,४१,९०८** | **३,६१,३११** | **९४.६** |
| ०-४ | ७१,३११ | ३७,०५२ | ३४,२५९ | १०८.२ |
| ५-९ | ६७,१७८ | ३४,६८७ | ३२,४९१ | १०६.८ |
| १०-१४ | ६७,१५४ | ३४,४२७ | ३२,७२७ | १०५.२ |
| १५-१९ | ७४,९३५ | ३८,१७३ | ३६,७६३ | १०३.८ |
| २०-२४ | ७५,३७९ | ३७,५९० | ३७,७८९ | ९९.५ |
| २५-२९ | ६४,५२२ | ३०,३५४ | ३४,१६८ | ८८.८ |
| ३०-३४ | ५१,६९१ | २२,५१५ | २९,१७६ | ७७.२ |
| ३५-३९ | ४४,४६५ | १९,२९७ | २५,१६८ | ७६.७ |
| ४०-४४ | ३८,७४७ | १७,३०० | २१,४४७ | ८०.७ |
| ४५-४९ | ३३,८०९ | १५,५७४ | १८,२३४ | ८५.४ |
| ५०-५४ | २९,१७८ | १३,९०९ | १५,२६९ | ९१.१ |
| ५५-५९ | २४,२६७ | ११,८१९ | १२,४४८ | ९४.९ |
| ६०-६४ | १९,५६९ | ९,६५३ | ९,९१६ | ९७.४ |
| ६५-६९ | १५,६५२ | ७,६१४ | ८,०३८ | ९४.७ |
| ७०-७४ | ११,९१६ | ५,६५४ | ६,२६२ | ९०.३ |
| ७५-७९ | ८,१७० | ३,८३५ | ४,३३५ | ८८.५ |
| ८०+ | ५,२७६ | २,४५६ | २,८२० | ८७.१ |

**स्रोत:** केन्द्रीय तथ्याङ्क विभाग, २०१४, राष्ट्रिय जनगणना २०११ को प्रतिवेदन (भाग ८) जनसङ्ख्या प्रक्षेपण २०११-२०३१ बाट गणना गरिएको

## १.२. सिराहा

| उमेर | जम्मा | पुरुष | महिला | लैङ्गिक अनुपात |
|---|---|---|---|---|
| **जम्मा जनसङ्ख्या** | **६,९६,६५७** | **३,३१,०२६** | **३,६५,६३०** | **९०.५** |
| ०-४ | ७०,५४४ | ३५,८७७ | ३४,६६७ | १०३.५ |
| ५-९ | ६६,४५८ | ३३,५७९ | ३२,८७९ | १०२.१ |
| १०-१४ | ६६,४६५ | ३३,३५४ | ३३,१११ | १००.७ |
| १५-१९ | ७४,१७२ | ३६,९७६ | ३७,१९६ | ९९.४ |
| २०-२४ | ७४,६२९ | ३६,३८८ | ३८,२४१ | ९५.२ |
| २५-२९ | ६३,९४४ | २९,३६३ | ३४,५८० | ८४.९ |
| ३०-३४ | ५१,३१८ | २१,७९२ | २९,५२६ | ७३.८ |
| ३५-३९ | ४४,१५३ | १८,६८२ | २५,४७१ | ७३.३ |
| ४०-४४ | ३८,४५३ | १६,७४९ | २१,७०४ | ७७.२ |
| ४५-४९ | ३३,५३३ | १५,०७९ | १८,४५४ | ८१.७ |
| ५०-५४ | २८,९१८ | १३,४६५ | १५,४५३ | ८७.१ |
| ५५-५९ | २४,०४० | ११,४४१ | १२,५९९ | ९०.८ |
| ६०-६४ | १९,३८१ | ९,३४६ | १०,०३५ | ९३.१ |
| ६५-६९ | १५,५०६ | ७,३७१ | ८,१३५ | ९०.६ |
| ७०-७४ | ११,८१२ | ५,४७५ | ६,३३७ | ८६.४ |
| ७५-७९ | ८,१०१ | ३,७१४ | ४,३८७ | ८४.७ |
| ८०+ | ५,२३० | २,३७६ | २,८५४ | ८३.२ |

**स्रोत:** केन्द्रीय तथ्याङ्क विभाग, २०१४, राष्ट्रिय जनगणना २०११ को प्रतिवेदन (भाग ८) जनसङ्ख्या प्रक्षेपण २०११-२०३१ बाट गणना गरिएको

## १.३. धनुषा

| उमेर | जम्मा | पुरुष | महिला | लैङ्गिक अनुपात |
|---|---|---|---|---|
| **जम्मा जनसङ्ख्या** | **८,३२,७७२** | **४,१४,५७९** | **४,१८,१९४** | **९९.१** |
| ०-४ | ८४,५७९ | ४४,९२७ | ३९,६५२ | ११३.३ |
| ५-९ | ७९,६६६ | ४२,०६१ | ३७,६०५ | १११.८ |
| १०-१४ | ७९,६१६ | ४१,७३७ | ३७,८७८ | ११०.२ |

| उमेर | जम्मा | पुरुष | महिला | लैङ्गिक अनुपात |
|---|---|---|---|---|
| १५-१९ | ८८,८३० | ४६,२८१ | ४२,५४९ | १०८.८ |
| २०-२४ | ८९,३१९ | ४५,५८० | ४३,७३८ | १०४.२ |
| २५-२९ | ७६,३६१ | ३६,८१२ | ३९,५४९ | ९३.१ |
| ३०-३४ | ६१,०७२ | २७,३०२ | ३३,७७० | ८०.८ |
| ३५-३९ | ५२,५३० | २३,३९९ | २९,१३० | ८०.३ |
| ४०-४४ | ४५,८०१ | २०,९७७ | २४,८२३ | ८४.५ |
| ४५-४९ | ३९,९८९ | १८,८८४ | २१,१०६ | ८९.५ |
| ५०-५४ | ३४,५३९ | १६,८६५ | १७,६७३ | ९५.४ |
| ५५-५९ | २८,७४० | १४,३३२ | १४,४०८ | ९९.५ |
| ६०-६४ | २३,१८३ | ११,७०५ | ११,४७८ | १०२.० |
| ६५-६९ | १८,५३६ | ९,२३२ | ९,३०४ | ९९.२ |
| ७०-७४ | १४,१०४ | ६,८५६ | ७,२४८ | ९४.६ |
| ७५-७९ | ९,६६७ | ४,६४९ | ५,०१७ | ९२.७ |
| ८०+ | ६,२४१ | २,९७८ | ३,२६३ | ९१.३ |

**स्रोतः** केन्द्रीय तथ्याङ्क विभाग, २०१४, राष्ट्रिय जनगणना २०११ को प्रतिवेदन (भाग ८) जनसङ्ख्या प्रक्षेपण २०११-२०३१ बाट गणना गरिएको

## १.४. महोत्तरी

| उमेर | जम्मा | पुरुष | महिला | लैङ्गिक अनुपात |
|---|---|---|---|---|
| **जम्मा जनसङ्ख्या** | **७,००,८७१** | **३,४०,९५४** | **३,५९,९१६** | **९४.७** |
| ०-४ | ७१,०७० | ३६,९४८ | ३४,१२२ | १०८.३ |
| ५-९ | ६६,९५८ | ३४,५९१ | ३२,३६७ | १०६.९ |
| १०-१४ | ६६,९०३ | ३४,३२५ | ३२,५७८ | १०५.४ |
| १५-१९ | ७४,६६२ | ३८,०६२ | ३६,६०० | १०४.० |
| २०-२४ | ७५,१२८ | ३७,४८६ | ३७,६४२ | ९९.६ |
| २५-२९ | ६४,३२२ | ३०,२७५ | ३४,०४७ | ८८.९ |
| ३०-३४ | ५१,५२३ | २२,४५४ | २९,०६९ | ७७.२ |
| ३५-३९ | ४४,३२१ | १९,२४४ | २५,०७७ | ७६.७ |

| उमेर | जम्मा | पुरुष | महिला | लैङ्गिक अनुपात |
|---|---|---|---|---|
| ४०-४४ | ३८,६२१ | १७,२५२ | २१,३६९ | ८०.७ |
| ४५-४९ | ३३,६९९ | १५,५३० | १८,१७० | ८५.५ |
| ५०-५४ | २९,०८६ | १३,८७१ | १५,२१५ | ९१.२ |
| ५५-५९ | २४,१९२ | ११,७८६ | १२,४०५ | ९५.० |
| ६०-६४ | १९,५०७ | ९,६२७ | ९,८८० | ९७.४ |
| ६५-६९ | १५,६०० | ७,५९३ | ८,००८ | ९४.८ |
| ७०-७४ | ११,८७७ | ५,६३९ | ६,२३८ | ९०.४ |
| ७५-७९ | ८,१४१ | ३,८२४ | ४,३१८ | ८८.६ |
| ८०+ | ५,२६२ | २,४५० | २,८१२ | ८७.१ |

**स्रोतः** केन्द्रीय तथ्याङ्क विभाग, २०१४, राष्ट्रिय जनगणना २०११ को प्रतिवेदन (भाग ८) जनसङ्ख्या प्रक्षेपण २०११-२०३१ बाट गणना गरिएको

## १.५. सर्लाही

| उमेर | जम्मा | पुरुष | महिला | लैङ्गिक अनुपात |
|---|---|---|---|---|
| **जम्मा जनसङ्ख्या** | **८,८१,४१३** | **४,४९,०४७** | **४,३२,३६५** | **१०३.९** |
| ०-४ | ८९,६३९ | ४८,६४९ | ४०,९९० | ११८.७ |
| ५-९ | ८४,४५१ | ४५,५७० | ३८,८८२ | ११७.२ |
| १०-१४ | ८४,२७१ | ४५,१३७ | ३९,१३४ | ११५.३ |
| १५-१९ | ९४,०४० | ५०,०७२ | ४३,९६७ | ११३.९ |
| २०-२४ | ९४,६०४ | ४९,३८५ | ४५,२१८ | १०९.२ |
| २५-२९ | ८०,८५१ | ३९,९४९ | ४०,९०१ | ९७.७ |
| ३०-३४ | ६४,५१२ | २९,५९० | ३४,९२१ | ८४.७ |
| ३५-३९ | ५५,४७२ | २५,३४७ | ३०,१२६ | ८४.१ |
| ४०-४४ | ४८,३९४ | २२,७२३ | २५,६७१ | ८८.५ |
| ४५-४९ | ४२,२७९ | २०,४५२ | २१,८२७ | ९३.७ |
| ५०-५४ | ३६,५४८ | १८,२७१ | १८,२७७ | १००.० |
| ५५-५९ | ३०,४३१ | १५,५२९ | १४,९०३ | १०४.२ |
| ६०-६४ | २४,५४९ | १२,६८१ | ११,८६८ | १०६.८ |

| उमेर | जम्मा | पुरुष | महिला | लैङ्गिक अनुपात |
|---|---|---|---|---|
| ६५-६९ | १९,६२० | १०,००१ | ९,६२० | १०४.० |
| ७०-७४ | १४,९१९ | ७,४२५ | ७,४९४ | ९९.१ |
| ७५-७९ | १०,२२१ | ५,०३४ | ५,१८७ | ९७.० |
| ८०+ | ६,६११ | ३,२३२ | ३,३७९ | ९५.७ |

**स्रोत:** केन्द्रीय तथ्याङ्क विभाग, २०१४, राष्ट्रिय जनगणना २०११ को प्रतिवेदन (भाग ८) जनसङ्ख्या प्रक्षेपण २०११-२०३१ बाट गणना गरिएको

## १.६. रौतहट

| उमेर | जम्मा | पुरुष | महिला | लैङ्गिक अनुपात |
|---|---|---|---|---|
| **जम्मा जनसङ्ख्या** | **८,२६,६३५** | **४,२८,७५३** | **३,९७,८८२** | **१०७.८** |
| ०-४ | ८४,१४९ | ४६,४३७ | ३७,७१२ | १२३.१ |
| ५-९ | ७९,३०६ | ४३,५२३ | ३५,७८३ | १२१.६ |
| १०-१४ | ७८,९९४ | ४३,०२४ | ३५,९७० | ११९.६ |
| १५-१९ | ८८,१७४ | ४७,७५० | ४०,४२४ | ११८.१ |
| २०-२४ | ८८,७७८ | ४७,१६९ | ४१,६०९ | ११३.४ |
| २५-२९ | ७५,८८१ | ३८,२२४ | ३७,६५८ | १०१.५ |
| ३०-३४ | ६०,४२० | २८,२७३ | ३२,१४७ | ८८.० |
| ३५-३९ | ५१,९३९ | २४,२०४ | २७,७३६ | ८७.३ |
| ४०-४४ | ४५,३३२ | २१,६९९ | २३,६३३ | ९१.८ |
| ४५-४९ | ३९,६२२ | १९,५२६ | २०,०९६ | ९७.२ |
| ५०-५४ | ३४,२७६ | १७,४४९ | १६,८२८ | १०३.७ |
| ५५-५९ | २८,५५६ | १४,८३३ | १३,७२३ | १०८.१ |
| ६०-६४ | २३,०३७ | १२,१११ | १०,९२६ | ११०.८ |
| ६५-६९ | १८,४०४ | ९,५५१ | ८,८५३ | १०७.९ |
| ७०-७४ | १३,९८५ | ७,०८८ | ६,८९७ | १०२.८ |
| ७५-७९ | ९,५७६ | ४,८०३ | ४,७७३ | १००.६ |
| ८०+ | ६,२०६ | ३,०९२ | ३,११५ | ९९.३ |

**स्रोत:** केन्द्रीय तथ्याङ्क विभाग, २०१४, राष्ट्रिय जनगणना २०११ को प्रतिवेदन (भाग ८) जनसङ्ख्या प्रक्षेपण २०११-२०३१ बाट गणना गरिएको

## १.७. बारा

| उमेर | जम्मा | पुरुष | महिला | लैङ्गिक अनुपात |
|---|---|---|---|---|
| **जम्मा जनसङ्ख्या** | **८,१४,०८४** | **४,२१,६१२** | **३,९२,४७३** | **१०७.४** |
| ०-४ | ८२,८७० | ४५,६६८ | ३७,२०३ | १२२.८ |
| ५-९ | ७८,०८९ | ४२,७९४ | ३५,२९५ | १२१.२ |
| १०-१४ | ७७,८२६ | ४२,३२८ | ३५,४९८ | ११९.२ |
| १५-१९ | ८६,८६० | ४६,९७१ | ३९,८८९ | ११७.८ |
| २०-२४ | ८७,४२३ | ४६,३७९ | ४१,०४४ | ११३.० |
| २५-२९ | ७४,७०३ | ३७,५६४ | ३७,१३९ | १०१.१ |
| ३०-३४ | ५९,५०३ | २७,७९७ | ३१,७०६ | ८७.७ |
| ३५-३९ | ५१,१५४ | २३,८०० | २७,३५४ | ८७.० |
| ४०-४४ | ४४,६४५ | २१,३३७ | २३,३०८ | ९१.५ |
| ४५-४९ | ३९,०२१ | १९,२०२ | १९,८१९ | ९६.९ |
| ५०-५४ | ३३,७५३ | १७,१५७ | १६,५९६ | १०३.४ |
| ५५-५९ | २८,११७ | १४,५८४ | १३,५३३ | १०७.८ |
| ६०-६४ | २२,६८४ | ११,९०९ | १०,७७६ | ११०.५ |
| ६५-६९ | १८,१२३ | ९,३९१ | ८,७३२ | १०७.५ |
| ७०-७४ | १३,७७३ | ६,९७० | ६,८०३ | १०२.५ |
| ७५-७९ | ९,४३२ | ४,७२४ | ४,७०८ | १००.३ |
| ८०+ | ६,१०८ | ३,०३८ | ३,०७० | ९९.० |

**स्रोतः** केन्द्रीय तथ्याङ्क विभाग, २०१४, राष्ट्रिय जनगणना २०११ को प्रतिवेदन (भाग ८) जनसङ्ख्या प्रक्षेपण २०११-२०३१ बाट गणना गरिएको

## १.८. पर्सा

| उमेर | जम्मा | पुरुष | महिला | लैङ्गिक अनुपात |
|---|---|---|---|---|
| **जम्मा जनसङ्ख्या** | **७,०२,९९८** | **३,७२,०४१** | **३,३०,९५७** | **११२.४** |
| ०-४ | ७१,६७५ | ४०,३०० | ३१,३७५ | १२८.४ |
| ५-९ | ६७,५२४ | ३७,७६१ | २९,७६३ | १२६.९ |
| १०-१४ | ६७,३०९ | ३७,३५९ | २९,९५० | १२४.७ |

| उमेर | जम्मा | पुरुष | महिला | लैङ्गिक अनुपात |
|---|---|---|---|---|
| १५-१९ | ७५,१०५ | ४१,४५५ | ३३,६४९ | १२३.२ |
| २०-२४ | ७५,५३६ | ४०,९२४ | ३४,६१२ | ११८.२ |
| २५-२९ | ६४,४४९ | ३३,१३८ | ३१,३११ | १०५.८ |
| ३०-३४ | ५१,२५९ | २४,५२७ | २६,७३२ | ९१.७ |
| ३५-३९ | ४४,०६३ | २१,००१ | २३,०६१ | ९१.१ |
| ४०-४४ | ३८,४७९ | १८,८२८ | १९,६५१ | ९५.८ |
| ४५-४९ | ३३,६५४ | १६,९४४ | १६,७१० | १०१.४ |
| ५०-५४ | २९,१३२ | १५,१४० | १३,९९२ | १०८.२ |
| ५५-५९ | २४,२७७ | १२,८६९ | ११,४०८ | ११२.८ |
| ६०-६४ | १९,५९३ | १०,५०८ | ९,०८५ | ११५.७ |
| ६५-६९ | १५,६५० | ८,२८६ | ७,३६४ | ११२.५ |
| ७०-७४ | ११,८८८ | ६,१५१ | ५,७३६ | १०७.२ |
| ७५-७९ | ८,१४० | ४,१६९ | ३,९७१ | १०५.० |
| ८०+ | ५,२६७ | २,६८० | २,५८७ | १०३.६ |

**स्रोतः** केन्द्रीय तथ्याङ्क विभाग, २०१४, राष्ट्रिय जनगणना २०११ को प्रतिवेदन (भाग ८) जनसङ्ख्या प्रक्षेपण २०११-२०३१ बाट गणना गरिएको

## परिशिष्ट तालिका २: स्थानीय तहको सन् २०११ को जनसङ्ख्या, जनघनत्व (प्रति ब. कि. मी.) तथा मध्यम स्तरको अनुमान अनुसारको प्रक्षेपित जनसङ्ख्याको विवरण

## २.१: सप्तरी

| स्थानीय तह | गा. पा./ न. पा. | जनसङ्ख्या | जनघनत्व | प्रक्षेपित जनसङ्ख्या | | |
|---|---|---|---|---|---|---|
| | | | | २०१६ | २०१९ | २०२१ |
| **जम्मा जनसङ्ख्या** | | **६,३९,२८४** | | **६,७९,५४८** | **७,०३,२१९** | **७,१९,०००** |
| अग्नीसाइ र कृष्णा सरवन | गा. पा. | २७,१२९ | २६३ | २८,८३८ | २९,८४२ | ३०,५१२ |
| कन्चनरुप | न. पा. | ५३,२८८ | ४५४ | ५६,६४४ | ५८,६१७ | ५९,९३३ |
| खडक | न. पा. | ४५,३६८ | ४६९ | ४८,२२५ | ४९,९०५ | ५१,०२५ |
| छिन्नमस्ता | गा. पा. | २८,३९० | ७३३ | ३०,१७८ | ३१,२२९ | ३१,९३० |
| डाक्नेश्वरी | न. पा. | ४२,७५४ | ६१९ | ४५,४४७ | ४७,०३० | ४८,०८५ |

| स्थानीय तह | गा. पा./ न. पा. | जनसङ्ख्या | जनघनत्व | प्रक्षेपित जनसङ्ख्या | | |
|---|---|---|---|---|---|---|
| | | | | २०१६ | २०१९ | २०२१ |
| तिरहुत | गा. पा. | २२,०१० | ५८२ | २३,३९६ | २४,२११ | २४,७५५ |
| तिलाठीकोइलाडी | गा. पा. | ३१,७३५ | ९६४ | ३३,७३४ | ३४,९०९ | ३५,६९२ |
| बलान-विहुल | गा. पा. | २१,८१९ | ६६० | २३,१९३ | २४,००१ | २४,५४० |
| राजगढ़ | गा. पा. | २९,४५९ | ६१५ | ३१,३१४ | ३२,४०५ | ३३,१३२ |
| बोदेबरसाइन् | न. पा. | ४३,२२९ | ७३४ | ४५,९५२ | ४७,५५२ | ४८,६१९ |
| महादेवा | गा. पा. | २८,५४२ | ८१६ | ३०,३४० | ३१,३९७ | ३२,१०१ |
| राजविराज | न. पा. | ६८,३९६ | १,३१५ | ७२,७०४ | ७५,२३६ | ७६,९२५ |
| रुपनी | गा. पा. | २६,३८७ | ४७१ | २८,०४९ | २९,०२६ | २९,६७७ |
| विष्णुपुर | गा. पा. | २३,०३८ | ६२९ | २४,४८९ | २५,३४२ | २५,९११ |
| शम्भुनाथ | न. पा. | ३५,२१३ | ३२४ | ३७,४३१ | ३८,७३५ | ३९,६०४ |
| शाप्तकोशी | न. पा. | २१,१३१ | ३५१ | २२,४६२ | २३,२४४ | २३,७६६ |
| सुरुङ्गा | न. पा. | ४४,२२२ | ४१३ | ४७,००७ | ४८,६४५ | ४९,७३६ |
| हनुमान नगर कंकालिनी | न. पा. | ४५,७३४ | ३८७ | ४८,६१४ | ५०,३०८ | ५१,४३७ |

**स्रोतः** केन्द्रीय तथ्याङ्क विभाग २०१४, राष्ट्रिय जनगणना २०११ को प्रतिवेदन (भाग ८), जनसङ्ख्या प्रक्षेपण २०११-२०३१ तथा गाउँपालिका तथा नगरपालिकाको संक्षिप्त परिचय पुस्तिका २०७४ (२०७४); संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट गणना गरिएको

## २.२: सिरहा

| स्थानीय तह | गा. पा./ न. पा. | जनसङ्ख्या | जनघनत्व | प्रक्षेपित जनसङ्ख्या | | |
|---|---|---|---|---|---|---|
| | | | | २०१६ | २०१९ | २०२१ |
| **जम्मा जनसङ्ख्या** | | **६,३७,३२८** | **६,७४,९२३** | **६,९६,६५७** | **७,११,१४६** | **७,११,१४६** |
| अर्नमा | गा. पा. | २२,९१२ | ६०७ | २४,२६४ | २५,०४५ | २५,५६६ |
| औरही | गा. पा. | २३,०४६ | ६४२ | २४,४०५ | २५,१९१ | २५,७१५ |
| कर्जन्हा | न. पा. | ३०,९६७ | ४०३ | ३२,७९४ | ३३,८५० | ३४,५५४ |
| कल्याणपुर | न. पा. | ४९,२९० | ६४२ | ५२,१९८ | ५३,८७८ | ५४,९९९ |
| गोलबजार | न. पा. | ५२,१३७ | ४६६ | ५५,२१२ | ५६,९९० | ५८,१७६ |
| धनगढ़ीमाई | न. पा. | ४७,४४९ | २९७ | ५०,२४८ | ५१,८६६ | ५२,९४५ |
| नरहा | गा. पा. | १९,३६९ | ६६२ | २०,५१२ | २१,१७२ | २१,६१२ |
| नवराजपुर | गा. पा. | १९,०१९ | ५९१ | २०,१४१ | २०,७८९ | २१,२२२ |

| स्थानीय तह | गा. पा./ न. पा. | जनसङ्ख्या | जनघनत्व | प्रक्षेपित जनसङ्ख्या | | |
|---|---|---|---|---|---|---|
| | | | | २०१६ | २०१९ | २०२१ |
| बरियापट्टी | गा. पा. | २५,२५६ | ६७० | २६,७४६ | २७,६०७ | २८,१८१ |
| भगवानपुर | गा. पा. | २०,९५७ | ६३४ | २२,१९३ | २२,९०८ | २३,३८४ |
| मिर्चैया | न. पा. | ४८,९११ | ५३२ | ५१,७९६ | ५३,४६४ | ५४,५७६ |
| लक्ष्मीपुरपतारी | गा. पा. | २८,०५४ | ६६३ | २९,७०९ | ३०,६६६ | ३१,३०३ |
| लहान | न. पा. | ९१,७६६ | ५४९ | ९७,१७९ | १,००,३०८ | १०२,३९५ |
| विष्णुपुर | गा. पा. | १८,५२२ | ७०३ | १९,६१५ | २०,२४६ | २०,६६७ |
| सखुवानान्करकट्टी | गा. पा. | १८,५५८ | ५६५ | १९,६५३ | २०,२८६ | २०,७०७ |
| सिरहा | न. पा. | ८२,५३१ | ८७६ | ८७,३९९ | ९०,२१४ | ९२,०९० |
| सुखीपुर | न. पा. | ३६,८८३ | ६७३ | ३९,०५९ | ४०,३१६ | ४१,१५५ |

